# प्रदेश राजपत्र

मधेश प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड८) जनकपुरधाम, नेपाल, मंसिर १९ गते, २०८१ साल(अतिरिक्ताङ्क ७

भाग १

मधेश प्रदेश सरकार

गृह,सञ्चार तथा कानुन मन्त्रालय

मधेश प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०८१

सम्वत् २०८१ सालको ऐन नम्बर ०७

## मधेश प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन

**प्रस्तावनाः** नागरिकलाई सरल एवं सुलभ यातायात सुविधा उपलब्ध गराउन, यातायातसेवालाई सुदृढ, सक्षम तथा

मधेश प्रदेश सरकार
कानुन तथा कानुन मन्त्रालय
जनकपुरधाम, नेपाल



प्रभावकारी बनाउन, सवारी दुर्घटनाको रोकथाम गर्न, दुर्घटनाबाट पीडित पक्षलाई क्षतिपूर्ति दिलाउन, बीमा व्यवस्था गर्न तथा सवारी साधन कर सम्बन्धी प्रणालीलाई कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकाले,

मधेश प्रदेश सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद -१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "मधेश प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०८१ " रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अधिकार प्राप्त अधिकारी" भन्नाले यातायात व्यवस्था कार्यालय, यातायात व्यवस्था सेवा कार्यालय र यस ऐन अन्तर्गत कार्यालयका प्रमुख सम्झनु पर्छ ।

(ख) "कर" भन्नाले प्रचलित कानून बमोजिमको सवारी साधन कर सम्झनु पर्छ ।

(ग) "करदाता" भन्नाले यो ऐन वा प्रचलित कानून बमोजिम कर तिर्नु पर्ने कर्तव्य भएको व्यक्ति सम्झनु पर्छ ।

(घ) "कार्यालय" भन्नाले यातायात व्यवस्था कार्यालय, यातायात व्यवस्था सेवा कार्यालय र यस ऐन अन्तर्गतका अन्य कार्यालयलाई सम्झनु पर्छ ।

(ङ) "कुटनीतिक सुविधा प्राप्त सवारी" भन्नाले दफा १६ बमोजिमको सवारी सम्झनु पर्छ ।

(च) "गैरव्यावसायिक सवारी" भन्नाले दफा १३ बमोजिमको सवारी सम्झनु पर्छ ।

(छ) "छोटोमार्ग" भन्नाले यात्राको लागि प्रस्थान गर्ने स्थानबाट पच्चीस

मधेश प्रदेश सरकार
उद्योग तथा कानून मन्त्रालय
जनकपुरधाम, नेपाल

किलोमिटर देखि एक सय किलोमिटर दुरीसम्मको गन्तव्य स्थानसम्म पुग्ने मार्ग सम्झनु पर्छ ।

(ज) "जाँचपास" भन्नाले सार्वजनिक सवारीको यान्त्रिक स्थितिको परीक्षण गरी दिइएको प्रमाणपत्र सम्झनु पर्छ ।

(झ) "ट्राफिक सङ्केत" भन्नाले सवारीको नियन्त्रण वा निर्देशनका लागि लिखित वा साङ्केतिक रूपमा टाँसेको, राखेको वा जडान गरिएको सूचना, सङ्केत वा ईशारा सम्झनु पर्छ र सो शब्दले प्रहरी वा एक सवारी चालकले अर्को सवारी चालकलाई दिएको सूचना, सङ्केत वा ईशारा समेतलाई जनाउँछ ।

(ञ) "ठूला सवारी" भन्नाले दफा ३ बमोजिमको सवारी सम्झनु पर्छ।

मधेश प्रदेश सरकार
गृह संचार तथा कानुन मन्त्रालय
जनकपुरधाम, नेपाल



(ट) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी जारी गरिएको आदेशमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ठ) "नम्बर प्लेट" भन्नाले सवारी साधनको अगाडि र पछाडि राखिने नम्बर प्लेट वा ईम्बोस्ड नम्बर प्लेट सम्झनु पर्छ।

(ड) "पर्यटक सवारी" भन्नाले दफा १२ बमोजिमको सवारी सम्झनु पर्छ।

(ढ) "प्रदूषण" भन्नाले सवारीबाट निस्कने ध्वनी, धुवाँ तथा अन्य प्रदूषण सम्झनु पर्छ ।

(ण) "प्रदेश" भन्नाले मधेश प्रदेश सम्झनु पर्छ ।

(त) "परिचालक" भन्नाले दफा ७२ बमोजिम परिचालक अनुमतिपत्र प्राप्त

मधेश प्रदेश सरकार
गृह, संचार तथा कानून मन्त्रालय
जनकपुरधाम, नेपाल



व्यक्ति र सो शब्दले सवारीमा काम गर्ने सहयोगी समेतलाई जनाउँछ ।

(थ) "परीक्षा समिति" भन्नाले दफा १८६ बमोजिम गठित परीक्षा समिति सम्झनु पर्छ ।

(द) "प्रशिक्षण केन्द्र" भन्नाले दफा १८७ बमोजिमको मान्यता प्राप्त सवारी चालक प्रशिक्षण केन्द्र सम्झनु पर्छ।

(ध) "पार्किङ स्थल" भन्नाले सवारी राख्न निर्धारण गरेको स्थल सम्झनु पर्छ।

(न) "बिसौनी" भन्नाले यात्री बाहक सार्वजनिक सवारीमा यात्रीलाई यात्रा गर्ने प्रयोजनको लागि चढ्न र ओर्लन निर्धारण गरिएको स्थल सम्झनु पर्छ।

(प) "बीमा" भन्नाले सवारी, यात्री, मालसामान, चालक, परिचालक, सुरक्षाकर्मी, सवारीमा काम गर्ने कर्मचारी तथा तेस्रो पक्षको

मधेश प्रदेश सरकार
गृह, संचार तथा कानुन मन्त्रालय
जनकपुरधाम, नेपाल



सम्बन्धमा सवारी धनी वा व्यवस्थापकले गर्नु पर्ने बीमा सम्झनु पर्छ र सो शब्दले तत्सम्बन्धमा गरिने समग्र (कम्प्रिहेन्सिभ) बीमालाई समेत जनाउँछ ।

(फ) "भाडा" भन्नाले सार्वजनिक सवारीले यातायात सेवा प्रदान गरे बापत लिने रकम वा शुल्क सम्झनु पर्छ ।

(ब) "मन्त्रालय" भन्नाले यातायात व्यवस्था हेर्ने मन्त्रालय सम्झनु पर्छ ।

(भ) "मझौला सवारी" भन्नाले दफा ४ बमोजिमको सवारी सम्झनु पर्छ।

(म) "मध्यम मार्ग" भन्नाले यात्राको लागि प्रस्थान गर्ने स्थानबाट एक सय किलोमिटरभन्दा बढी दुई सय पचास किलोमिटरभन्दा कम दुरीको गन्तव्य स्थानसम्म पुग्ने मार्ग सम्झनु पर्छ ।

मधेश प्रदेश सरकार
गृह, संचार तथा कानून मन्त्रालय
जनकपुरधाम, नेपाल



(य) "मार्ग इजाजतपत्र" भन्नाले स्वीकृत मार्गमा सवारी चलाउन दफा ८९ बमोजिम प्राप्त इजाजतपत्र सम्झनु पर्छ ।

(र) "मार्ग" भन्नाले सार्वजनिक सवारी चलाउनलाई निर्धारित मार्ग सम्झनु पर्छ ।

(ल) "मालबाहक सवारी" भन्नाले मालसामान ओसारपसार गर्ने काममा प्रयोग गरिने सार्वजनिक सवारी सम्झनु पर्छ ।

(व) "मालसामान" भन्नाले व्यक्ति बाहेक सार्वजनिक सवारीमा ओसारपसार गरिने जनावर, पंक्षी वा कुनै निर्जीव वस्तु सम्झनु पर्छ ।

(श) "यात्री" भन्नाले सार्वजनिक सवारीमा यात्रा गर्ने व्यक्ति सम्झनु पर्छ ।

(ष) "यात्रीबाहक सवारी" भन्नाले यात्रीलाई यातायातसेवा प्रदान गर्ने सार्वजनिक सवारी सम्झनु पर्छ।

मधेश प्रदेश सरकार
गृह विचार तथा कानुन मन्त्रालय
जनकपुरधाम, नेपाल

(स) "यातायातसेवा" भन्नाले सार्वजनिक सवारीले भाडा लिई एक ठाउँबाट अर्को ठाउँसम्म यात्री वा मालसामान ओसारपसार गर्ने कार्य सम्झनु पर्छ ।

(ह) "यात्री गुण्टा" भन्नाले यात्रीले आफ्नो साथमा लिई यात्रा गर्ने व्यक्तिगत प्रयोजनका मालसामान सम्झनु पर्छ ।

(त्र) "यातायात व्यवस्थापन समिति" भन्नाले दफा १८५ बमोजिम गठित यातायात व्यवस्थापन समिति सम्झनु पर्छ ।

(ज्ञ) "यातायात निरीक्षक" भन्नाले मन्त्रालय वा कार्यालयबाट सवारी साधनको चेकजाँच वा निरीक्षण गर्न खटिएको सरकारी कर्मचारी सम्झनु पर्छ ।

(क१) "रुपान्तरण" भन्नाले डिजेल, पेट्रोल, ग्याँसबाट सञ्चालन हुने सवारी

गौ सरकार प्रदेश सरकार तथा कानून मन्त्रालय जनकपुरधाम, नेपाल



साधनलाई विद्युतीय र डिजेल, पेट्रोलबाट सञ्चालन हुनेलाई ग्याँस वा हाईब्रिड वातावरणमैत्री सवारी साधनमा रुपान्तरण भन्ने सम्झनु पर्छ ।

(क२) "लामोमार्ग" भन्नाले यात्राको लागि प्रस्थान गर्ने स्थानबाट दुई सय पचास किलोमिटरभन्दा बढी दुरीको गन्तव्य स्थानसम्म पुग्ने मार्ग सम्झनु पर्छ ।

(क३) "व्यवस्थापक" भन्नाले पञ्जीकृत यातायात सेवामा संलग्न सार्वजनिक सवारीलाई व्यवस्थित रूपमा सञ्चालन गर्ने जिम्मा लिएको व्यक्ति सम्झनु पर्छ ।

(क४) "वातावरणमैत्री सवारी साधन" भन्नाले वैकल्पिक वा नवीकरणीय उर्जाबाट सञ्चालन हुने वा प्रदेश सरकारले वातावरणमैत्री भनी

तोकिएको सवारी साधन सम्झनु पर्छ ।

(क५) "विद्युतीय सवारी साधन" भन्नाले विद्युत, सोलार वा ब्याट्रीबाट सञ्चालन हुने सवारी साधन सम्झनु पर्छ ।

(क६) "सवारी" भन्नाले निजी, सार्वजनिक यात्रीबाहक, मालबाहक वा ढुवानीका सवारी साधनलाई समेत सम्झनु पर्दछ ।

(क७) "सवारी चालक अनुमतिपत्र" भन्नाले दफा ५३ बमोजिम अधिकार प्राप्त अधिकारीले दिएको सवारी चालक अनुमतिपत्र सम्झनु पर्छ ।

(क८) "सवारी चालक" भन्नाले सवारी चालक अनुमतिपत्र प्राप्त व्यक्ति सम्झनु पर्छ।

(क९) "सवारी दर्ता प्रमाणपत्र" भन्नाले दफा २१ बमोजिमको प्रमाणपत्र सम्झनु पर्छ।

मधेश प्रदेश सरकार गृह सञ्चार तथा कानून मन्त्रालय जनकपुरधाम नेपाल

(क१०)"सवारीको वजन" भन्नाले सवारी मेसिनरी सहितको कूल वजन सम्झनु पर्छ र सो शब्दले सवारीको कूल भार वहन क्षमतालाई समेत जनाउँछ ।

(क११)"सरकारी सवारी" भन्नाले दफा १४ बमोजिमको सवारी सम्झनु पर्छ।

(क१२)"संस्थानको सवारी" भन्नाले दफा १५ बमोजिमको सवारी सम्झनु पर्छ।

(क१३)"सवारी धनी" भन्नाले सवारी दर्ताको प्रमाणपत्रमा उल्लिखित व्यक्ति, फर्म, कम्पनी वा संगठित संस्था सम्झनु पर्छ।

(क१४)"साना सवारी" भन्नाले दफा ५ बमोजिमको सवारी सम्झनु पर्छ।

(क१५)"सार्वजनिक सवारी" भन्नाले यातायात सेवामा प्रयोग गरिने व्यावसायिक सवारी सम्झनु पर्छ।

(क१६)"सार्वजनिक स्थान" भन्नाले प्रदेश भित्रको सार्वजनिक सडक, पेटी, गल्ली, नदी, पुल, मार्ग वा सर्वसाधारण आउने, जाने, बस्ने ठाउँ सम्झनु पर्छ र सो शब्दले यात्री चढ्ने, उत्रने वा सवारी राख्ने निर्धारित ठाउँलाई समेत जनाउँछ।

(क१७)"स्थानीय मार्ग" भन्नाले यात्राको प्रस्थान गर्ने स्थानबाट पच्चीस किलोमिटरभन्दा कम दुरीको गन्तव्य स्थानसम्मको मार्ग सम्झनु पर्छ ।

(क१८)"स्थानीय सवारी" भन्नाले स्थानीय मार्गमा व्यक्ति वा सामान ओसार्ने वा तान्ने र कम गतिमा सञ्चालन हुने यान्त्रिक, विद्युतीय, मानवीय तथा जैविक शक्तिबाट सञ्चालन हुने सवारी साधन सम्झनु पर्छ ।

मधेश प्रदेश सरकार
गृह सञ्चार तथा कानुन मन्त्रालय
जनकपुरधाम, नेपाल

(क१९)"क्षेत्र" भन्नाले यातायात व्यवस्था कार्यालयको क्षेत्राधिकारभित्र पर्ने गरी तोकिएको क्षेत्र सम्झनु पर्छ ।

## परिच्छेद -२

## सवारीको वर्गीकरण

३. **ठूला सवारीः** दश टनभन्दा बढी वजन (ग्रस भेहिकल वेट) भएको अनुसूची-१ को खण्ड (क) मा उल्लिखित यात्री, मालसामान ढुवानी गर्ने सवारी एवं ट्रेलर सवारीलाई ठूला सवारी भनिनेछ ।

४. **मझौला सवारीः** चार टनदेखि दश टनसम्म वजन (ग्रस भेहिकल वेट) भएको अनुसूची-१ को खण्ड (ख) मा उल्लिखित यात्री, मालसामान ढुवानी गर्ने सवारी एवं ट्रेलर सवारीलाई मझौला सवारी भनिनेछ ।

५. **साना सवारीः** चार टनभन्दा कम वजन (ग्रस भेहिकल वेट) भएको अनुसूची-१ को खण्ड (ग) मा उल्लिखित यात्री, मालसमान ढुवानी गर्ने सवारी वा ट्रेलर सवारीलाई साना सवारी भनिनेछ ।

६. **दुई पाङ्ग्रे सवारीः** यान्त्रिक वा विद्युतीय शक्तिबाट चल्ने अनुसूची-१ को खण्ड (घ) मा उल्लिखित सवारीलाई दुई पाङ्ग्रे सवारी भनिनेछ।

७. **तीन पाङ्ग्रे सवारीः** यान्त्रिक वा विद्युतीय शक्तिबाट चल्ने अनुसूची-१ को खण्ड (ङ) मा उल्लिखित सवारीलाई तीन पाङ्ग्रे सवारी भनिनेछ ।

८. **निर्माण उपकरण सवारीः** अनुसूची-१ को खण्ड (च) मा उल्लिखित सवारीलाई निर्माण उपकरण सवारी भनिनेछ ।

९. **अफरोड सवारीः** अगाडि र पछाडि एक्सेल भएको फोर ह्विलर तथा लकिङ सिस्टमयुक्त कम्तीमा पच्चीस प्रतिशत ग्रेडियन्ट (उकालो) मा चल्न सक्ने सवारीलाई अफरोड सवारी भनिनेछ ।

१०. **विशेष सवारीः** बारुण यन्त्र, एम्बुलेन्स, ट्याङ्कर, आर्म्ड बुलेट प्रुफ जस्ता विशेष किसिमका सेवा दिने सवारीलाई विशेष सवारी भनिनेछ ।

११. **सार्वजनिक सवारीः** (१) सार्वजनिक यातायात सेवा सञ्चालन गर्न इजाजतपत्र प्राप्त सवारीलाई सार्वजनिक सवारी भनिनेछ ।

मधेश प्रदेश सरकार
गृह सञ्चार तथा कानून मन्त्रालय
जनकपुरधाम, नेपाल



(२) सार्वजनिक सवारीलाई यात्रीबाहक र मालबाहक गरी विभाजन गरिनेछ ।

(३) यात्रीबाहक सार्वजनिक सवारीलाई दिवा तथा रात्री सेवामा विभाजन गरी देहायका श्रेणीमा छुटयाई यातायात सेवा सञ्चालन गर्ने इजाजतपत्र दिन सकिनेछः-

(क) सिधै (डाइरेक्ट) सेवा,

(ख) द्रुत (एक्सप्रेस) सेवा,

(ग) स्थानीय (लोकल) सेवा ।

(४) उपदफा (३) बमोजिम विभाजन गरिएका यात्रीबाहक सार्वजनिक सवारीको स्तर, गति तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(५) सार्वजनिक सवारी पहिचानको लागि सो सवारीको अगाडि तथा पछाडि अनुसूची-२ को खण्ड (क) बमोजिमको नम्बर प्लेट वा तोकिए बमोजिमको इम्बोस्ड नम्बर प्लेट राख्नु पर्नेछ ।

१२. <u>पर्यटक सवारीः</u> (१) पर्यटकलाई यातायात सेवा प्रदान गर्ने इजाजतपत्र प्राप्त सार्वजनिक सवारीलाई पर्यटक सवारी भनिनेछ ।

(२) पर्यटक सवारीको पहिचानको लागि सवारीको अगाडि तथा पछाडि अनुसूची-२ को खण्ड (ख) बमोजिमको नम्बर प्लेट वा तोकिए बमोजिमको इम्बोस्ड नम्बर प्लेट राख्नु पर्नेछ ।

१३. <u>गैरव्यवसायिक सवारी:</u> (१) निजी प्रयोजनका लागि दर्ता प्रमाणपत्र प्राप्त सवारीलाई गैरव्यवसायिक सवारी भनिनेछ ।

(२) गैरव्यवसायिक सवारी व्यवसायिक रूपमा यातायात सेवाको लागि प्रयोग गर्न पाइने छैन ।

(३) गैरव्यावसायिक सवारीको पहिचानको लागि सो सवारीको अगाडि तथा पछाडि अनुसूची-२ को खण्ड (ग) बमोजिमको नम्बर प्लेट वा तोकिए बमोजिमको इम्बोस्ड नम्बर प्लेट राख्नु पर्नेछ ।

(४) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि निजी प्रयोजनका लागि दर्ता प्रमाणपत्र प्राप्त दुई पाङ्ग्रे वा चार पाङ्ग्रे सवारीले तोकिएको प्रक्रिया पूरा गरी आफ्नो मार्गमा तोकिएको भाडा लिई यात्री बीमा गरी यात्री ओसारपसार गर्न सक्नेछ ।

मधेश प्रदेश सरकार गृह, सञ्चार तथा कानून मन्त्रालय जनकपुरधाम, नेपाल

(५) उपदफा (४) बमोजिमको गैरव्यवसायिक यातायात सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१४. **<u>सरकारी सवारीः</u>** (१) नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तह वा कुनै सरकारी कार्यालयको नाममा दर्ता रहेको सवारीलाई सरकारी सवारी भनिनेछ ।

(२) सरकारी सवारीको पहिचानको लागि सो सवारीको अगाडि र पछाडि अनुसूची-२ को खण्ड (घ) बमोजिमको नम्बर प्लेट वा तोकिए बमोजिमको इम्बोस्ड नम्बर प्लेट राख्नु पर्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि व्यावसायिक प्रयोजनको लागि दर्ता भएको सरकारी सवारीको अगाडि तथा पछाडि अनुसूची-२ को खण्ड (क) बमोजिमको नम्बर प्लेट वा तोकिए बमोजिमको इम्बोस्ड नम्बर प्लेट राख्नु पर्नेछ ।

१५. **<u>संस्थानको सवारीः</u>** (१) नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक

स्वामित्व भएको संगठित संस्थाको नाममा दर्ता सवारीलाई संस्थानको सवारी भनिनेछ ।

(२) संस्थानको सवारीको पहिचानको लागि सो सवारीको अगाडि र पछाडि अनुसूची-२ को खण्ड (ङ) बमोजिमको नम्बर प्लेट वा तोकिए बमोजिमको इम्बोस्ड नम्बर प्लेट राख्नु पर्नेछ ।

१६. <u>कूटनीतिक सुविधा प्राप्त सवारीः</u> (१) कूटनीतिक नियोग वा कूटनीतिक सुविधा प्राप्त कार्यालय, योजना, निकाय वा व्यक्तिको नाममा दर्ता सवारीलाई कूटनीतिक सुविधा प्राप्त सवारी भनिनेछ ।

(२) कूटनीतिक सुविधा प्राप्त सवारीको पहिचानको लागि सो सवारीको अगाडि र पछाडि अनुसूची-२ को खण्ड (च) बमोजिमको नम्बर प्लेट वा तोकिए बमोजिमको इम्बोस्ड नम्बर प्लेट राख्नु पर्नेछ ।

१७. <u>अन्य प्रयोजनको निम्ति प्रयोग गर्न नहुनेः</u> (१) जुन प्रयोजनको लागि सवारी दर्ता भएको हो सोही प्रयोजनमा प्रयोग गर्नु पर्नेछ ।

(२) भन्सार महसुल छुट हुने गरी सुविधा प्रदान गरिएको सवारीलाई सो प्रयोजन बाहेक अन्य प्रयोजनमा प्रयोग गर्नु हुँदैन ।

तर कृषि प्रयोजनको लागि कर छुट लिई दर्ता भएको ट्र्याक्टरले प्रचलित कानून बमोजिम तोकिएको थप कर तिरी व्यवसायिक प्रयोजनमा समेत प्रयोग गर्न सक्नेछ ।

## परिच्छेद -३

## सवारी साधन दर्ता सम्बन्धी व्यवस्था

१८. **प्रवेश दर्ता गराउनु पर्ने:** (१) विदेशबाट सवारी आयात गर्ने व्यक्ति, फर्म वा कम्पनीले प्रदेशभित्र प्रवेश गर्ने स्थानमा रहेको प्रहरी कार्यालयमा त्यस्तो सवारीको प्रवेश दर्ता गर्नको लागि निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा सम्बन्धित प्रहरी कार्यालयले त्यस्तो सवारी साधन खरिद गरेको प्रमाण र सम्बन्धित कागजात जाँचबुझ गरी तीस दिनको लागि प्रवेश दर्ता गरी आयात गर्ने व्यक्ति, फर्म वा कम्पनीलाई प्रवेश दर्ताको प्रमाण

दिनु पर्नेछ र सोको विवरण सम्बन्धित यातायात व्यवस्था कार्यालयमा यथाशीघ्र पठाउनु पर्नेछ ।

१९. <u>सवारी दर्ता गराउनु पर्नेः</u> (१) सवारी खरिद गर्ने वा विदेशबाट आयात गर्ने व्यक्ति, फर्म, कम्पनी वा एजेन्टले सवारी खरिद गरेको वा आयात गरेको मितिले पैंतिस दिनभित्र यातायात व्यवस्था कार्यालयमा दर्ता गर्नु पर्नेछ ।

तर नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहको सम्बन्धित निकायले आयात गरेको पैंतालीस दिनभित्र यातायात व्यवस्था कार्यालयमा दर्ता गराउनु पर्नेछ ।

(२) विकास साझेदार तथा विदेशी लगानीमा संचालित आयोजना सम्पन्न भए पश्चात नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहलाई हस्तान्तरण हुँदाका बखत प्राप्त भएका वाहन वा दर्ता छूट भएका सरकारी पुराना सवारी साधन सम्बन्धित मन्त्रालयबाट निर्णय भई आएमा मन्त्रालयले तोकिएको मापदण्ड बमोजिम दर्ता गर्नु पर्नेछ ।

मधेश प्रदेश सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
जनकपुरधाम, नेपाल

(३) उपदफा (१) र (२) बमोजिम दर्ता नगरी कुनै पनि सवारी चलाउन हुँदैन ।

(४) सुरु दर्ता भएको मितिले विद्युतीय सवारी साधनको हकमा तीस वर्ष र अन्य सवारी साधनको हकमा बीस वर्ष नाघेका सार्वजनिक सवारीलाई मन्त्रालयले तोकिए बमोजिम पत्रु गर्नु पर्नेछ ।

तर सार्वजनिक बाहेकका अन्य सवारीको हकमा प्रदेश सरकारले तोकिए बमोजिम हुनेछ ।

(५) सवारी दर्ता सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२०. <u>सवारी दर्ता गराउन निवेदन दिनु पर्नेः</u> दफा १९ बमोजिम कुनै सवारी दर्ता गराउनु परेमा त्यस्तो सवारी नेपालभित्र उत्पादन वा एसेम्बल्ड भई खरिद गरेको भए खरिद गर्ने व्यक्ति, सहकारी, फर्म, कम्पनी वा एजेन्टले अधिकार प्राप्त अधिकारी समक्ष तोकिए बमोजिम निवेदन दिनु पर्नेछ।

२१. <u>सवारी दर्ता प्रमाणपत्रः</u> (१) दफा २० बमोजिम निवेदन परेमा अधिकार प्राप्त अधिकारीले आवश्यक

मधेश प्रदेश सरकार गृह सञ्चार तथा कानून मन्त्रालय जनकपुरधाम, नेपाल


जाँचबुझ गरी अनुसूची-३ बमोजिम सवारी दर्ता प्रमाणपत्र दिनु पर्नेछ ।

तर सरकारी निकाय, सामाजिक, धार्मिक, परोपकारी तथा शैक्षिक उद्देश्यले प्रचलित कानून बमोजिम स्थापना भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाको नाममा बाहेक चौध भन्दा बढी सिट संख्या भएका र कृषि कार्यको लागि प्रयोग हुने ट्र्याक्टर बाहेक चार टन वा सोभन्दा बढी कूल वजन भएका सवारीलाई निजी सवारीको रूपमा दर्ता गरिने छैन ।

(२) नाबालकको नाममा सवारी दर्ता गर्दा संरक्षकको नाम समेत उल्लेख गरी सवारी दर्ता प्रमाणपत्रमा हस्ताक्षर गराउनु पर्नेछ ।

(३) दर्ताको प्रमाणपत्रमा सवारी खरिद गर्दा सवारीको निर्माण कम्पनीले दिएको सवारीको प्राविधिक विवरणमा उल्लिखित सवारीको कूल भार वहन क्षमतालाई सो सवारीको वजन मानी उल्लेख गर्नु पर्नेछ र त्यसरी सवारीको वजन उल्लेख गर्दा भार रहित वजन र भार वहन क्षमता समेत छुट्टाछुट्टै उल्लेख गर्नु पर्नेछ ।

मधेश प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
जनकपुरधाम

**सडकमा चल्न सक्ने सक्षमताको प्रमाणपत्र दिनु पर्ने:** (१) दफा २१ बमोजिम कुनै सवारी दर्ता गर्नुभन्दा अगावै त्यस्तो सवारी चलाउन सकिने अवस्था भए नभएको सम्बन्धमा दफा २८ बमोजिमको मापदण्डका आधारमा छानबिन गरी चलाउन सकिने अवस्थाको भए त्यस्तो सवारीलाई सडकमा चल्न सक्ने सक्षमताको प्रमाणपत्र दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम दिइएको प्रमाणपत्र सवारीमा टाँस्नु पर्नेछ ।

२३. **संयुक्त दर्ता:** दुई वा दुईभन्दा बढी व्यक्तिले अधिकार प्राप्त अधिकारी समक्ष दफा २० बमोजिम कुनै सवारी संयुक्त रूपमा दर्ता गर्न निवेदन दिएमा अधिकार प्राप्त अधिकारीले आवश्यक जाँचबुझ गरी त्यस्तो सवारीलाई संयुक्त रुपमा सञ्चालन गर्न दफा २१ बमोजिम सवारी दर्ता गर्नु पर्नेछ।

२४. **अस्थायी दर्ता:** देहायको अवस्थामा कुनै सवारीलाई अस्थायी रूपमा दर्ता गर्न सकिनेछः-

(क) सवारी आयात गर्ने व्यक्ति सवारी दर्ता गराउनु पर्ने म्यादभित्र दर्ता

गराउन उपस्थित हुन नसक्ने मनासिब कारण भएमा,

(ख) आयात गरिएको सवारीको ईन्जिन, चेसिस वा अन्य कुनै पार्टपूर्जाको खराबीले तुरुन्त दर्ता गराउन सवारी ल्याउन नसकिने भएमा,

(ग) खण्ड (ख) बमोजिमको अवस्था सिर्जना भएमा सवारी निर्माण गर्ने कम्पनी वा बिक्रि गर्ने एजेन्ट वा बीमा कम्पनीसँग क्षतिपूर्ति वा बीमा सम्बन्धी विवाद परी तुरुन्त दर्ता गर्न नसकिने भएमा,

(घ) नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहसँग भएको सम्झौता बमोजिमको कार्य सम्पादनको लागि कुनै विदेशी नागरिक, कम्पनी वा संस्थाको नाममा आयात भई त्यस्तो सम्झौतामा उल्लिखित अवधिभर नेपालभित्र सञ्चालन गर्न सम्बन्धित निकायबाट अस्थायी दर्ताको लागि

मधेश प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, जनकपुरधाम, नेपाल

सिफारिस भएको सवारी साधन भएमा,

(ङ) विश्वविद्यालय, उत्पादन उद्योग वा अनुसन्धानकर्ताले परीक्षणको लागि स्वदेशमा उत्पादन गरेको सवारी साधन भएमा,

(च) मन्त्रालयले अस्थायी दर्ता गर्न उपयुक्त ठानेमा ।

२५. <u>अस्थायी दर्ताको लागि दरखास्तः</u> दफा २४ बमोजिमको अवस्थामा सवारी आयातकर्ता वा उत्पादक वा निजको आधिकारिक प्रतिनिधिले सवारी अस्थायी रूपमा दर्ता गर्न भन्सार महसुल तिरेको प्रमाण तथा सम्बन्धित कागजात सहित तोकिए बमोजिम अधिकार प्राप्त अधिकारी समक्ष निवेदन दिनु पर्नेछ ।

२६. <u>अस्थायी दर्ता प्रमाणपत्रः</u> (१) दफा २५ बमोजिम निवेदन परेमा अधिकार प्राप्त अधिकारीले दफा २४ बमोजिम जाँचबुझ गरी त्यस्तो सवारी अस्थायी रूपमा दर्ता गरी अनुसूची-४ बमोजिमको ढाँचामा अस्थायी सवारी दर्ता प्रमाणपत्र दिनु पर्नेछ ।

मधेश प्रदेश सरकार गृह, संचार तथा कानून मन्त्रालय जनकपुरधाम, नेपाल

(२) अस्थायी सवारी दर्ता प्रमाणपत्र प्राप्त सवारीको नम्बर प्लेटमा अस्थायी भनी जनाउनु पर्नेछ ।

(३) अस्थायी सवारी दर्ता प्रमाणपत्र बढीमा छ महिनासम्म मान्य हुने गरी दिन सकिनेछ ।

तर स्वदेशी उद्योग, विश्वविद्यालय वा अनुसन्धानकर्ताले उत्पादन गरेको सवारीको हकमा बढीमा एक वर्षसम्म मान्य हुने गरी अस्थायी सवारी दर्ता प्रमाणपत्र दिन सकिनेछ ।

२७. <u>सवारी ल्याउनु पर्नेः</u> दफा १८ वा २१ बमोजिम कुनै सवारी दर्ता गर्न दफा ४० बमोजिम सवारीको नामसारी गर्न र दफा ४२ बमोजिम सवारीको कुनै कुरा हेरफेर गर्न निवेदन दिँदा त्यस्तो निवेदन दिने व्यक्ति, फर्म वा कम्पनीले त्यसरी दर्ता, नामसारी वा कुनै कुरा हेरफेर गराउन चाहेको सो सवारी समेत ल्याउनु पर्नेछ ।

२८. <u>सवारी चलाउन मापदण्ड तोक्न सक्नेः</u> (१) मन्त्रालयले देहायका आधारमा सवारी जाँचबुझ गरी

सवारी चलाउनका लागि मापदण्ड निर्धारण गरी तोक्न सक्नेछः-

(क) सवारीको यान्त्रिक अवस्था,

(ख) सवारीको लम्बाई, चौडाइ, उचाइ, बनौट वा स्वरूप,

(ग) सवारीबाट हुन सक्ने प्रदूषण,

(घ) सवारी चलाउन सकिने अवधि ।

(२) सवारीको सक्षमताको प्रमाणपत्र दिंदा वा जाँचपास गर्दा अधिकार प्राप्त अधिकारीले उपदफा (१) को मापदण्ड बमोजिम गर्नु पर्नेछ ।

२९. <u>सवारी दर्ता गर्न इन्कार गर्न सकिने:</u> (१) सवारी दर्ता गर्नका लागि निवेदन परेमा अधिकार प्राप्त अधिकारीले दफा २८ मा तोकिएको मापदण्ड पूरा नभएमा दर्ता इन्कार गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै सवारी दर्ता गर्न इन्कार गरेमा सोको कारण खुलाई निवेदकलाई सूचना दिनु पर्नेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि वातावरण प्रदूषण, सवारीको चाप, सडकको स्थिति, सवारी आवागमनमा

पर्ने कठिनाई वा यस्तै अन्य कारणले गर्दा सार्वजनिक हितको लागि कुनै किसिमको सवारी साधनको दफा १९ बमोजिम गरिने दर्ता प्रक्रिया रोक्का गर्न मनासिब देखेमा अधिकार प्राप्त अधिकारीले त्यस्तो सवारीको दर्ता रोक्का गर्न सक्नेछ ।

३०. **दर्ताको मान्यताः** यस ऐन बमोजिम कुनै एक प्रदेशमा दर्ता भएको सवारी अर्को प्रदेशमा चलाउन सकिने गरी दर्ताको मान्यता दिनु पर्नेछ ।

३१. **सरुवा दर्ताः** अन्य प्रदेशमा दर्ता भएका सवारी साधन सरुवा भई यस प्रदेशमा दर्ता गर्न चाहेमा तोकिए बमोजिमको शुल्क लिई सरुवा दर्ता गर्न सकिनेछ ।

३२. **सवारीको अभिलेख राख्नु पर्नेः** (१) अधिकार प्राप्त अधिकारीले दर्ता भएको सवारीको अभिलेख तोकिए बमोजिम अद्यावधिक गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको अभिलेख विद्युतीय माध्यममा समेत राख्नु पर्नेछ ।

मधेश प्रदेश सरकार
गृह सञ्चार तथा कानून मन्त्रालय
जनकपुरधाम, नेपाल



(३) उपदफा (२) बमोजिमको लगत संघीय तथा प्रदेश डाटाबेसमा सुरक्षित राख्नु पर्नेछ ।

३३. **अनुमति नलिई विदेशी सवारी चलाउन नहुने:** प्रचलित कानून बमोजिम अनुमति नलिई विदेशमा दर्ता भएको सवारी चलाउनु हुँदैन ।

३४. **विदेशी सवारी चलाउन अनुमति दिने:** (१) यातायात सेवा सञ्चालन गर्ने उद्देश्य बाहेक विदेशमा दर्ता भएको सवारी नेपालभित्र चलाउन भन्सार तिरेको प्रमाण सहित अनुमति मागेमा अधिकार प्राप्त अधिकारीले तोकिएको दस्तुर लिई एक सवारीलाई एक आर्थिक वर्षमा तीस दिनमा नबढ्ने गरी सवारी चलाउने अनुमति दिन सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार वा प्रदेश सरकार र विदेशी सरकार बीच एक अर्को देशमा यातायात सञ्चालन गर्ने गरी सम्झौता भएकोमा पारस्परिकताको आधारमा विदेशी सवारी नेपालभित्र चलाउन बाधा पर्ने छैन ।

३५. **सवारी दर्ता प्रमाणपत्र नवीकरण:** (१) दफा २१ को उपदफा (१) बमोजिम सवारी दर्ता प्रमाणपत्रमा लेखिएको म्याद नाघेको तीन महिनाभित्र नवीकरण गराई सक्नु पर्नेछ ।

(२) सवारी धनी वा निजले खटाएको व्यक्तिले उपदफा (१) बमोजिम सवारी दर्ता प्रमाणपत्र नवीकरण गराउन तोकिएको दस्तुर बुझाई सवारी दर्ता प्रमाणपत्र पेश गर्नु पर्नेछ ।

तर कूटनीतिक सुविधा प्राप्त सवारी दर्ता प्रमाणपत्र नवीकरण गर्न कुनै दस्तुर लाग्ने छैन ।

(३) उपदफा (२) बमोजिम नवीकरणको लागि पेश हुन आएमा अर्को एक वर्षको लागि नवीकरण गर्नु पर्नेछ ।

(४) उपदफा (१) बमोजिमको म्याद नाघी सवारी दर्ता प्रमाणपत्र नवीकरण गराउन आउने सवारी धनीबाट नवीकरण दस्तुरको अतिरिक्त सो म्याद नाघेको एक आर्थिक वर्षसम्म एक सय प्रतिशत, दुई आर्थिक वर्षसम्म दुई सय प्रतिशत, तीन आर्थिक वर्षसम्म तीन सय प्रतिशत, चार आर्थिक वर्षसम्म चार सय प्रतिशत र पाँच आर्थिक वर्षसम्म

मधेश प्रदेश सरकार
मुख्यमन्त्री तथा कानुन मन्त्रालय
जनकपुरधाम, नेपाल



पाँच सय प्रतिशत दस्तुर लिई नवीकरण गर्नु पर्नेछ ।

तर यो ऐन प्रारम्भ भएको एक वर्ष भित्र म्याद नाघेका सवारी दर्ता प्रमाणपत्र नवीकरण गराउन आएमा सवारी साधन कर र नवीकरण दस्तुरमा लाग्ने जरिवानामा सय प्रतिशत छूट हुनेछ ।

(५) उपदफा (३) र (४) बमोजिम नवीकरण गर्दा सवारी दर्ता प्रमाणपत्रमा सवारी साधनको कर बुझाएको विवरण अनिवार्य रूपमा उल्लेख गर्नु पर्नेछ ।

(६) उपदफा (१) बमोजिमको म्यादभित्र सवारी दर्ता प्रमाणपत्र नवीकरण गर्न नआएमा कूटनीतिक सुविधा प्राप्त सवारीको सम्बन्धमा अधिकार प्राप्त अधिकारीले परराष्ट्र मन्त्रालय मार्फत सम्बन्धित कूटनीतिक नियोग, कार्यालय वा व्यक्तिलाई त्यस्तो सवारीको सवारी दर्ता प्रमाणपत्र नवीकरण गर्न सूचना गर्न सक्नेछ ।

३६. <u>नवीकरण सम्बन्धी विशेष व्यवस्थाः</u> दफा ३५ को उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए

तापनि सरकारी सवारी, संस्थानको सवारी, कूटनीतिक सुविधा प्राप्त सवारी र निजी सवारी धनीले आफ्नो सवारीको सवारी दर्ता प्रमाणपत्र पाँच वर्षसम्मको एकै पटक नवीकरण गराउन चाहेमा पाँच वर्षसम्मको लागि लाग्ने नवीकरण दस्तुर संलग्न राखी सवारी दर्ता प्रमाणपत्र पेश गरेमा अधिकार प्राप्त अधिकारीले पाँच वर्षसम्मको लागि एकै पटक नवीकरण गर्न सक्नेछ ।निजी तथा सार्वजनिक सवारी साधनले एकै पटक बीस वर्षको एकमुष्ट नवीकरण दस्तुर बुझाई बीस वर्षको लागि नवीकरण गराउन चाहेमा त्यस्तो सवारी धनीले आफ्नो सवारी साधन एकै पटक तोकिएको दस्तुर बुझाई सवारी साधन प्रयोग गर्न पाउनेछ ।

३७. <u>सवारी दर्ता प्रमाणपत्र स्वतः रद्द हुने:</u> (१) दफा ३५ को उपदफा (४) बमोजिम निर्धारित अवधिसम्म पनि नवीकरण नगराएमा स्वतः रद्द हुनेछ । सवारी साधनको हकमा सार्वजनिक सवारी साधन बीस वर्षसम्म प्रयोग गरेकोलाई नवीकरण दस्तुर शत प्रतिशत थप लिई पाँच वर्षसम्म अर्थात पच्चीस वर्ष प्रयोग गरी पत्रु बनाईनेछ । नीजी

मधेश प्रदेश सरकार
संचार तथा कानून मन्त्रालय
जनकपुरधाम, नेपाल



सवारी साधन तीस वर्षसम्म प्रयोग गरेपछि दश वर्ष शत प्रतिशत थप दस्तुर लिई नवीकरण गरिनेछ । ततपश्चात त्यस्तो सवारी साधन पत्रु बनाई दर्ता खारेज गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम रद्द भएको सवारीको अभिलेख दर्ता किताबबाट हटाइनेछ ।

३८. <u>पुनः दर्ता हुन सक्ने:</u> दफा ३५ बमोजिम लिन बाँकी नवीकरण दस्तुर तथा थप दस्तुरको अतिरिक्त जति वर्षपछि दर्ताको लागि ल्याएको हो त्यति वर्षको लागि दफा ३५ को उपदफा (४) बमोजिमको थप दस्तुरको दोब्बर जरिवाना लिई दफा २१ बमोजिम सवारी दर्ता प्रमाणपत्र दिनु पर्नेछ ।

३९. <u>सवारी धनीको ठेगाना परिवर्तन भएमा सूचना दिनुपर्ने:</u> (१) यस ऐन बमोजिम दर्ता भएको कुनै सवारी धनीको स्थायी ठेगाना परिवर्तन भएको एक महिनाभित्र सवारी दर्ता प्रमाणपत्र बुझाई सोको सूचना अधिकार प्राप्त अधिकारीलाई दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचना प्राप्त भएपछि अधिकार प्राप्त अधिकारीले दर्ताको

मधेश प्रदेश सरकार
गृह, संचार तथा कानून मन्त्रालय
जनकपुरधाम, नेपाल

प्रमाणपत्रमा नयाँ ठेगाना जनाई अभिलेख राख्नु पर्नेछ ।

४०. **<u>सवारीको नामसारी:</u>** (१) यस ऐन बमोजिम दर्ता भएको सवारी धनीले आफ्नो सवारी अरु कसैलाई दान, बकस दिई वा बिक्री गरी वा अन्य कुनै किसिमले स्वामित्व हस्तान्तरण गरेमा पैंतीस दिनभित्र नामसारीको लागि सवारी दर्ता प्रमाणपत्र र कर तिरेको प्रमाण बुझाई तोकिए बमोजिम निवेदन दिनु पर्नेछ ।

(२) सवारी धनीको मृत्यु भएमा नजिकको हकवालाले नब्बे दिनभित्र मृत्यु दर्ता प्रमाणपत्र, नाताप्रमाणित, सवारी दर्ता प्रमाणपत्र, सवारीको कर तिरेको प्रमाण र स्थानीय तहको सिफारिस बुझाइ सवारी नामसारी गराउन तोकिएको ढाँचामा अधिकार प्राप्त अधिकारी समक्ष निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम नामसारीको लागि निवेदन परेमा अधिकार प्राप्त अधिकारीले छानबिन गरी तोकिएको दस्तुर लिई

दर्ताको प्रमाणपत्रमा व्यहोरा जनाई नामसारी गर्नु पर्नेछ ।

तर उपदफा (२) बमोजिम नामसारीको लागि एकभन्दा बढी हकवालाको निवेदन परेमा ती सबै हकवालाको नाममा सवारी संयुक्त रूपमा दर्ता गरी नामसारी गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम कुनै सवारीको नामसारी भएमा सो बमोजिम स्वामित्व हस्तान्तरण भई नामसारी भएको व्यहोराको अभिलेख राख्नु पर्नेछ ।

(५) सवारी धनीले नामसारीको लागि यस दफा बमोजिम अधिकार प्राप्त अधिकारी समक्ष उपस्थित हुन नसक्ने मनासिब कारण देखाई अड्डाबाट नामसारीको व्यवस्था गरिदिन निवेदन दिएमा अधिकार प्राप्त अधिकारीले तोकिए बमोजिमको थप दस्तुर लिई डोर खटाई नामसारी गरिदिन सक्नेछ ।

(६) सवारी नामसारी गर्दा अधिकार प्राप्त अधिकारीले हक बाहेक सम्बन्धी कुनै मुद्दा परेको

मधेश प्रदेश सरकार
गृह सञ्चार तथा कानून मन्त्रालय
जनकपुरधाम, नेपाल

देखेमा मुद्दाको अन्तिम किनारा नभएसम्म त्यस्तो सवारी कसैको नाममा नामसारी गर्नु हुँदैन ।

४१. <u>दर्ता परिवर्तन गर्न नहुने:</u> यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि मालबाहक सवारीको रूपमा दर्ता भएका सवारीलाई यात्रीबाहक सवारीमा परिवर्तन गरिने छैन ।

४२. <u>स्वीकृति नलिई हेरफेर र रूपान्तरण गर्न नहुने:</u> (१) सवारी धनीले अधिकार प्राप्त अधिकारीको स्वीकृति नलिई सवारीको रङ्ग, सिट संख्या, स्वरूप, ईन्जिन वा चेसिसमा परिवर्तन हुने गरी हेरफेर गर्नु हुँदैन ।

(२) उपदफा (१) बमोजिम हेरफेर गर्न स्वीकृति मागेमा अधिकार प्राप्त अधिकारीले छानबिन गरी उपयुक्त देखेमा स्वीकृति दिन सक्नेछ ।

तर सवारी निर्माता कम्पनीले सवारीको बनोट सम्बन्धमा निर्धारण गरेको विस्तृत विवरण (स्पेसिफिकेसन) मा परिवर्तन गर्न स्वीकृति दिइने छैन ।

(३) उपदफा (२) बमोजिम स्वीकृति दिंदा सवारी दर्तामा लाग्ने दस्तुरको पचास प्रतिशत दस्तुर लाग्नेछ।

(४) प्रदूषण कम गर्ने उद्देश्यले सञ्चालन माध्यममा परिवर्तन गरी वातावरणमैत्री सवारी साधनमा रुपान्तरणको लागि माग गरेमा त्यस्ता सवारी धनी, उद्योग, कम्पनी, सहकारीलाई रुपान्तरणको स्वीकृति दिनु पर्नेछ ।

तर सुरु दर्ता भएको मितिले सात वर्ष पूरा नभएका सवारी साधनलाई रुपान्तरणको स्वीकृति दिइने छैन ।

(५) यस दफा बमोजिम सवारीको रङ, सिट संख्या वा स्वरूप परिवर्तन सम्बन्धी अन्य विवरण (स्पेसिफिकेसन) तोकिए बमोजिम हुनेछ ।

४३. <u>सवारी दर्ता प्रमाणपत्र स्थगित गर्न सक्ने:</u> (१) अधिकार प्राप्त अधिकारीले देहायको अवस्थामा कुनै सवारी दर्ता प्रमाणपत्र देहाय बमोजिमको अवधिसम्मको लागि स्थगित गर्ने आदेश दिन सक्नेछ:-

(क) सवारीको अवस्था खराब भई सो चलाउँदा सर्वसाधारणको जिउ वा सम्पत्तिमा हानि नोक्सानी हुने

देखिएमा सो सवारी पूर्ण रूपमा मर्मत नगरेसम्म,

(ख) सवारी धनीले यस ऐन बमोजिम पूरा गर्नु पर्ने कुनै शर्त पूरा नगरेमा वा अधिकार प्राप्त अधिकारीले दिएको आदेश उलंङ्घन गरी सवारी चलाएमा बढीमा छ महिनासम्म,

(ग) सवारी धनीले कारण खुलाएर प्रहरी प्रतिवेदन संलग्न गरी सवारी दर्ता स्थगनको लागि अधिकार प्राप्त अधिकारी समक्ष निवेदन दिएमा एक पटकमा एक वर्षसम्म ।

तर यस्तो अवधिमा कर छुटको सुविधा दिइने छैन ।

(२) उपदफा (१) बमोजिम सवारी दर्ता प्रमाणपत्र स्थगित गर्ने आदेश दिंदा कारण समेत खुलाउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम सवारी दर्ता प्रमाणपत्र स्थगित गरेको जानकारी सम्बन्धित प्रहरी कार्यालयलाई दिनु पर्नेछ।

मधेश प्रदेश सरकार
मुख्यमन्त्री तथा कानून मन्त्रालय
जनकपुरधाम, नेपाल



(४) उपदफा (१) बमोजिम सवारी दर्ता प्रमाणपत्र स्थगित गरेको मितिले सात दिनभित्र सवारी धनीले सवारी दर्ता प्रमाणपत्र अधिकार प्राप्त अधिकारी समक्ष बुझाउनु पर्नेछ ।

(५) सवारी दर्ता प्रमाणपत्रको स्थगन अवधि समाप्त भएपछि उपदफा (४) बमोजिम सवारी धनीले बुझाएको सवारी दर्ता प्रमाणपत्र निज धनीलाई नै फिर्ता गर्नु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम फिर्ता दिएको सवारी दर्ता प्रमाणपत्रमा स्थगित भएको अवधि र कारण समेत जनाई अभिलेख राख्नु पर्नेछ ।

४४. **<u>सवारी दर्ता प्रमाणपत्र खारेज गर्ने:</u>** (१) अधिकार प्राप्त अधिकारीले देहायको कुनै अवस्थामा दर्ता भएको सवारीको दर्ता खारेजी वा अभिलेख कट्टा गर्न सक्नेछ:-

(क) सवारी कुनै किसिमले नासिएमा, मर्मत गर्न नसकिने गरी बिग्रिएमा वा सधैंको लागि नेपाल बाहिर लगिएमा सवारी धनीले तीस

दिनभित्र सवारी दर्ता प्रमाणपत्र संलग्न राखी अभिलेख कट्टा गर्न अधिकार प्राप्त अधिकारी समक्ष तोकिएको ढाँचामा निवेदन दिएमा,

तर पुरातात्विक तथा ऐतिहासिक दृष्टिकोणले महत्वपूर्ण सवारी वा त्यस्तो सवारीको कुनै पार्टपूर्जा नेपाल बाहिर लैजान परेमा सवारी धनीले अधिकारी प्राप्त अधिकारीबाट पूर्व स्वीकृति लिनु पर्नेछ ।

(ख) कुनै सवारी अनियमित तवरले वा झुट्टा कागजात वा गलत विवरणको आधारमा दर्ता गरिएको पाइएमा ।

(२) उपदफा (१) बमोजिमको निवेदन वा उजुरी वा जानकारी प्राप्त भएमा अधिकार प्राप्त अधिकारीले छानबिन गरी उपयुक्त देखेमा सवारी दर्ता प्रमाणपत्र खारेजीको व्यहोरा जनाई सवारीको अभिलेख कट्टा गर्नु पर्नेछ ।

(३) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सवारी धनीले आफ्नो कुनै



मधेश प्रदेश गृह सञ्चार तथा कानून मन्त्रालय जनकपुरधाम, नेपाल

मधेश प्रदेश सरकार गृह संचार तथा कानून मन्त्रालय जनकपुरधाम नेपाल

सवारीको दर्ता खारेजी गराउन चाहेमा सो सवारी साधनको थप दुई वर्षको कर तिर्न लगाई अधिकार प्राप्त अधिकारीले उक्त सवारी दर्ताको प्रमाणपत्र वा अभिलेख कट्टा गर्न सक्ने छ ।

४५. **नवीकरण दस्तुर मिनाहा दिने:** दर्ता भएको कुनै सवारी कुनै कारणबाट जफत भई वा दुर्घटनामा परी वा अन्य कारणबाट बिग्रीएर एक वर्षभन्दा बढी अवधिसम्मका लागि चलाउन नसकिने भएमा सवारी धनीले व्यहोरा खुलाई प्रमाण पेश गरेमा अधिकार प्राप्त अधिकारीले त्यस्तो सवारी दर्ताको प्रमाणपत्र झिकाई चलाउन नसकिने अवधिसम्मको लागि तिर्नु पर्ने नवीकरण दस्तुर मिनाहा दिनु पर्नेछ ।

४६. **सवारी दर्ता प्रमाणपत्रको प्रतिलिपि दिने:** (१) सवारी दर्ता प्रमाणपत्र च्यातिएमा वा झुत्रो भई नबुझिने भएमा सवारी धनीले अधिकार प्राप्त अधिकारी समक्ष सोको छायाँप्रति संलग्न गरी तोकिएको ढाँचामा तोकिएको दस्तुर सहित सवारी दर्ता प्रमाणपत्रको प्रतिलिपीका लागि निवेदन दिनु पर्नेछ ।

मधेश प्रदेश सरकार
सञ्चार तथा कानून मन्त्रालय
जनकपुरधाम, नेपाल

तर सवारी दर्ता प्रमाणपत्र हराएमा वा अन्य कुनै कारणवश नासिएमा नजिकको ट्राफिक प्रहरी कार्यालयको सिफारिस सहित निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदन उपर आवश्यक छानबिन गर्दा व्यहोरा ठिक देखेमा अधिकार प्राप्त अधिकारीले सवारी दर्ता प्रमाणपत्रको प्रतिलिपि दिनु पर्नेछ ।

४७. **<u>विवरण पेश गर्नु पर्ने</u>:** (१) विदेशबाट सवारी आयात गर्ने फर्म, कम्पनी वा एजेन्टले आफूले आयात गरेको प्रत्येक सवारीको मोडेल, ईन्जिन नम्बर, चेसिस नम्बर, किसिम, निर्माताको नाम र आयात मूल्य उल्लेख गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सवारीको बिक्री र मौज्दात विवरण खुलाई चौमासिक रूपमा अधिकार प्राप्त अधिकारी समक्ष पेस गर्नु पर्नेछ ।

(३) अधिकार प्राप्त अधिकारीले विदेशबाट सवारी आयात गरी बिक्री वितरण गर्ने फर्म, कम्पनी वा एजेन्टसँग उपदफा (१) र (२) मा लेखिएको विवरणको अतिरिक्त आवश्यक विवरण र कागजात माग्न सक्नेछ ।

मधेश प्रदेश सरकार
प्रदेश मामिला तथा कानुन मन्त्रालय
जनकपुरधाम, नेपाल



## परिच्छेद -४

### सवारी चालक अनुमतिपत्र सम्बन्धी व्यवस्था

४८. सवारी चलाउन नहुने: कुनै पनि व्यक्तिले सवारी चालक अनुमतिपत्र प्राप्त नगरी सवारी चलाउनु हुँदैन।

४९. सवारी चलाउन दिन नहुने: कसैले आफ्नो स्वामित्व वा जिम्मामा रहेको सवारी साधन सवारी चालक अनुमतिपत्र प्राप्त नगरेको व्यक्तिलाई चलाउन दिनु हुँदैन ।

५०. चालकको योग्यता: (१) देहायका व्यक्ति देहायका सवारी चालक अनुमतिपत्र प्राप्त गर्न योग्य मानिनेछः-

(क) ठूला सवारी र मझौला सवारीको हकमा एक्काइस वर्ष उमेर पुगेको,

(ख) कार, जिप र तीन पाङ्ग्रे साना सवारी साधनको हकमा अठार वर्ष उमेर पुगेको,

(ग) मोटरसाइकल, स्कुटर लगायत साना दुई पाङ्ग्रे सवारीको हकमा सोह्र वर्ष उमेर पुगेको,

मधेश प्रदेश सरकार
उद्योग तथा कानून मन्त्रालय
जनकपुरधाम, नेपाल

(घ) सामान्य लेखपढ गर्न जानेको ।

(२) देहायका व्यक्ति चालक अनुमतिपत्र प्राप्त तथा नवीकरण गर्न योग्य मानिने छैनः-

(क) छारे रोग वा मानसिक असन्तुलन भएको कारणले सवारी साधन चलाउन असमर्थ भएको,

(ख) आँखाको देख्ने शक्ति कमजोर भई चश्मा प्रयोग गर्दा पनि सामान्य तवरले देख्ने शक्ति ठिक नभएको,

(ग) साधारण ध्वनी सङ्केत, आवाज सुन्न नसक्ने,

(घ) रातो, हरियो, पहेलो इत्यादि रङहरू छुट्याउन नसक्ने दृष्टिदोष भएको,

(ङ) रत्तन्धो भएको,

(च) एउटा मात्र आँखा वा एउटा मात्र हात वा एउटा मात्र खुट्टा भएको,

तर अपाङ्गता भएका व्यक्तिका लागि खास किसिमले बनेको सवारीको लागि यो खण्डको बन्देज लागू हुने छैन ।

(छ) ठूलो र मझौला सार्वजनिक सवारीको लागि साठ्ठी वर्ष पूरा भएको,

(ज) दफा ६० वा ६४ बमोजिम सवारी चालक अनुमतिपत्र रद्द भएको मितिले पाँच वर्ष अवधि पूरा नभएको ।

५१. <u>चालक अनुमतिपत्रको लागि निवेदनः</u> (१) दफा ५० बमोजिमको योग्यता भएको व्यक्तिले तोकिए बमोजिमको सवारी चालक अनुमतिपत्रका लागि तोकिएको ढाँचामा अधिकार प्राप्त अधिकारी समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदनसाथ निवेदकले चालक अनुमतिपत्रको लागि तोकिएको दस्तुर, नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, बायोमेट्रिक, मान्यता प्राप्त चिकित्सकले दिएको निरोगिताको प्रमाणपत्र, स्वघोषणा समेत संलग्न गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको स्वघोषणा तोकिए बमोजिम हुनेछ ।

मधेश प्रदेश सरकार गृह सञ्चार तथा कानून मन्त्रालय जनकपुरधाम, नेपाल

(४) कुनै सवारी साधन चलाउन अनुमतिपत्र प्राप्त गरिसकेका चालकलाई अर्को सवारी साधनको लागि थप अनुमतिपत्र दिंदा लिखित परीक्षा लिइने छैन ।

५२. <u>चालक अनुमति पत्रको परीक्षाः</u> (१) दफा ५१ बमोजिम निवेदन परेमा मन्त्रालयले तोकिए बमोजिमको परीक्षा प्रणालीबाट निवेदकको परीक्षा लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम लिइएको परीक्षामा असफल हुने निवेदकले सो परीक्षा सम्पन्न भएको मितिले तीस दिनपछि दफा ५१ बमोजिम पुनः निवेदन दिन सक्नेछ ।

(३) तीन पाङ्ग्रे सवारी साधन जस्तै अटो रिक्सा, ई-रिक्सा, टेम्पो आदिको चालक अनुमति पत्रको परीक्षा मौखिक र प्रयोगात्मक (ट्रायल) परीक्षण विधिको आधारमा संचालन गरिने छ ।

(४) सवारी चालक अनुमतिपत्रको प्रयोगात्मक (ट्रायल) परीक्षालाई प्रविधिमा आधारित स्वचालित प्रणालीमा रूपान्तरण गरी मन्त्रालयले

आवश्यक कार्यविधि तथा मापदण्ड लागूसमेत गर्न सक्नेछ ।

५३. **सवारी चालक अनुमतिपत्र दिने:** (१) दफा ५२ बमोजिम परीक्षा लिई सफल भएका निवेदकलाई अधिकार प्राप्त अधिकारीले तोकिए बमोजिमको ढाँचामा तीन महिनाभित्र सवारी चालक अनुमतिपत्र दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइने अनुमतिपत्रमा कुन सवारी चलाउन अनुमति दिइएको हो सो स्पष्ट जनाउनु पर्नेछ ।

(३) सवारी चालक अनुमतिपत्रको प्रमाणपत्र प्रविधिमैत्री बनाउन स्मार्ट कार्डको व्यवस्था गर्न सक्नेछ।

(४) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सार्वजनिक सवारी चलाउने चालकलाई दिइने सवारी चालक अनुमतिपत्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

५४. **परीक्षणकालमा रहने:** (१) दफा ५३ बमोजिमको सवारी चालक अनुमतिपत्र एक वर्षको परीक्षण कालमा रहने गरी दिइनेछ ।

(२) उपदफा (१) बमोजिमको परीक्षण कालको अवधिमा सवारी चालकले यस ऐन बमोजिम पालना गर्नु पर्ने शर्त पाँच पटकभन्दा बढी उलङ्घन नगरेमा निजलाई स्थायी सवारी चालक अनुमतिपत्र दिनु पर्नेछ ।

५५. <u>विदेशी राष्ट्रबाट प्राप्त सवारी चालक अनुमतिपत्रको मान्यता:</u> (१) विदेशी राष्ट्रबाट सवारी चालक अनुमतिपत्र प्राप्त गरेको व्यक्तिले दफा ५१ बमोजिम निवेदन दिएमा सवारी चालक अनुमतिपत्रको लागि लाग्ने दस्तुर लिई अनुमतिपत्र दिन सकिनेछ ।

(२) उपदफा (१) बमोजिमको सवारी चालक अनुमतिपत्रको लागि प्रयोगात्मक परीक्षा लिनुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम आफ्नो राष्ट्रबाट सवारी चालक अनुमतिपत्र प्राप्त गरेका विदेशी कूटनीतिक नियोगमा काम गर्ने व्यक्तिको हकमा परराष्ट्र मन्त्रालयको सिफारिसमा उपदफा (२) बमोजिमको परीक्षा नलिई सवारी चालक अनुमतिपत्र दिन सकिनेछ ।

मधेश प्रदेश सरकार गृह सञ्चार तथा कानून मन्त्रालय जनकपुरधाम, नेपाल

५६. **अन्तर्राष्ट्रिय सवारी चालक अनुमतिपत्र स्वतः मान्य हुने:** अन्तर्राष्ट्रिय सवारी चालक अनुमतिपत्र प्राप्त गरेको व्यक्तिले सो अनुमतिपत्रमा लेखिएको वर्गको सवारी नेपालभर चलाउन सक्नेछ ।

५७. **सवारी चालक अनुमतिपत्रको वैधता:** (१) दफा ५३ बमोजिम सवारी चालक अनुमतिपत्र प्राप्त गरेको व्यक्तिले अनुमतिपत्रमा उल्लिखित सवारी मात्र चलाउन पाउनेछ ।

(२) सवारी चालक अनुमतिपत्र जारी गरेको मितिले दश वर्षसम्म बहाल रहनेछ ।

तर पचास वर्ष पूरा भई साठी वर्ष उमेर नपुगेको व्यक्तिको हकमा साठी वर्ष पुग्न बाँकी रहेको अवधिसम्मको लागि सवारी चालक अनुमति पत्र जारी गरिने छ ।

५८. **सवारी चालक अनुमतिपत्रमा समावेश गर्ने:** (१) सवारी चालकले प्राप्त गरेको अनुमतिपत्रमा उल्लिखित सवारीका अतिरिक्त कुनै सवारी समावेश गराउन चाहेमा सो सवारीको वर्ग खुलाई तोकिएको ढाँचामा तोकिएको दस्तुर बुझाई निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा सवारी चालक अनुमतिपत्रमा निजले समावेश गराउन चाहेको वर्गको सवारीको प्रयोगात्मक परीक्षा लिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको परीक्षामा उत्तीर्ण भएको चालकलाई अनुमतिपत्रमा समावेश गराउन चाहेको सवारी समावेश गरी नयाँ सवारी चालक अनुमतिपत्र दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम सवारी चालक अनुमतिपत्र दिँदा थपिएको सवारीको हकमा दफा ५४ बमोजिमको परीक्षणकाल लागू हुनेछ ।

५९. **सवारी चालक अनुमतिपत्रको नवीकरणः** (१) दफा ५७ को उपदफा (२) बमोजिमको म्याद नाघेको नब्बे दिनभित्र नवीकरण दस्तुर बुझाई सवारी चालक अनुमतिपत्र नवीकरण गराई सक्नु पर्नेछ ।

(२) निरोगिताको प्रमाणपत्र पेश गर्नु पर्ने सवारी चालक अनुमतिपत्र नवीकरण गराउँदा मान्यता प्राप्त चिकित्सकले दिएको निरोगिताको प्रमाणपत्र समेत पेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको म्याद नाघी आउने सवारी चालकबाट नवीकरण दस्तुरको अतिरिक्त म्याद नाघेको एक वर्षसम्म एक सय प्रतिशत, दुई वर्षसम्म दुई सय प्रतिशत, तीन वर्षसम्म तीन सय प्रतिशत, चार वर्षसम्म चार सय प्रतिशत र पाँच वर्षसम्म पाँच सय प्रतिशत थप दस्तुर लिई सवारी चालक अनुमतिपत्रको नवीकरण गर्नु पर्नेछ ।

(४) उपदफा (१) वा (२) बमोजिम निवेदन पर्न आएमा अधिकार प्राप्त अधिकारीले त्यस्तो सवारी चालक अनुमितपत्र अर्को दश वर्ष सम्मको लागि नवीकरण गर्नु पर्नेछ ।

तर सवारी चालक साठ्ठी वर्ष उमेर पूरा भएको व्यक्ती भएमा निजको सवारी चालक अनुमतिपत्रको नवीकरण प्रत्येक पटक पाँच वर्षसम्मको लागि नवीकरण गर्नु पर्नेछ ।

६०. **सवारी चालक अनुमतिपत्र स्वतः रद्द हुने:** (१) दफा ५९ बमोजिमको अवधिभित्र नवीकरण नगराएको सवारी चालक अनुमतिपत्र स्वतः रद्द हुनेछ ।

(२) उपदफा (१) बमोजिम रद्द भएको सवारी चालक अनुमतिपत्र अभिलेखबाट हटाइने छ ।

६१. <u>ठेगाना परिवर्तन भएमा सूचना गर्नु पर्नेः</u> (१) सवारी चालकको स्थायी ठेगाना परिवर्तन भएमा एक महिनाभित्र सोको सूचना अधिकार प्राप्त अधिकारीलाई दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सूचना प्राप्त भएपछि अधिकार प्राप्त अधिकारीले सवारी चालकको नयाँ ठेगाना अभिलेखमा जनाउनु पर्नेछ ।

६२. <u>नवीकरण गराउँदा निरोगिताको प्रमाणपत्र पेश गर्नु पर्नेः</u> सार्वजनिक सवारी चलाउने चालकले चालक अनुमतिपत्र नवीकरण गराउँदा स्वीकृत चिकित्सकले दिएको निरोगिताको प्रमाणपत्र समेत अधिकार प्राप्त अधिकारी समक्ष पेश गर्नु पर्नेछ ।

६३. <u>चालक अनुमतिपत्र निलम्बन तथा रद्द गर्नेः</u> (१) अधिकार प्राप्त अधिकारीले देहायको अवस्थामा देहायको अवधिसम्म चालकको चालक अनुमतिपत्र निलम्बन गर्न सक्नेछः-

प्रदेश सरकार
कानून तथा कानून मन्त्रालय
जनकपुरधाम, नेपाल

(क) कूल दश वा सोभन्दा बढि डिमेरिट अङ्क प्राप्त गर्ने गरी यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम पालन गर्नु पर्ने शर्तहरु उल्लंघन गरेको प्रमाणित भएमा छ महिनासम्म,

(ख) पन्ध्र डिमेरिट अङ्कभन्दा बढी प्राप्त गरेमा सात महिनासम्म,

(ग) बीस डिमेरिट अङ्कभन्दा बढी प्राप्त गरेमा आठ महिनासम्म,

(घ) मादक पदार्थ सेवन गरी सवारी चलाएको प्रमाणित भएमा पहिलो पटकका लागि तीन महिना र दोस्रो पटकका लागि छ महिनासम्म,

(ङ) निर्धारण गतिभन्दा बढी गतिमा सवारी चलाएको प्रमाणित भएमा पहिलो पटक भए पचास अङ्क जरिवाना र दोस्रो पटक भए तीन महिनासम्म चालक अनुमतिपत्र निलम्बन ।

मधेश प्रदेश सरकार
गृह, सञ्चार तथा कानून मन्त्रालय
जनकपुरधाम, नेपाल



(२) अधिकार प्राप्त अधिकारीले देहायको अवस्थामा चालक अनुमतिपत्र रद्द गर्न सक्नेछ।

(क) उपदफा (१) को खण्ड (घ) बमोजिम निलम्बन गरेपछि पनि तेश्रो पटक मादक पदार्थ सेवन गरी सवारी चलाएको प्रमाणित भएमा,

(ख) उपदफा (१) को खण्ड (ङ) बमोजिम निलम्बन गरेपछि पनि तेश्रो पटक निर्धारितभन्दा बढी गतिमा सवारी चलाएको प्रमाणित भएमा ।

६४. **सवारी चालक अनुमतिपत्र खारेज गर्न सकिने:** (१) सवारी चालकमा दफा ५० बमोजिमको योग्यता नभएको प्रमाणित भएमा वा झुट्टा विवरण पेश गरेमा अधिकार प्राप्त अधिकारीले सवारी चालक अनुमतिपत्र खारेज गर्नु पर्नेछ ।

(२) सवारी चालकको लापरवाहीका कारण सवारी दुर्घटनाबाट व्यक्तिको अङ्गभङ्ग भएको वा मृत्युभएको प्रमाणित भएमा अधिकार प्राप्त

मधेश प्रदेश सरकार भौतिक पूर्वाधार तथा विकास मन्त्रालय जनकपुरधाम

अधिकारीले सवारी चालक अनुमतिपत्र खारेज गर्नु पर्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम खारेज गरिएको सवारी चालक अनुमतिपत्र फिर्ता गर्न अधिकार प्राप्त अधिकारीले सवारी चालकलाई आदेश दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको आदेश प्राप्त भएको मितिले सात दिनभित्र सवारी चालकले आफ्नो अनुमतिपत्र अधिकार प्राप्त अधिकारी समक्ष बुझाउनु पर्नेछ ।

६५. <u>सवारी चालक अनुमतिपत्रको प्रतिलिपि दिने:</u> (१) सवारी चालक अनुमतिपत्र हराएमा, नासिएमा वा कुनै कारणले काम नलाग्ने भएमा पन्ध्र दिनभित्र सवारी चालकले प्रतिलिपिका लागि तोकिएको ढाँचामा दस्तुर बुझाई निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको निवेदन छानबिन गरी व्यहोरा ठिक देखिएमा चालकलाई सवारी चालक अनुमति पत्रको प्रतिलिपि दिइनेछ ।

**स्वचालित (अटोमेटिक) सवारी अनुमतिपत्र सम्बन्धी व्यवस्थाः** (१) प्रविधियुक्त स्वचालित सवारी चलाउन छुट्टै सवारी चालक अनुमतिपत्रको व्यवस्था गर्न सकिनेछ ।

तर सो अनुमतिपत्र अन्य सवारीको हकमा लागू हुने छैन ।

(२) उपदफा (१) बमोजिमको अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

६७. **प्रशिक्षार्थी सवारी चालक सम्बन्धी व्यवस्थाः** प्रशिक्षार्थी सवारी चालक सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

६८. **सवारी चालक अनुमतिपत्रको अभिलेख राख्नु पर्नेः** मन्त्रालयले कम्प्युटर प्रणालीको विकास गरी विद्युतीय माध्यमबाट सवारी चालक अनुमतिपत्र सम्बन्धी कार्यको अभिलेख सुरक्षित राख्नु पर्नेछ ।

## परिच्छेद -५

## परिचालक (कन्डक्टर) अनुमतिपत्र सम्बन्धी व्यवस्था

६९. **अनुमतिपत्र नलिई परिचालकको काम गर्न नहुनेः** (१) कुनै पनि व्यक्तिले परिचालक अनुमतिपत्र प्राप्त

प्रदेश सरकार तथा कानून मन्त्रालय जनकपुरधाम, नेपाल


नगरी सार्वजनिक सवारीमा परिचालकको काम गर्नु हुँदैन ।

(२) परिचालक अनुमतिपत्र प्राप्त नगरेको व्यक्तिलाई सार्वजनिक सवारी धनी वा व्यवस्थापकले परिचालकको काममा लगाउन हुँदैन ।

७०. **परिचालक अनुमतिपत्रको लागि योग्यता:** देहायको व्यक्ति परिचालक अनुमतिपत्र प्राप्त गर्न योग्य हुनेछ:-

(क) अठार वर्ष उमेर पुगेको,

(ख) साधारण लेखपढ गर्न जान्ने,

(ग) निरोगिताको प्रमाणपत्र भएको ।

७१. **परिचालक अनुमतिपत्रको लागि निवेदन दिने:** (१) दफा ७० बमोजिमको योग्यता भएको व्यक्तिले सार्वजनिक सवारीमा परिचालकको काम गर्नको लागि परिचालक अनुमतिपत्र लिन चाहेमा तोकिएको ढाँचामा अधिकार प्राप्त अधिकारी समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदन साथ निवेदकले परिचालक अनुमतिपत्रको लागि

तोकिएको दस्तुर, हालसालै खिचिएको तीन प्रति पासपोर्ट साइजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र मान्यता प्राप्त चिकित्सकद्वारा दिइएको निरोगिताको प्रमाणपत्र समेत संलग्न गर्नु पर्नेछ ।

७२. <u>परिचालक अनुमतिपत्र दिने:</u> (१) दफा ७१ बमोजिम निवेदन परेमा छानबिन गरी निवेदनसाथ संलग्न व्यहोरा मनासिब देखिएमा अनुसूची-५ बमोजिमको ढाँचामा परिचालक अनुमतिपत्र दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम परिचालक अनुमतिपत्र प्राप्त व्यक्तिले आफू कार्यरत यातायात सेवामा संलग्न सार्वजनिक सवारीलाई सुव्यवस्थित ढङ्गबाट परिचालन गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम दिइएको परिचालक अनुमतिपत्र पाँच वर्षसम्म बहाल रहनेछ ।

(४) मन्त्रालयले कम्प्युटर प्रणाली मार्फत परिचालक अनुमति पत्रको अभिलेखीकरण गर्न सक्नेछ ।

७३. **परिचालक अनुमतिपत्रको नवीकरणः** (१) दफा ७२ को उपदफा (३) बमोजिमको म्याद नाघेको तीन महिनाभित्र परिचालक अनुमतिपत्र नवीकरण गराई सक्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम परिचालक अनुमतिपत्र नवीकरण गराउन तोकिएको दस्तुर संलग्न गरी परिचालक अनुमतिपत्र पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम नवीकरणको लागि पेश भएको परिचालक अनुमतिपत्र अर्को पाँच वर्षसम्मको लागि नवीकरण गर्नु पर्नेछ ।

(४) उपदफा (१) बमोजिमको म्याद नघाई आउने परिचालकबाट नवीकरण दस्तुरको अतिरिक्त म्याद नाघेको एक वर्षसम्म एक सय प्रतिशत, दुई वर्षसम्म दुई सय प्रतिशत, तीन वर्षसम्म तीन सय प्रतिशत, चार वर्षसम्म चार सय प्रतिशत र पाँच वर्षसम्म पाँच सय प्रतिशत थप दस्तुर लिई परिचालक अनुमतिपत्र नवीकरण गर्नु पर्नेछ ।

७४. **परिचालक अनुमतिपत्र स्वतः रद्द हुनेः** (१) दफा ७३ को उपदफा (४) बमोजिम निर्धारित

अवधिसम्म नवीकरण नगराइएको परिचालक अनुमतिपत्र स्वतः रद्द हुनेछ ।

(२) उपदफा (१) बमोजिम रद्द भएको परिचालक अनुमतिपत्र अभिलेखबाट हटाइने छ ।

७५. **परिचालकको ठेगाना परिवर्तनको जानकारी दिनु पर्ने:** (१) परिचालकको स्थायी ठेगाना परिवर्तनको जानकारी अधिकार प्राप्त अधिकारीलाई दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको जानकारी प्राप्त भएमा अधिकार प्राप्त अधिकारीले परिचालकको नयाँ ठेगाना अभिलेखमा जनाउनु पर्नेछ ।

७६. **परिचालक अनुमतिपत्र निलम्बन गर्न सकिने:** यो ऐन बमोजिम परिचालकले पालन गर्नु पर्ने शर्त पाँच पटकभन्दा बढी उलङ्घन गरेको प्रमाणित भएमा अधिकार प्राप्त अधिकारीले परिचालक अनुमतिपत्र छ महिनासम्म निलम्बन गर्न सक्नेछ ।

७७. **परिचालक अनुमतिपत्र खारेज गर्न सकिने:** (१) दफा ७० बमोजिमको योग्यता परिचालकमा नभएको प्रमाणित भएमा अधिकार प्राप्त अधिकारीले

मधेश प्रदेश सरकार
प्रदेश संसद तथा कानून मन्त्रालय
जनकपुरधाम, नेपाल



परिचालक अनुमतिपत्र खारेज गरी अनुमतिपत्र फिर्ता बुझाउन आदेश दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको आदेश प्राप्त भएको मितिले सात दिनभित्र परिचालकले आफ्नो परिचालक अनुमतिपत्र अधिकार प्राप्त अधिकारी समक्ष फिर्ता बुझाउनु पर्नेछ ।

७८. **परिचालक अनुमतिपत्रको प्रतिलिपि दिने:** (१) परिचालक अनुमतिपत्र हराए वा नासिएमा पैंतीस दिन भित्र परिचालक अनुमतिपत्रको प्रतिलिपिको लागि तोकिएको ढाँचामा तोकिएको दस्तुर बुझाई निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदन छानबिन गर्दा व्यहोरा उपयुक्त भएमा परिचालक अनुमतिपत्रको प्रतिलिपि दिनेछ ।

७९. **सवारी चालक र परिचालकको पारिश्रमिक:** सवारी चालक र परिचालकको न्यूनतम पारिश्रमिक तथा सुविधा सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

८०. **सवारी चालक र परिचालकको सामाजिक सुरक्षा:** सवारी चालक र परिचालकको सामाजिक

मधेश प्रदेश सरकार, उद्योग तथा कानून मन्त्रालय, जनकपुरधाम, नेपाल

सुरक्षासम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

## परिच्छेद -६

## सार्वजनिक यातायात व्यवस्थापन

८१. **सडक मार्ग निर्धारण गर्नेः** यातायात व्यवस्थापन समितिको सिफारिसमा मन्त्रालयले उपयुक्त देखेमा आवश्यकता अनुसार सार्वजनिक सवारीलाई यातायात सेवा सञ्चालन गर्न सडक मार्ग निर्धारण गरी सोको सूचना सार्वजनिक रूपमा प्रकाशन गर्नु पर्नेछ ।

८२. **नमुना मार्ग निर्धारण गर्न सक्नेः** व्यक्ति, फर्म, कम्पनी वा सहकारीले वातावरणमैत्री सवारी साधन सञ्चालन गर्न नमुना मार्ग माग गरेमा मन्त्रालयले स्थान तोकी निर्धारण गर्न सक्नेछ ।

८३. **मार्ग निर्धारण समितिः** (१) प्रदेशभर सहज, सरल र सुरक्षित रुपमा लामो र मध्यम दुरीको मार्ग निर्धारण गर्न देहाय बमोजिमको मार्ग निर्धारण समिति रहनेछः-

(क) सचिव, मन्त्रालय -संयोजक

मधेश प्रदेश सरकार
गृह संचार तथा कानून मन्त्रालय
जनकपुरधाम, नेपाल



(ख) अधिकृत प्रतिनिधि, यातायात पूर्वाधार निर्देशनालय -सदस्य

(ग) प्रमुख, सडक हेर्ने महाशाखा, भौतिक पूर्वाधार विकास मन्त्रालय -सदस्य

(घ) अधिकृत प्रतिनिधि, सुरक्षा निकाय - सदस्य

(ङ) प्रमुख, प्रदेश ट्राफिक व्यवस्थापन कार्यालय - सदस्य

(च) अधिकृत प्रतिनिधि, गृह, संचार तथा कानून मन्त्रालय - सदस्य

(छ) प्रमुख, मन्त्रालयको प्रशासन तथा योजना महाशाखा - सदस्य

(ज) शाखा अधिकृत, यातायात व्यवस्था शाखा, मन्त्रालय -सदस्य सचिव

तर स्थानीय तहभित्र छोटो दुरीको मार्ग स्थानीय तहले र अन्तर स्थानीय तहको छोटो दुरीको मार्ग यातायात व्यवस्थापन समितिले प्रचलित कानून बमोजिम निर्धारण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको समितिले सडकको स्तर, अवस्था, सवारी साधनको किसिम,

यात्रीको चाप तथा माग, सम्बन्धित निकायको सिफारिस र सडक हस्तान्तरणका शर्तका आधारमा मार्ग निर्धारण गर्नु पर्नेछ ।

(३) स्थानीय कानून नबनेसम्म यस ऐन बमोजिम अस्थायी मार्ग निर्धारण बाहेक सबै किसिमका मार्ग निर्धारण गर्ने अधिकार उपदफा (१) बमोजिमको समितिलाई हुनेछ ।

८४. <u>अनुदान दिनेः</u> दुर्गम तथा पिछडिएका वस्तीका जनतालाई न्यूनतम सवारी सेवा उपलब्ध गराउन सार्वजनिक सवारी सञ्चालन गर्न प्रदेश सरकारले आवश्यक कार्यविधि बनाई अनुदान दिन सक्नेछ ।

८५. <u>मास ट्रान्सपोर्ट सञ्चालन गर्न सक्नेः</u> (१) मन्त्रालयले सडकको अवस्था र सवारी चापको आधारमा मास-ट्रान्सपोर्ट सञ्चालन गर्ने व्यवस्था मिलाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको मास ट्रान्सपोर्ट सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

८६. <u>मार्ग इजाजतपत्र लिनु पर्नेः</u> सार्वजनिक सवारीले यातायात सेवा सञ्चालन गर्न मार्ग इजाजतपत्र लिनु

मधेश प्रदेश सरकार आन्तरिक मामिला तथा कानून मन्त्रालय जनकपुरधाम, नेपाल

पर्नेछ । नीजी सवारी साधन जस्तै मोटरसाईकल, कार लगायतको आम नागरिकले प्रयोग गर्ने सवारी साधनलाई कुनै कम्पनि, फर्म, संघसंस्थाले सुरक्षाको उपाय अपनाई त्यस्तो सवारी साधनबाट सेवा संचालन गर्न चाहेमा ऐन बमोजिम दर्ता गरी संचालन गर्न पाउनेछ । उक्त सवारी साधन प्रयोग गर्ने बारे छुट्टै निर्देशिका बनाई सो व्यवसायलाई नियमन गरिनेछ ।

८७. **<u>मार्ग इजाजतपत्रको लागि निवेदन:</u>** यातायात सेवा सञ्चालन गर्ने सार्वजनिक सवारीले कुनै मार्ग प्रयोग गर्नु परेमा निर्धारित दस्तुर बुझाई तोकिएको ढाँचामा अधिकार प्राप्त अधिकारी समक्ष निवेदन दिनु पर्नेछ ।

८८. **<u>मार्ग इजाजतपत्रको लागि जाँच गर्नु पर्ने:</u>** (१) दफा ८७ बमोजिमको निवेदन परेमा देहायका विषयमा जाँच गर्नु पर्नेछ:-

(क) सवारी चालक, परिचालक, कर्मचारी, तेस्रो पक्ष र यात्री बीमा,

(ख) सवारी जाँचपास,

(ग) सवारी दर्ता प्रमाणपत्र नवीकरण ।

**मार्ग इजाजतपत्र दिनु पर्ने:** (१) दफा ८७ बमोजिम मार्ग इजाजतपत्रको लागि निवेदन परेमा अधिकार प्राप्त अधिकारीले दफा ८८ को अधिनमा रही त्यस्तो सार्वजनिक सवारीलाई प्रदेशभर सञ्चालन गर्न सकिने गरी प्रदेशस्तरको र इजाजतपत्रमा तोकिएको मार्ग मात्र प्रयोग गर्न अनुसूची-६ बमोजिमको ढाँचामा मार्ग इजाजतपत्र दिनु पर्छ ।

तर एक प्रदेशबाट अर्को प्रदेशमा सञ्चालन हुने सवारीको लागि अर्को प्रदेशको सम्बन्धित यातायात व्यवस्था कार्यालयको सहमति लिई मार्ग इजाजतपत्र दिन सकिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि राजमार्गको हकमा मन्त्रालयले आवश्यक देखेमा खुल्ला प्रतिस्पर्धाबाट आवश्यक शर्तहरु तोकी मार्ग इजाजतपत्र दिने व्यवस्था गर्न सक्नेछ ।

(३) अधिकार प्राप्त अधिकारीले सार्वजनिक रूपमा सूचना प्रकाशन गरी कुनै रुट वा एरियामा रुट परमिट जारी गरी सो रुट वा

एरियामा चल्ने सवारीको किसिम एवं संख्या तोक्न सक्नेछ।

(४) उपदफा (१) बमोजिम दिइएको मार्ग इजाजतपत्र छ महिनासम्म बहाल रहनेछ।

(५) अधिकार प्राप्त अधिकारीले सार्वजनिक सूचना प्रकाशन गरी निर्धारित मार्गमा चल्ने सवारीको किसिम र संख्या तोक्न सक्ने छ ।

९०. <u>मार्ग इजाजतपत्र सम्बन्धी व्यवस्थाः</u> दफा ८९ बमोजिम कुनै सार्वजनिक सवारीलाई मार्ग इजाजतपत्र दिंदा त्यस्तो सार्वजनिक सवारीको धनी वा व्यवस्थापकले देहायका कुराहरू पूरा गरे नगरेको अधिकार प्राप्त अधिकारीले जाँच गरी पूरा गरेको भए मात्र त्यस्तो सार्वजनिक सवारीलाई मार्ग इजाजतपत्र दिनु पर्नेछः-

(क) सवारी चालक, परिचालक, सुरक्षाकर्मी, सवारीमा काम गर्ने कामदार तथा कर्मचारी, तेस्रो पक्षको बीमा र यात्रीबाहक सवारी भए यात्री बीमामा,

(ख) सवारीको जाँचपास, र

(ग) दर्ताको प्रमाणपत्र नवीकरण।

९१. **बहुमार्ग इजाजतपत्र दिन सकिने:** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै मालबाहक सार्वजनिक सवारीले ढुवानी सेवा पुऱ्याई रहेको मार्गमा कुनै असर नपर्ने गरी सो मार्गसँग सम्बन्धित हुन आउने अन्य मार्गमा समेत उक्त सार्वजनिक सवारी प्रयोग गर्न पाउने गरी अधिकार प्राप्त अधिकारीले इजाजतपत्र दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम एकभन्दा बढी मार्गमा यातायात सेवा सञ्चालन गर्न पाउने गरी बहुमार्ग इजाजतपत्र दिंदा त्यस्तो प्रत्येक मार्गको लागि लाग्ने मार्ग दस्तुर समेत सार्वजनिक सवारीको धनी वा व्यवस्थापकले बुझाउनु पर्नेछ ।

९२. **मार्ग इजाजतपत्र मान्य अवधि:** दफा ८९ र ९० बमोजिमको मार्ग इजाजतपत्र छ महिनासम्म मान्य हुनेछ ।

९३. **मार्ग इजाजतपत्र परिवर्तन:** (१) मार्ग इजाजतपत्रको अवधि समाप्त नहुँदै सो मार्ग इजाजतपत्रमा तोकिएको सार्वजनिक सवारीलाई अन्य कुनै मार्गमा

प्रयोग गर्नु परेमा सवारी धनी वा व्यवस्थापकले पुनः दफा ८७ बमोजिम निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा पहिले दिएको मार्ग इजाजतपत्र खारेज गरी नयाँ मार्ग इजाजतपत्र दिनु पर्नेछ ।

९४. <u>पटके मार्ग इजाजतपत्रः</u> (१) कुनै सार्वजनिक सवारीलाई मार्ग इजाजतपत्रमा लेखिएको मार्ग बाहेक अन्य मार्गमा चलाउनु परेमा सवारी धनी वा व्यवस्थापकले पटके मार्ग इजाजतपत्रको लागि तोकिएको ढाँचामा तोकिएको दस्तुर बुझाई निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदनमा आवश्यक छानबिन गरी व्यहोरा ठिक देखेमा बढीमा सात दिनसम्मको लागि पटके मार्ग इजाजतपत्र दिनु पर्नेछ ।

९५. <u>मार्ग इजाजतपत्र दिन इन्कार गर्न सकिनेः</u> यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि राष्ट्रिय राजमार्ग बाहेकको मार्गमा यातायात सेवा सञ्चालन गर्न यात्रीको चाप र सार्वजनिक सवारीको संख्या, प्रदूषण वा तोकिएको स्तर नभएका वा अन्य

कारणबाट मार्ग इजाजतपत्र प्रदान गर्दा सार्वजनिक हितको प्रतिकूल हुने देखेमा अधिकार प्राप्त अधिकारीले यातायात व्यवस्थापन समितिसँग परामर्श गरी मार्ग इजाजतपत्र दिन ईन्कार गर्न सक्नेछ ।

९६. **मार्ग इजाजतपत्र नवीकरण:** (१) दफा ८९ को उपदफा (१) बमोजिमको मार्ग इजाजतपत्रमा उल्लिखित म्याद समाप्त भएको पन्ध्र दिनभित्र तोकिएको ढाँचामा तोकिएको दस्तुर बुझाई नवीकरण गराउन अधिकार प्राप्त अधिकारी समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा अधिकार प्राप्त अधिकारीले छ महिनाको लागि मार्ग इजाजतपत्र नवीकरण गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको म्याद नघाई मार्ग इजाजतपत्र नवीकरण गराउन आएमा म्याद नाघेको एक महिनाभित्र नवीकरण दस्तुरको शत प्रतिशत थप दस्तुर लिई मार्ग इजाजतपत्र नवीकरण गर्नु पर्नेछ ।

मधेश प्रदेश सरकार
गृह सञ्चार तथा कानून मन्त्रालय
जनकपुरधाम, नेपाल



९७. **मार्ग इजाजतपत्र स्वतः निलम्बन हुने:** दफा ९६ को उपदफा (३) बमोजिमको अवधिसम्म नवीकरण नगरेमा मार्ग इजाजतपत्र स्वतः निलम्बन हुनेछ ।

९८. **पुनः मार्ग इजाजतपत्र दिनु पर्ने:** दफा ९७ बमोजिम निलम्बन भएको सार्वजनिक सवारीको लागि पुनःमार्ग इजाजतपत्र लिन आएमा दफा ९६ बमोजिम लिनु पर्ने नवीकरण दस्तुर र थप दस्तुर लिई निजलाई एक हजार रुपैयाँदेखि तीन हजार रुपैयाँसम्म जरिवाना गरी मार्ग इजाजतपत्र दिनु पर्नेछ ।

९९. **मार्ग इजाजतपत्र स्थगित गर्न सकिने:** (१) यस ऐन बमोजिम मार्ग इजाजतपत्र लिएको कुनै सार्वजनिक सवारी दुर्घटना वा अन्य कारणबाट छ महिना वा सो भन्दा बढी अवधिसम्म चलाउन नमिल्ने भएमा सोको व्यहोरा खुलाई मार्ग इजाजतपत्र संलग्न राखी मार्ग इजाजतपत्र स्थगित गर्न निवेदन दिन सकिनेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदनमा अधिकार प्राप्त अधिकारीले छानबिन गर्दा उपयुक्त देखेमा सार्वजनिक सवारी चलाउन नमिल्ने

मधेश प्रदेश ... तथा कानून ... जनकपुरधाम, नेपाल

अवधिसम्मका लागि मार्ग इजाजतपत्र स्थगित गर्न सक्नेछ ।

(३) मार्ग इजाजतपत्रमा तोकेको मार्गमा सार्वजनिक सवारी साधन सञ्चालन नगरी जनजीवनमा प्रतिकूल असर पर्ने गरी यातायात सेवा अवरूद्ध गरेमा अधिकार प्राप्त अधिकारीले त्यस्ता सवारीको मार्ग इजाजतपत्र बढीमा एक महिनासम्मको लागि स्थगित गर्न सक्नेछ ।

१००. **मार्ग इजाजतपत्र रद्द गर्न सकिनेः** (१) इजाजतपत्रमा तोकेको मार्गमा तोकिएको शर्तमा सार्वजनिक सवारी साधन सञ्चालन नगरेमा अधिकार प्राप्त अधिकारीले त्यस्तो सवारीको मार्ग इजाजतपत्र रद्द गर्न सक्नेछ ।

(२) मन्त्रालय अन्तर्गतको कार्यालयबाट इजाजतपत्र लिई सञ्चालनमा रहेको सार्वजनिक सवारीको आवागमनमा बाधा अवरोध गर्ने व्यक्ति, संस्था वा कम्पनीले पाएको मार्ग इजाजतपत्र अधिकार प्राप्त अधिकारीले रद्द गर्न सक्नेछ ।

(३) यस ऐन बमोजिम मार्ग इजाजतपत्र लिएको कुनै सार्वजनिक सवारी चलाउन नसकिने

गरी बिग्रिए वा नासिएमा त्यस्तो सवारीको धनी वा व्यवस्थापकले सोको प्रमाण संलग्न राखी मार्ग इजाजतपत्रको मान्यता रद्द गराउन अधिकार प्राप्त अधिकारी समक्ष निवेदन दिनु पर्छ ।

१०१. **मार्ग इजाजतपत्रको प्रतिलिपि दिनु पर्नेः** (१) मार्ग इजाजतपत्र च्यातिएमा, हराएमा, नासिएमा वा झुत्रो भई नबुझिने भएमा सवारी धनी वा व्यवस्थापकले पन्ध्र दिनभित्र सोको प्रतिलिपि संलग्न राखी तोकिएको ढाँचामा तोकिएको दस्तुर सहित अधिकार प्राप्त अधिकारी समक्ष निवेदन दिनु पर्नेछ ।

तर मार्ग इजाजतपत्र हराएमा वा अन्य कुनै कारण नासिएमा सो भए गरेको मितिले नजिकको ट्राफिक प्रहरी कार्यालयको सिफारिस सहित सात दिन भित्र निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदनमा अधिकार प्राप्त अधिकारीले छानबिन गर्दा व्यहोरा ठिक देखेमा मार्ग इजाजतपत्रको प्रतिलिपि दिनु पर्नेछ ।

१०२. **जाँचपास गराउनु पर्ने:** (१) सार्वजनिक सवारी साधनको मार्ग इजाजतपत्र लिनु अघि देहाय बमोजिम जाँचपास गराउनु पर्नेछः-

(क) तयारी सवारी साधन आयात भई सार्वजनिक सवारीको रूपमा दर्ता गरी नामसारी भएको मितिले सात दिनभित्र जाँचपास गराउनु पर्ने,

(ख) चेसिस आयात भएको सवारी साधन दर्ता भएको स्वरूप (बडी) निर्माण गरी नामसारी भएको मितिले सात दिनभित्र जाँचपास गराउनु पर्ने ।

(२) उपदफा (१) बमोजिम जाँचपास नगराएमा मार्ग इजाजतपत्र दिइने छैन ।

१०३. **जाँचपासको लागि निवेदन दिनु पर्ने:** सवारी साधन जाँचपास गराउन सवारी धनी वा व्यवस्थापकले तोकिएको ढाँचामा तोकिएको दस्तुर बुझाई अधिकार प्राप्त अधिकारी समक्ष निवेदन दिनु पर्नेछ ।

१०४. **जाँचपासको प्रमाणपत्र दिनुपर्ने:** (१) दफा १०३ बमोजिमको निवेदनका आधारमा अधिकार प्राप्त अधिकारीले सार्वजनिक सवारी जाँच्न लगाई

मधेश प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
जनकपुरधाम



यान्त्रिक स्थिति र स्वरूप ठिक देखेमा तोकिएको ढाँचामा जाँचपासको प्रमाणपत्र दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइने जाँचपासको प्रमाणपत्रको मान्यता छ महिनासम्मको लागि हुनेछ ।

१०५. **पुनः जाँचपास गराउनु पर्नेः** (१) दफा १०४ को उपदफा (२) बमोजिमको म्याद नाघेको मितिले सात दिनभित्र अधिकार प्राप्त अधिकारी समक्ष पुनः जाँचपासको लागि निवेदन दिई जाँचपास गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको म्यादभित्र पुनः जाँचपास नगराएमा म्याद नाघेका मितिले पैंतीस दिनभित्र सवारी जाँचपास गराउन ल्याएमा लाग्ने दस्तुरको अतिरिक्त शत प्रतिशत थप दस्तुर बुझाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको म्याद नघाई सार्वजनिक सवारी पुनः जाँचपास गराउन ल्याएमा उपदफा (२) बमोजिमको दस्तुरको अतिरिक्त पाँच हजार रुपैयाँसम्म जरिवाना लिई

मधेश प्रदेश
गृह सञ्चार तथा कानून मन्त्रालय
जनकपुरधाम



पुनःजाँचपास गरी जाँचपासको प्रमाणपत्र दिनु पर्नेछ ।

१०६. <u>प्रदूषण जाँच गराउनु पर्नेः</u> (१) कुनै पनि सवारी शुरु दर्ता गराउँदा प्रदूषण जाँच गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रदूषण जाँच नगराएको सवारी साधन सञ्चालनको लागि इजाजतपत्र दिइने छैन ।

(३) दुई पांग्रे सवारीको हकमा शुरु दर्ता र नामसारी गर्दा प्रदूषण जाँच गराउनु पर्नेछ ।

१०७. <u>प्रदूषण जाँचको लागि निवेदन दिनु पर्नेः</u> प्रदूषण जाँच गर्न सवारी धनी वा व्यवस्थापकले तोकिएको ढाँचामा तोकिएको दस्तुर बुझाई अधिकार प्राप्त अधिकारी समक्ष निवेदन दिनु पर्नेछ ।

१०८. <u>प्रदूषण जाँचको स्टीकर दिनु पर्नेः</u> (१) दफा १०३ बमोजिम निवेदन परेमा अधिकार प्राप्त अधिकारीले प्रदूषणको स्तर जाँच्न लगाई तोकिए बमोजिमको मापदण्डभित्र रहेको पाइएमा तोकिए बमोजिमको ढाँचामा प्रदूषण जाँच स्टीकर दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइने प्रदूषण जाँच स्टीकरको मान्यता सार्वजनिक

सवारीको हकमा छ महिना र अन्य सवारीको हकमा एक वर्षसम्म हुनेछ ।

१०९. **प्रदूषण जाँच नगराएमा जरिवाना गर्नु पर्ने:** प्रदूषण जाँच स्टिकरको मान्यता अवधि समाप्त भएको सात दिनभित्र पुनः प्रदूषण जाँच नगराएमा देहायको जरिवाना गरी पुनः प्रदूषण जाँच गर्नु पर्नेछः-

(क) प्रदूषण जाँच स्टिकरको अवधि समाप्त भएको तीस दिनसम्म दोब्बर जरिवाना,

(ख) खण्ड (क) मा उल्लिखित अवधि नाघेमा थप एक हजार रुपैयाँदेखि दुई हजार रुपैयाँसम्म जरिवाना ।

११०. **अनुमति प्राप्त सवारी परीक्षण केन्द्रबाट जाँच गराउन सक्नेः** (१) मन्त्रालयले आफ्नो स्रोत साधनबाट सार्वजनिक सवारीको प्रदूषण लगायतका परीक्षण गर्न सम्भव नभएमा शर्तहरू तोकी अनुमति प्राप्त सवारी परीक्षण केन्द्र (भेहिकल फिटनेस टेष्टिङ्ग सेन्टर) बाट जाँचपास गर्न गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुमति प्राप्त परीक्षण केन्द्रबाट भएको परीक्षणका सम्बन्धमा



मधेश प्रदेश सरकार गृह, संचार तथा कानून मन्त्रालय जनकपुरधाम नेपाल

मधेश प्रदेश सरकार गृह सञ्चार तथा कानून ... जनकपुरधाम, नेपाल

अधिकार प्राप्त अधिकारीले अनुगमन गर्दा तोकिएको शर्तअनुरूप परीक्षण भएको नदेखिएमा अनुमति निलम्बन वा खारेज गर्न सक्नेछ ।

१११. **यातायात सेवाको नाम पञ्जीकृत गर्नु पर्ने:** (१) सवारी धनी वा व्यवस्थापकले यातायात सेवाको नाम कार्यालयमा पञ्जीकृत नगरी कुनै पनि सवारी सार्वजनिक यातायात सेवा सञ्चालन गर्ने कार्यमा प्रयोग गर्नु हुँदैन ।

(२) सवारी धनी वा व्यवस्थापकले यातायात सेवाको नाम कार्यालयमा पञ्जीकृत गर्न तोकिएको ढाँचामा तोकिएको दस्तुर बुझाई निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम परेको निवेदन उपर कार्यालयले छानबिन गर्दा यातायात सेवाको नाम पञ्जीकृत गर्न उपयुक्त देखेमा सो नामबाट यातायात सेवा सञ्चालन गर्न निवेदकलाई अनुसूची-७ बमोजिमको ढाँचामा अनुमतिपत्र दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम अनुमति प्राप्त सवारी धनी वा व्यवस्थापकले यातायात सेवा प्रदान

मधेश प्रदेश सरकार
गृह सञ्चार तथा कानून मन्त्रालय
जनकपुरधाम, नेपाल



गर्ने कार्य बन्द गर्न चाहेमा कार्यालयको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(५) उपदफा (३) बमोजिम दिइएको अनुमतिपत्र पाँच वर्षसम्म बहाल रहनेछ ।

(६) पञ्जीकृत यातायात सेवामा काम गर्ने कर्मचारीहरूको नियुक्ति, सेवाका शर्त र सुविधासम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

(७) पञ्जीकृत यातायात सेवामा सवारी साधन थप गर्न चाहेमा अधिकार प्राप्त अधिकारीले तोकिए बमोजिमको दस्तुर लिई सवारी साधन थप गर्न सक्नेछ ।

(८) उपदफा (७) बमोजिम सवारी साधन थप गर्दा पञ्जीकृत यातायात सेवाको पूँजीको अनुपात मिल्ने गरी पूँजी वृद्धिको निस्सा पेश गर्नु पर्नेछ ।

११२. <u>यातायात सेवा सञ्चालन गर्ने अनुमतिपत्रको नवीकरणः</u> (१) दफा १११ को उपदफा (५) बमोजिमको म्याद नाघेको तीन महिनाभित्र यातायात

सेवा सञ्चालन गर्न दिइएको अनुमतिपत्र नवीकरण गरी सक्नु पर्नेछ ।

(२) सवारी धनी, व्यवस्थापक वा निजको प्रतिनिधिले उपदफा (१) बमोजिम अनुमतिपत्र नवीकरण गराउन तोकिएको दस्तुर बुझाई तोकिएको ढाँचामा कार्यालय समक्ष निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको निवेदन परेमा कार्यालयले थप पाँचवर्षको लागि अनुमतिपत्र नवीकरण गर्नु पर्नेछ ।

(४) उपदफा (१) बमोजिमको म्याद नघाई आएमा म्याद नाघेको एक महिनासम्म दस्तुरको अतिरिक्त शत प्रतिशत थप दस्तुर लिई नवीकरण गरिनेछ ।

११३. <u>यातायात सेवा सञ्चालन गर्ने अनुमतिपत्र स्वतः रद्द हुने:</u> (१) दफा ११२ को उपदफा (४) बमोजिम निर्धारित अवधिको पाँच वर्ष भित्र यातायात सेवा सञ्चालन गर्ने अनुमतिपत्र नवीकरण नगराएमा अनुमतिपत्र स्वतः रद्द हुनेछ ।

मधेश प्रदेश सरकार
गृह सञ्चार तथा कानून मन्त्रालय
जनकपुरधाम, नेपाल



(२) उपदफा (१) बमोजिम रद्द भएको अनुमतिपत्रको अभिलेख हटाइनेछ ।

(३) उपदफा (२) बमोजिम अभिलेख हटाइएको अनुमतिपत्र पुनः नवीकरण गरिने छैन ।

११४. **भाडा निर्धारण गर्ने:** (१) कुनै मार्गमा सेवा सञ्चालन गर्ने यात्रीबाहक तथा मालबाहक सार्वजनिक सवारीले लिने भाडा दर तोकिए बमोजिम हुनेछ ।

(२) यात्रीले आफूसँग निःशुल्क लैजान पाउने झिटीगुन्टाको अधिकतम वजन र सो बाहेक भाडा तिरी आफूसँग लैजान पाउने झिटीगुन्टाको अधिकतम वजन तथा भाडा तोकिए बमोजिम हुनेछ ।

११५. **परिचयपत्र नझुण्ड्याएको व्यक्तिले यात्री टिकट बेच्न नहुने:** सार्वजनिक सवारीको यात्री टिकट बिक्रि कार्यमा संलग्न व्यक्तिले सार्वजनिक सवारी सञ्चालन गर्ने पञ्जीकृत यातायात सेवाको कर्मचारी परिचयपत्र नझुण्ड्याई यात्री टिकट बेच्न हुँदैन ।

११६. **यात्री टिकटको ढाँचा:** (१) सार्वजनिक सवारीको यात्री टिकटको ढाँचा तोकिए बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिमको यात्री टिकटमा सम्बन्धित यातायात सेवाको छाप लगाएको हुनु पर्नेछ ।

११७. **ढुवानीको विवरण सहितको बील दिनु पर्ने:** मालबाहक सार्वजनिक सवारीले मालसामान ढुवानी गर्दा विवरण उल्लेख गरिएको ढुवानीको बील तोकिए बमोजिमको ढाँचामा दिनु पर्नेछ ।

११८. **यात्री सूची तयार गर्नु पर्ने:** (१) लामो वा मध्यम दुरीको यातायात सेवा सञ्चालन गर्ने पञ्जीकृत यातायात सेवाले सवारीमा यात्रा गर्ने सबै यात्री, चालक, परिचालक र कर्मचारीको नाम, उमेर र ठेगाना खुलाई यात्री सूची तयार गर्नु पर्नेछ ।

(२) उपदफा १ बमोजिम तयार गरिएको यात्री सूचीको एकप्रति आफूसँग राखी अर्को प्रति अधिकार प्राप्त अधिकारी वा नजिकको ट्राफिक प्रहरी कार्यालय समक्ष दिएर मात्र गन्तव्य स्थानतर्फ प्रस्थान गर्नु पर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिमको कार्यका लागि विद्युतीय प्रणाली मार्फत यात्रीको

गण्डकी प्रदेश सरकार

विवरण अद्यावधिक गर्ने गरी मन्त्रालयले प्रणाली निर्माण गरि प्रयोगमा ल्याउन सक्नेछ ।

११९. **यात्री र मालसामान सुरक्षित रूपमा पुऱ्याउनु पर्ने:** (१) सार्वजनिक यातायात सेवाका धनी वा व्यवस्थापकले मालसामान वा यात्रीलाई गन्तव्य स्थानसम्म निर्धारित समयभित्र सुरक्षित पुर्‍याउनु पर्नेछ ।

तर यात्रीलाई असुविधा हुने गरी गन्तव्य स्थानमा पुग्ने समय निर्धारण गर्न हुँदैन ।

(२) कुनै सार्वजनिक सवारी बिग्रेमा वा विपद्का कारणले सवारी अघि बढाउन नसकिने भएमा यात्रीको सुविधालाई ध्यान पुऱ्याउनु र सवारीमा रहेको मालसामानको सुरक्षा गर्नु सवारी चालक, परिचालक वा कर्मचारीको दायित्व हुनेछ ।

(३) उपदफा (२) मा लेखिएको अवस्थामा सवारी अघि बढाउन नसकिने भएमा सवारी धनी वा व्यवस्थापकले यात्रीहरूलाई गन्तव्य स्थानसम्म पुऱ्याउने वैकल्पिक व्यवस्था गर्नु पर्नेछ ।

१२०. **सिटभन्दा बढी यात्री राख्न नहुने:** यात्रीबाहक सार्वजनिक सवारीमा सो सवारी दर्ता प्रमाणपत्रमा लेखिएको सिट संख्याभन्दा बढी यात्री राख्नु हुँदैन ।

१२१. **यात्रा विश्राम गर्नु पर्ने:** चार घण्टाभन्दा बढीको दुरीमा चल्ने यात्रीबाहक सार्वजनिक सवारीले प्रत्येक चार घण्टामा एकपटक पन्ध्र मिनेट विश्राम गर्नु पर्नेछ ।

१२२. **चालकको पालो फेर्नु पर्ने:** लामो दुरीको यातायात सेवा सञ्चालन गर्ने यात्रीबाहक सार्वजनिक सवारीमा दुईवटा चालक अनिवार्य रूपमा राखी प्रत्येक छ/छ घण्टामा पालै पालोसँग सवारी चलाउने व्यवस्था यातायात सेवा सञ्चालकले गर्नु पर्नेछ ।

१२३. **टिकट नदिई यात्रा प्रतिबन्ध:** (१) कुनै पनि व्यक्तिलाई सवारी साधनमा यात्रा गराउँदा यातायात सेवा संचालकले अनिवार्य टिकट जारी गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि लामो दुरीको यात्रामा यात्रीको नाम, थर, ठेगाना र गन्तव्य सहितको विवरण आधिकारिक टिकटमा नखुलाई यात्रा गराउन पाइने छैन ।

(३) उपदफा (१) र (२) बमोजिम टिकटको सम्बन्धमा मन्त्रालयले कार्यविधि बनाई विद्युतीय भुक्तानीको व्यवस्था गर्न सक्नेछ। यसरी विद्युतीय माध्यमबाट भुक्तानीको व्यवस्था भएमा टिकट लिई यात्रा गरेको मानिनेछ ।

१२४. **<u>मार्गको नक्सा र समय तालिकाको जानकारी गराउने</u>:** (१) प्रत्येक बस बिसौनीमा सो बस बिसौनीबाट प्रस्थान गर्ने गन्तव्य स्थानको मार्गको नक्सा र सार्वजनिक सवारी प्रस्थान गर्ने समय, भाडादर तथा गन्तव्य स्थानमा पुग्ने समय तालिका जानकारीको लागि टाँस्नु वा जडान गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम टाँसिएको वा जडान गरिएको मार्ग, नक्सा, भाडादर वा समय तालिकामा फेरबदल भएमा सोको सूचना यात्रीलाई तुरुन्त दिने व्यवस्था गर्नु पर्नेछ ।

१२५. **<u>सिट सुरक्षित राख्नु पर्ने</u>:** यात्रीबाहक ठुलो सार्वजनिक सवारीमा अशक्त, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक र गर्भवती/सुत्केरी महिलाका लागि सिट सुरक्षित राख्नु पर्नेछ ।

१२६. **सुरक्षाकर्मी उपलब्ध गराउन सक्ने:** (१) मध्यम र लामो दुरीका यात्रीबाहक सार्वजनिक यातायात सेवा सञ्चालकले सवारी तथा यात्रीहरूको सुरक्षाको लागि आवश्यकता अनुसार सुरक्षा गार्ड राख्नु पर्नेछ ।

(२) मध्यम र लामो दुरीका यात्रीबाहक सार्वजनिक यातायात सेवा सञ्चालकले सवारी तथा यात्रीहरूको सुरक्षाको लागि विशेष परिस्थितिमा सवारीमा सुरक्षाकर्मी उपलब्ध गराई दिन सुरक्षा निकायसँग अनुरोध गरेमा सो निकायले सुरक्षाकर्मी उपलब्ध गराउन सक्नेछ ।

१२७. **अनुचित व्यवहार गर्न नहुने:** कसैले पनि यात्री, चालक, परिचालक तथा कर्मचारी सँग अनुचित व्यवहार गर्नु, गराउनु हुँदैन ।

१२८. **सार्वजनिक सवारीमा सी.सी. क्यामेरा जडान:** लामो र मध्यम दुरीका सार्वजनिक सवारीमा सी.सी. क्यामेरा जडान गर्नु पर्नेछ ।

१२९. **चालकसँग कुरा गर्न नहुने:** सार्वजनिक सवारी चलिरहेको समयमा कसैले पनि सो सवारी चलाई रहेको समयमा चालकसँग कुरा गर्न वा निजलाई

मधेश प्रदेश सरकार
गृह सञ्चार तथा कानून मन्त्रालय
जनकपुरधाम, नेपाल

सवारी चलाउने कार्यमा बाधा पुग्ने कुनै कार्य गर्न वा गराउन हुँदैन ।

१३०. **चालकले मोबाइल वा विद्युतीय उपकरण प्रयोग गर्न नहुने:** सवारी चलाइरहेको अवस्थामा चालकले मोबाइल वा ध्यान विकेन्द्रित गर्ने विद्युतीय उपकरण प्रयोग गर्नु हुँदैन ।

१३१. **फेला परेको मालसामान बुझाउनु पर्ने:** सार्वजनिक सवारीमा फेला परेको मालसामान सवारीको कर्मचारीले तत्काल सवारी धनी वा व्यवस्थापकलाई बुझाउनु पर्नेछ । सवारी धनी वा व्यवस्थापकले मालसामान प्राप्त हुनासाथ नजिकको प्रहरी कार्यालयमा बुझाउनु पर्नेछ ।

१३२. **यात्री लिन इन्कार गर्न नहुने:** मध्यम वा लामो दुरीमा चल्ने वा एक्सप्रेस यातायात सेवा प्रदान गर्ने सार्वजनिक सवारी बाहक अन्य सार्वजनिक सवारीले सिट खाली रहेको अवस्थामा यात्री लिन ईन्कार गर्नु हुँदैन ।

१३३. **मन्त्रालयको विशेष अधिकार:** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सार्वजनिक सवारीलाई कुनै खास अवधिसम्मको लागि कुनै

ठाँउमा यातायात सेवा सञ्चालन गर्नु पर्ने गरी मन्त्रालयले सञ्चालकलाई आदेश दिन सक्नेछ ।

## परिच्छेद -७

## आवागमन नियन्त्रण

१३४. <u>निर्धारित गतिको पालनाः</u> (१) गति निर्धारण गरिएको स्थानमा निर्धारित गतिभन्दा बढी गतिमा सवारी चलाउन हुँदैन ।

तर दमकल, एम्बुलेन्स, सुरक्षा निकाय तथा बिरामी लैजाने कामको सिलसिलामा सडकमा हिड्ने बटुवा तथा अन्य सवारीलाई सचेत गर्न विशेष किसिमको ध्वनी तथा बत्तीको प्रयोग गरी चलाइएको सवारीको हकमा वाध्यात्मक बाधा पर्ने छैन ।

(२) उपदफा (१) बमोजिम गति निर्धारण गरी बढी वेगमा सवारी चलाउन निषेधित सार्वजानिक स्थानमा निर्धारित गति सम्बन्धी सूचना वा संकेत टाँस्न वा जडान गर्न लगाउनु पर्नेछ ।

१३५. <u>सवारीको वजनः</u> (१) प्रदेश सरकारले प्रदेश राजपत्रमा प्रकाशन गरी तोकिएको सडकमा चल्ने सवारीको सुरक्षित एक्सल सूचना वजनको

मधेश प्रदेश सरकार
गृह सञ्चार तथा कानून मन्त्रालय
जनकपुरधाम, नेपाल



अधिकतम हद निर्धारण गर्न सक्नेछ। त्यस्तो सडकमा सूचनामा तोकिएको एक्सल वजनभन्दा बढी वजन भएका सवारी चलाउन वा चलाउन लगाउन हुँदैन ।

(२) मन्त्रालयले कुनै सार्वजनिक स्थानको सम्बन्धमा सवारीको वजनको हद निर्धारण गर्न सक्नेछ । यसरी सवारीको वजनको हद निर्धारण गरिएको भए त्यसरी निर्धारित वजनभन्दा बढी हुने गरी त्यस्तो सार्वजनिक स्थानमा कसैले सवारी चलाउन वा चलाउन लगाउन पाइने छैन।

१३६. यात्रीको संख्या र मालसामानको वजन तोक्नेः (१) सार्वजनिक सवारीमा राख्न सकिने यात्रीको संख्या र मालसामानको वजन मन्त्रालयले निर्धारण गरी सोको सूचना सर्वसाधारणको जानकारीको लागि प्रकाशित गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निर्धारित मानिसको संङ्ख्या र मालसामानको वजनभन्दा बढी हुने गरी कुनै पनि सवारीमा यात्री वा मालसामान राख हुँदैन ।

मधेश प्रदेश सरकार
गृह सञ्चार तथा कानून मन्त्रालय
जनकपुरधाम



(३) मन्त्रालयले मालबाहक सवारीले क्षमताभन्दा बढी वजन बोके नबोकेको सम्बन्धमा परिक्षण गर्नका लागि आवश्यक स्थानमा तोकिए बमोजिमको तौल गर्ने मेसिन राखी सवारीको तौल लिने व्यवस्था गर्नेछ ।

१३७. **सवारी चलाउन प्रतिबन्ध लगाउने:** (१) अधिकार प्राप्त अधिकारीले सार्वजनिक सुरक्षा तथा सर्वसाधारणको भलाईको लागि कुनै सार्वजनिक स्थानमा कुनै सवारी चलाउन प्रतिबन्ध लगाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रतिबन्ध लगाइएमा सोको सूचना त्यस्तो स्थानमा टाँस्न, टाँग्न वा जडान गर्नु पर्नेछ ।

१३८. **सवारी साधन चलाउन रोक लगाउने:** अधिकार प्राप्त अधिकारीले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी वा उपयुक्त ट्राफिक व्यवस्थापनका आवश्यक साधन प्रयोग गरी सबै किसिमको (यान्त्रिक तथा अन्य) सवारी चलाउन रोक लगाउन वा एकतर्फी सञ्चालन गर्न वा केही दिन वा केही समय रोक्न सक्नेछ ।

मधेश प्रदेश सरकार गृह सञ्चार तथा कानून मन्त्रालय जनकपुरधाम, नेपाल

१३९. **ट्राफिक सङ्केत टाँस्ने, टाँग्ने वा जडान गर्ने:** (१) अधिकार प्राप्त अधिकारीले आवश्यक देखेको सार्वजनिक स्थानमा आवश्यक ट्राफिक सङ्केत टाँस्न, टाँग्न वा जडान गर्न लगाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम टाँसिएको, टाँगिएको वा जडान गरिएको ट्राफिक सङ्केतहरू अधिकार प्राप्त अधिकारीले तोकेको व्यक्ति बाहेक अरु कसैले सो स्थानबाट हटाउन, बदल्न, हेरफेर गर्न, मेट्न, च्यात्न वा केरमेट गर्नु हुँदैन ।

१४०. **ट्राफिक सङ्केतको पालन गर्नु पर्ने:** (१) सवारी चालक, यात्री र पैदल यात्रीले ट्राफिक सङ्केतको पालना गर्नु पर्नेछ ।

(२) सवारी चालक, यात्री र पैदल यात्रीले पालन गर्नु पर्ने ट्राफिक सङ्केत तोकिए बमोजिम हुनेछ ।

१४१. **रङ्गिन सिसा प्रयोग गर्न नहुने:** (१) कुनै पनि सवारीमा बाहिरबाट सवारीभित्र नदेखिने गरी रंगिन सिसा राख्न वा सिसामा अन्य कुनै वस्तुको प्रयोग गरी रङ्गिन बनाउन पाइने छैन ।

मधेश प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
जनकपुरधाम, नेपाल



तर प्रदेश सरकारले सुरक्षाको दृष्टिबाट उपयुक्त ठहर्‍याएका सवारीको हकमा लागू हुने छैन ।

(२) कसैले उपदफा (१) प्रतिकुलको काम गरेमा ट्राफिक प्रहरीले त्यस्तो सवारीलाई रङ्गिन सिसा वा सिसामा प्रयोग गरेको वस्तु नहटाएसम्म सवारी चलाउन प्रतिबन्ध लगाउन सक्नेछ ।

१४२. <u>पार्किङ्ग स्थल, बस बिसौनी र चार्जिङ्ग स्टेशन निर्धारण गर्नेः</u> (१) मन्त्रालयले सवारीको पार्किङ्ग विल्डिङ्ग पार्किङ्ग, खुल्ला पार्किङ्ग, बस बिसौनी स्थान, चार्जिङ्ग स्टेशन आफै बनाउन/निर्धारण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको कार्यका लागि मन्त्रालयले निर्धारण गरेको स्थानलाई सरोकारवाला निकायले सहयोग गर्नु पर्नेछ ।

(३) स्थानीय सडक कार्यालय, ट्राफिक प्रहरी कार्यालय र सम्बन्धित स्थानीय तहका पदाधिकारीहरुले मन्त्रालयसँग समन्वय गरी

मधेश प्रदेश सरकार
गृह संचार तथा कानून मन्त्रालय
जनकपुरधाम, नेपाल



सवारीको पार्किङ स्थान र बिसौनी निर्धारण गर्नु पर्नेछ ।

(४) मन्त्रालयले कुनै व्यक्ति, फर्म वा कम्पनीको निजी लगानीमा पार्किङ स्थानको निर्माण तथा सञ्चालन गर्दा पालन गर्नु पर्ने मापदण्ड तोक्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिमको मापदण्डको पालन गर्नु सम्बन्धित व्यक्ति, फर्म वा कम्पनीको कर्तव्य हुनेछ।

१४३. **सवारीलाई खतरा हुने किसिमबाट राख्न नहुने:** (१) सवारी वा व्यक्तिलाई खतरा, बाधा वा असुविधा हुने गरी कुनै पनि सवारी सार्वजनिक स्थानमा राख्नु हुँदैन ।

(२) कुनै सवारी चलाउँदा चलाउँदै बिग्रिएमा त्यस्तो सवारी तत्काल अन्यत्र लैजान नसकिने भएमा सडकको बायाँ किनारा लगाई रात्रीको समयमा त्यस्तो सवारीलाई अन्य सवारीले टाढैबाट देखसक्ने गरी रातो बत्ती वा रिफ्लेक्टर लगाई राख्नु पर्नेछ ।

मधेश प्रदेश सरकार
सञ्चार तथा कानून मन्त्रालय
जनकपुरधाम, नेपाल

१४४. <u>एकीकृत सवारी सेवा केन्द्र सञ्चालनः</u> (१) मन्त्रालयले ठूलो सहरभित्र जाने सवारीको प्रवेशलाई व्यवस्थित गर्न देहायको प्रयोजनको लागि आवश्यक एकीकृत सवारी सेवा केन्द्रको व्यवस्था मिलाउने छः-

(क) वातावरण प्रदूषण रोकथाम गर्ने सम्बन्धमा,

(ख) सुरक्षा प्रबन्ध गर्ने सम्बन्धमा,

(ग) सहरभित्र जाने सवारीको मापदण्ड पालनाको अवस्थाका सम्बन्धमा,

(घ) सवारी चेक जाँच सम्बन्धी विषय,

(ङ) अन्य कार्य ।

(२) स्वीकृत सवारी सेवा केन्द्र संचालन सम्बन्धी अन्य कार्य तोकिए बमोजिम हुनेछ ।

१४५. <u>सवारीको अन्य भागमा यात्री राख्न नहुनेः</u> सवारी चालक वा सवारी धनी वा व्यवस्थापकले सवारीमा यात्री सिट बाहेक सवारीको अन्य भागमा यात्री राखी सवारी चलाउनु वा चलाउन लगाउनु हुँदैन ।

१४६. <u>चालकलाई बाधा पुग्ने काम गर्न नहुनेः</u> कसैले चालकको क्षेत्र (ड्राइभर केविन) भित्र चालकलाई

मधेश प्रदेश सरकार
गृह सञ्चार तथा कानून मन्त्रालय
जनकपुरधाम, नेपाल



प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा बाधा पुग्ने गरी मालसामान राखी वा उभिई वा अन्य कुनै प्रकारबाट बाधा पुग्ने व्यवहार गर्नु हुँदैन ।

१४७. <u>ट्राफिक प्रहरीलाई दुर्व्यवहार गर्न नहुने:</u> कर्तव्य पालनको सिलसिलामा खटिएका ट्राफिक प्रहरी वा यातायात निरीक्षकलाई हातपात वा दुर्व्यवहार गर्नु हुँदैन ।

१४८. <u>आवागमनमा बाधा पार्न नहुने:</u> (१) सार्वजनिक स्थानमा व्यक्ति वा सवारीको आवागमनमा बाधा पुग्ने गरी मालसामान वा निर्माण सामाग्री राख्नु हुँदैन ।

(२) उपदफा (१) विपरीत मालसामान राखिएमा ट्राफिक प्रहरीले प्रचलित कानून बमोजिम जरिवाना वा जफत गर्न सक्नेछ ।

१४९. <u>सवारीलाई बाधा पुऱ्याउन नहुने:</u> कसैले पनि मार्ग इजाजत प्राप्त सवारीलाई इजाजतपत्रमा तोकिएको मार्गमा सञ्चालन गर्न कुनै किसिमको बाधा पुऱ्याउन पाइने छैन ।

१५०. <u>सडक पार गर्ने:</u> पैदल यात्रीले जेब्राक्रसिङ वा निर्धारित स्थानबाट सडक पार गर्नु पर्नेछ ।

मधेश प्रदेश सरकार
गृह सञ्चार तथा कानून मन्त्रालय
जनकपुरधाम



१५१. **सडकमा खाल्डो खन्दा सङ्केत चिन्ह राख्नु पर्नेः** (१) कुनै काम परी सडकमा खाल्डो खन्दा वा कटान गर्दा सम्बन्धित कार्यालयको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम खन्ने वा कटान गर्ने स्वीकृति दिंदा दुर्घटना नहुने किसिमबाट सङ्केत चिन्ह राख्न लगाउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको कार्य सम्पन्न भएपछि खनिएको सडक साविक अवस्था हुने गरी बनाउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको कार्य भए नभएको स्वीकृति दिने निकायले यकिन गर्नु पर्नेछ।

१५२. **सवारीमा साङ्केतिक चिन्ह राख्नु पर्नेः** कुनै पनि किसिमको जोखिमयुक्त मालसामान ढुवानी गर्ने कार्यमा संलग्न मालबाहक सवारीमा त्यस्तो मालसामान रहेको कुरा अन्य सवारी तथा सर्वसाधारणको जानकारीको लागि देखिने गरी साङ्केतिक चिन्ह राख्नु पर्नेछ ।

१५३. **सिकारुले सवारी चलाएकोमा सङ्केत राख्नु पर्नेः** (१) सिकारुले सवारी चलाएकोमा त्यस्तो सवारी साधान,

मधेश प्रदेश सरकार
...चार तथा कानून मन्त्रालय
जनकपुरधाम, नेपाल

अगाडी र पछाडी भागमा कम्तीमा दश मिटर टाढैबाट प्रष्ट देख्न सक्ने गरी ठुलो अक्षरमा सिकारु भन्ने सङ्केत उल्लेख गर्नु पर्नेछ ।

(२) सिकारु व्यक्तिले राजमार्ग वा सहायक राजमार्ग बाहेकका सडकमा मात्र सवारी चलाउनु पर्नेछ ।

१५४. <u>सवारीलाई मार्ग परिवर्तन गर्ने र यात्रीलाई बन्धक बनाउन नहुने:</u> (१) चालकले आफ्नो सवारी निर्दिष्ट मार्गमा चलाइरहेको समयमा सो सवारीलाई अन्य मार्गबाट लैजान कुनै पनि व्यक्तिले डर, त्रास देखाउन वा कुनै किसिमको शक्तिको प्रयोग गर्न वा गराउन हुँदैन ।

(२) कसैले सवारीमा रहेका कुनै पनि व्यक्तिलाई बन्धक बनाई त्यस्तो सवारी वा बन्धक बनाइएको व्यक्तिको मुक्तिको लागि कुनै पनि किसिमको माग राख्नु हुँदैन ।

१५५. <u>दुर्घटनामा परेका सवारी र यात्रीको हानि नोक्सानी गर्न नहुने:</u> कुनै सवारी दुर्घटनामा परी हताहत वा घाइते भएका यात्री तथा सवारीमा काम गर्ने व्यक्तिलाई कुटपिट, दुर्व्यवहार वा तिनीहरूको

मधेश प्रदेश सरकार
उद्योग, पर्यटन तथा वन मन्त्रालय
जनकपुरधाम



मालसामानको हिनामिना गर्न, खोस्न वा तिनीहरूलाई कुनै पनि किसिमले हानिनोक्सानी पुर्‍याउनु हुँदैन ।

१५६. <u>सवारी चलाउँदा सुरक्षापेटी तथा हेल्मेट लगाउनु पर्ने</u>: (१) तोकिए बमोजिमको सवारी चलाउँदा चालक तथा सवारीको अघिल्लो सिटमा बस्ने व्यक्तिले सुरक्षा पेटी बाँध्नु पर्नेछ ।

(२) मोटर साइकल, स्कुटर, मोपेड, विद्युतीय स्कुटर, विद्युतिय साइकल तथा अन्य त्यस्तै दुई पाङ्ग्रे सवारी चलाउँदा चालकले तथा सो सवारीमा बस्ने व्यक्तिले सुरक्षा टोपी (हेल्मेट) लगाउनु पर्नेछ ।

१५७. <u>कागजात देखाउनु पर्ने</u>: (१) सवारी चालकले सवारी चलाउँदा सवारी दर्ता प्रमाणपत्र, मार्ग इजाजतपत्र र अन्य आवश्यक कागजात साथमा राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कुनै कागजात प्रहरी वा यातायात निरीक्षकले चेकजाँचको सिलसिलामा हेर्न खोजेमा सवारी चालक, सवारी धनी वा व्यवस्थापकले देखाउनु पर्नेछ ।

१५८. <u>सवारी रोक्नु पर्ने</u>: सवारी चालकले आफूले चलाइरहेको सवारी देहायको अवस्थामा रोक्ने सङ्केत

मधेश प्रदेश सरकार
गृह सञ्चार तथा कानून मन्त्रालय
जनकपुरधाम, नेपाल


गरेमा आवश्यकता अनुसार उचित समयसम्म रोकी राख्नु पर्नेछः-

(क) प्रहरी वा यातायात निरीक्षकले सवारी रोक्न सङ्केत गरेमा वा आदेश दिएमा,

(ख) कुनै जनावर झस्की वा तर्सी बेकाबु हुने सम्भावना भई सो जनावर तत्काल जिम्मामा रहेको व्यक्तिले सवारी रोक्न सङ्केत गरेमा वा अनुरोध गरेमा,

(ग) सवारी दुर्घटनाग्रस्त भई कुनै व्यक्ति, जनावर वा सम्पत्तिको हानिनोक्सानी भएमा,

(घ) जेब्राक्रसिङ, दोबाटो वा चौबाटो रहेको ट्राफिक बत्तीले रोक्ने सङ्केत गरेमा ।

१५९. <u>दुर्घटनामा चालकको कर्तव्यः</u> (१) सवारी दुर्घटनामा परी व्यक्तिको जिउ ज्यानमा कुनै किसिमको खतरा वा चोटपटक पर्न गएमा सवारी चालक, परिचालक, वा अन्य कर्मचारीले घाइतेको उपचारको लागि तुरुन्त आवश्यक व्यवस्था गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सवारी दुर्घटना भएको स्थानमा प्रहरी नभएमा चालक, परिचालक वा अन्य कर्मचारीले तुरुन्त दुर्घटनाको

मधेश प्रदेश सरकार गृह, संचार तथा कानून मन्त्रालय जनकपुरधाम, नेपाल



जानकारी तथा विवरण नजिकको प्रहरी कार्यालयलाई दिनु पर्नेछ ।

१६०. <u>आवश्यक सहयोग गर्नु पर्ने:</u> दुर्घटनामा परेको सवारी वा सवारीमा रहेका यात्रीलाई सबैले आवश्यक सहयोग गर्नु पर्नेछ ।

१६१. <u>दुर्घटना परेको सवारीको निरीक्षण:</u> प्रहरीले दुर्घटनाको छानबिनको लागि निरीक्षण गर्न आवश्यक देखेमा दुर्घटना परेको सवारी नियन्त्रणमा लिई वा सवारी रहेको ठाउँमा गई निरीक्षण गर्न सक्नेछ ।

१६२. <u>सवारी बायाँतिरबाट चलाउनु पर्ने:</u> सार्वजनिक सडकमा सवारी चलाउँदा सवारी चालकले तोकिएको सडक वा स्थान बाहेक अन्य सडकमा बायाँ किनार तर्फबाट चलाउनु पर्नेछ ।

१६३. <u>सवारीले संकेत दिनुपर्ने:</u> पछाडिको सवारीले उछिनी जानको लागि सङ्केत दिएमा अगाडिको सवारीले अवस्था अनुसार गति सिमित गरी अगाडि जानको लागि पछाडिको सवारीलाई सङ्केत गर्नु पर्नेछ।

१६४. <u>सडक पेटीमा हिड्नु पर्ने:</u> पैदल यात्रीले पेटी भएको सडकमा हिड्दा सडक पेटीमा हिड्नु पर्नेछ ।

मधेश प्रदेश सरकार
गृह सञ्चार तथा कानून मन्त्रालय
जनकपुरधाम



तर पेटी नभएको सडकमा हिड्दा सो सडकको बायाँ किनाराबाट हिड्नु पर्नेछ ।

१६५. **घरपालुवा पशुपंक्षी छाड्न नहुने:** कसैले पनि सार्वजनिक सडक तथा सडक किनाराको क्षेत्रमा घरपालुवा पशुपंक्षी छाड्न हुँदैन ।

तर काबु बाहिरको परिस्थितिमा पशुपंक्षी सडकमा आएमा सवारीलाई बाधा नपुग्ने गरी सार्वजनिक स्थानबाट हटाउनु पर्नेछ ।

१६६. **निर्धारित ठाँउबाट बाटो काट्नु पर्ने:** पैदल हिडने मानिसले मार्ग काट्नु पर्दा जेब्रा क्रसिङ्ग, सब-वे, ओभरहेड ब्रीज वा त्यस्तो मार्ग काट्नको लागि निर्धारित गरिएको ठाँउबाट मात्र मार्ग काट्नु पर्नेछ ।

१६७. **घुम्ती निरीक्षक:** (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको पालना गरे नगरेको निरीक्षण गर्न प्रहरी वा यातायात निरीक्षकले आवश्यकता अनुसार घुम्ती निरीक्षण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम घुम्ती निरीक्षण गर्दा प्रहरी वा यातायात निरीक्षकले दफा १६८ बमोजिमको काम कारबाही भएको देखेमा

तत्काल यस ऐन बमोजिमको सजाय गर्न सक्नेछ ।

१६८. सवारी चालकले गर्न नहुने काम: यस ऐनमा अन्यत्र लेखिएका कुराको अतिरिक्त सवारी चालकले देहायको काम गर्नु हुँदैन:-

(क) आफ्नो सवारी चालक अनुमतिपत्र अरुलाई प्रयोग गर्न दिनु,

(ख) मादक पदार्थ वा अन्य लागू पदार्थ सेवन गरी सवारी चलाउन,

(ग) लापरवाही गरी सवारी चलाउन,

(घ) सवारीको पार्ट पूर्जा बिग्री वा अवस्था ठीक नभएको सवारी चलाउन,

(ङ) अँध्यारो वा कुहिरो लागेको समयमा सवारीको बत्ती नबाली सवारी चलाउन,

(च) अरुको सवारी चालक अनुमतिपत्र लिई सवारी चलाउन ।

१६९. प्रचार प्रसार गर्नु पर्ने: सवारी दुर्घटनाको रोकथाम गर्न ट्राफिक सङ्केतको जानकारी सर्वसाधारणलाई गराउन समय समयमा सम्बन्धित मन्त्रालयले सञ्चार

मधेश प्रदेश सरकार
संचार तथा कानून मन्त्रालय
जनकपुरधाम

माध्यमबाट ट्राफिक सङ्केत सम्बन्धी प्रचार प्रसार गर्नु पर्नेछ ।

## परिच्छेद -८

## बीमा सम्बन्धी व्यवस्था

१७०. **सवारीको बीमा गराउनु पर्नेः** (१) सवारी धनी वा व्यवस्थापकले तोकिए बमोजिम सवारीको बीमा गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम बीमा नगरेको सवारी दर्ता प्रमाणपत्र नवीकरण गरिने छैन र सार्वजनिक सवारी भए मार्ग इजाजतपत्र प्रदान गरिने छैन ।

१७१. **चालक, परिचालक, तथा अन्य कर्मचारीको बीमाः** (१) यातायात सेवामा संलग्न सवारी चालक, परिचालक तथा अन्य कर्मचारीको तोकिए बमोजिमको रकमको दुर्घटना बीमा सवारी धनी वा व्यवस्थापकले गर्नु पर्नेछ ।

(२) सवारी दुर्घटनाबाट चालक, परिचालक, तथा अन्य कर्मचारीको अङ्गभङ्ग वा मृत्यु भएमा बिमित रकम स्वयं वा नजिकको हकवालाले पाउनेछ ।

(३) उपदफा (१) बमोजिम चालक, परिचालक तथा अन्य कर्मचारीको बीमा नगराई यातायात सेवा सञ्चालन गर्दा कुनै सार्वजनिक सवारी दुर्घटना हुन गई हानिनोक्सानी भएमा निजले पाउनु पर्ने उपदफा (१) बमोजिमको बीमा रकम स्वयं वा नजिकको हकवालालाई सवारी धनी वा व्यवस्थापकले क्षतिपूर्ति बापत दिनु पर्नेछ ।

१७२. <u>यात्रीको बीमाः</u> (१) यातायात सेवा सञ्चालन गर्ने सवारी धनी वा व्यवस्थापकले यात्रा गर्ने यात्रीको तोकिएको रकमको दुर्घटना बीमा गराउनु पर्नेछ ।

(२) सवारी दुर्घटनाबाट यात्रीको अङ्गभङ्ग भएमा निजले दुर्घटना बीमाको रकम पाउनेछ र मृत्यु भएमा नजिकको हकवालाले दुर्घटना बीमाको रकम पाउनेछ ।

(३) उपदफा (१) बमोजिम यात्रीको बीमा नगराई यातायात सेवा सञ्चालन गर्दा कुनै सार्वजनिक सवारी दुर्घटना भई यात्रीलाई हानि नोक्सानी भएमा बीमा रकम निज वा निजको हकवालालाई सवारी धनी वा व्यवस्थापकले क्षतिपूर्ति रकम दिनु पर्नेछ ।

मधेश प्रदेश सरकार
जनकपुरधाम, नेपाल



१७३. **सामानको बीमाः** (१) यातायात सेवा सञ्चालन गर्ने सवारी धनी वा व्यवस्थापकले यात्री सामानको तोकिएको रकमको बीमा गराउनु पर्नेछ ।

(२) सामानको वास्तविक मूल्य जतिसुकै भए तापनि कुनै कारणबाट सामान हराए वा नष्ट भएमा उपदफा (१) बमोजिम गरिएको बीमा रकमभन्दा बढी सवारी धनी वा व्यवस्थापकले तिर्नु पर्ने छैन ।

तर बहुमूल्य सामानको हकमा पहिले जानकारी गराएको अवस्थामा बीमा रकमले नपुग्ने भएमा सवारी धनी वा व्यवस्थापकले थप क्षतिपूर्ति रकम दिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम सामानको बीमा नगराई यातायात सेवा सञ्चालन गर्दा सामान हराए वा नष्ट भएमा यात्रीले पाउनु पर्ने बीमा रकम यात्री वा निजको हकवालालाई सवारी धनी वा व्यवस्थापकले क्षतिपूर्ति बापत दिनु पर्नेछ ।

१७४. **तेस्रो पक्षको बीमाः** (१) सवारी दुर्घटनाबाट तेस्रो पक्ष वा निजको कुनै सम्पत्ति नोक्सान भएमा क्षतिपूर्ति दिने प्रयोजनका लागि सवारी धनी वा

मधेश प्रदेश सरकार आन्तरिक मामिला तथा कानून मन्त्रालय जनकपुरधाम, नेपाल

व्यवस्थापकले तोकिएको रकमको तेस्रो पक्ष बीमा गराउनु पर्नेछ ।

(२) सवारी दुर्घटनाबाट तेस्रो पक्ष वा निजको सम्पत्ति नोक्सान भएमा क्षतिपूर्ति बापत उपदफा (१) बमोजिमको रकम निज वा निजको हकवालाले पाउनेछ ।

(३) उपदफा (१) बमोजिम तेस्रो पक्ष वा कम्प्रिहेन्सिभ बीमा नगराई चलाएको सवारी दुर्घटना भई तेस्रो पक्ष वा निजको सम्पत्ति नोक्सानी भएमा तेस्रो पक्ष वा निजको हकवालाले पाउनु पर्ने उपदफा (२) बमोजिमको रकम सवारी धनी वा व्यवस्थापकले निज वा निजको हकवालालाई क्षतिपूर्ति बापत दिनु पर्नेछ ।

१७५. <u>क्षतिपूर्तिको रकम प्रमुख जिल्ला अधिकारीले भराई दिने</u>: यस ऐन बमोजिम बीमा नगराएको अवस्थामा दफा १७१ को उपदफा (३), दफा १७२ को उपदफा (३), दफा १७३ को उपदफा (३) र दफा १७४ को उपदफा (३) बमोजिम सवारी धनी वा व्यवस्थापकबाट भराउनु पर्ने क्षतिपूर्तिको रकम

मधेश प्रदेश सरकार
प्रदेश तथा कानून मन्त्रालय
जनकपुरधाम, नेपाल



निजहरूबाट प्रमुख जिल्ला अधिकारीले भराइदिनु पर्नेछ ।

## परिच्छेद-९

## सवारी साधन कर तथा लिलाम सम्बन्धी व्यवस्था

१७६. <u>एकमुष्ट कर बुझाउन सकिने:</u> (१) सवारी धनीले सवारी साधन बापत एकमुष्ट सवारी साधन कर बुझाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको कर सवारी साधनको अधिकृत बिक्रेता (एजेन्सी)बाट शुरू खरिद मूल्यको पाँच प्रतिशत पन्ध्र वर्षको लागि सवारी सधान कर निर्धारण गरिनेछ ।

(३) उपदफा (२) बमोजिम कर तिरेको सवारी साधनको शुरू खरिद मूल्यको एक प्रतिशत नविकरण शुल्क लिई सो खरिद मूल्यमा पाँच प्रतिशत पुनः पन्ध्र वर्षका लागि सवारी साधन कर निर्धारण गरिनेछ ।

(४) उपदफा (१) बमोजिमको कर मोटरसाइकल, स्कुटी, मोपेडजस्ता सवारी साधनको क्षमताको आधारमा अधिकृत बिक्रेता (एजेन्सी)बाट

मधेश प्रदेश सरकार गृह सञ्चार तथा कानून मन्त्रालय जनकपुरधाम, नेपाल

शुरू खरिद मूल्यमा पन्ध्र वर्षको लागि देहाय अनुसार सवारी सधान कर बुझाउनु पर्नेछः-

(क) १५० सिसिसम्मका लागि पाँच प्रतिशत,

(ख) १५१ भन्दा माथि ४०० सिसिसम्मका लागि छ प्रतिशत,

(ग) ४०० सिसि भन्दामाथि लागि सात प्रतिशत ।

(५) उपदफा (४) बमोजिमको कर तिरेको सवारी साधनको शुरू खरिद मूल्यको एक प्रतिशत नविकरण शुल्क लिई उपदफा (४) बमोजिम क्षमताका आधारमा निर्धारित प्रतिशत पुनः पन्ध्र वर्षका लागि सवारी सधान कर निर्धारण गरिनेछ ।

(६) यो ऐन लागू हुनुभन्दा पहिले खरिद भएका सवारी साधनको सवारी धनी उपदफा (१) बमोजिमको कर बुझाउन आएमा पन्ध्र वर्षलाई सीमा अवधि मानी पन्ध्रले भाग गरी बाँकी कर लिई प्रयोग अवधि घटाएर पन्ध्र वर्ष पुग्न बाँकी अवधि सम्मको कर लिनु पर्नेछ । यसका लागि उपदफा

(२) वा (४) बमोजिमको सवारी साधनको आधारमा लाग्ने प्रतिशतलाई आधार लिइनेछ ।

(७) उपदफा (१) बमोजिमको सवारी साधन कर पहिलो पन्ध्र वर्ष अवधि समाप्त भएपछि मात्र अर्को पन्ध्र वर्षको अविधको कर लिनु पर्नेछ ।

(८) कुनै सवारी साधन दर्ता भएको मितिले तीस वर्षपछि पनि प्रयोग गर्नु परेमा सवारीको फिटनेस परिक्षणको प्रमाणको आधारमा गरिनु पर्नेछ । यसरी तीस वर्षपछि प्रयोग हुने सवारी साधनको कर वार्षिक रूपमा बुझाउनु पर्नेछ ।

१७७. <u>वार्षिक कर बुझाउनु पर्ने:</u> (१) करदाताले प्रत्येक आर्थिक वर्षका लागि प्रचलित कानून बमोजिम सवारी साधन कर बुझाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कर प्रत्येक आर्थिक वर्षको दर्ता नवीकरण गर्ने म्यादभित्र बुझाई सक्नु पर्नेछ ।

(३) नयाँ दर्ता गरिने सवारी साधनको हकमा सवारी साधन दर्ता गराउनु अगावै जुन

महिनामा भन्सार तिरी छुटाएको छ सोही महिनादेखिको दामासाहीले लाग्ने कर बुझाउनु पर्नेछ ।

१७८. <u>**एकमुष्ट वा वार्षिक कर बुझाउन सक्ने:**</u> सवारी साधन धनीले सवारी साधन कर बुझाउँदा ऐनको दफा १७६ को एकमुष्ट कर वा दफा १७७ को वार्षिक कर प्रणाली मध्ये कुनै एक कर प्रणाली छनौट गरी सवारी साधन कर बुझाउन सक्नेछ ।

१७९. <u>**नामसारी गर्नु अगावै कर तिर्नु पर्ने:**</u> सवारी साधनको नामसारी गराउनु पर्दा सो अगावै प्रचलित कानून बमोजिम कर तिर्नु पर्नेछ ।

१८०. <u>**कर तिरेको प्रमाण हेर्नु पर्ने:**</u> सवारी साधनको नयाँ दर्ता गर्ने, दर्ता नवीकरण गर्ने वा नामसारी गर्ने अधिकारीले कर तिरेको प्रमाण हेर्नु पर्नेछ ।

१८१. <u>**जरिवाना गर्न सक्ने:**</u> दफा १७७ बमोजिमको म्याद भित्र सवारी साधन कर नतिरेमा अधिकार प्राप्त अधिकारीले सवारी साधन करका अतिरिक्त देहाय बमोजिमको जरिवाना गर्नेछ:-

(क) तिर्नु पर्ने म्याद नाघेको पहिलो तीस दिनसम्मलाई पाँच प्रतिशतका दरले,

(ख) त्यसपछिको पैंतालीस दिनसम्मलाई दश प्रतिशतका दरले,

(ग) त्यसपछि सो आर्थिक वर्षको अन्तसम्मलाई बीस प्रतिशतका दरले,

(घ) त्यसपछिको पाँच वर्षसम्म प्रत्येक आर्थिक वर्षको लागि तीस प्रतिशतका दरले ।

१८२. <u>लिलाम सम्बन्धी व्यवस्थाः</u> (१) यस ऐन बमोजिम लाग्ने सवारी साधन कर र जरिवानाको रकम दफा १८१ को खण्ड (घ) मा तोकिएको म्यादभित्र नबुझाएमा सो सवारी साधन लिलाम बिक्री गरी रकम असुल गरिनेछ ।

(२) उपदफा (१) बमोजिम लिलाम बिक्री गर्दा सबै रकम असुल हुन नसकेमा प्रचलित कानून बमोजिम सवारी धनीबाट बाँकी रकम असुल गरिनेछ ।

(३) उपदफा (१) बमोजिम कारबाही गरी असुल गर्दा असुल गर्नु पर्ने रकमभन्दा बढी रकम असुल हुन आएमा बढी भए जति रकम धरौटीमा आम्दानी बाँधिनेछ र यस्तो धरौटी रकम एक वर्षभित्र सम्बन्धित करदाताले भुक्तानी लिन

मधेश प्रदेश सरकार भौतिक पूर्वाधार तथा कानून मन्त्रालय जनकपुरधाम, नेपाल

सक्नेछ। सो म्यादभित्र भुक्तानी लिन नआएमा त्यस्तो धरौटी रकम प्रदेश सरकारको कोषमा आम्दानी बाँधिनेछ ।

(४) उपदफा (१) वा (२) बमोजिम लिलाम वा अन्य सजाय कारबाही शुरु हुनुभन्दा अगावै करदाताले कर र जरिवानाको रकम बुझाउन ल्याएमा थप जरिवाना असुल गरिने छैन ।

१८३. **पुनरावेदनः** यस ऐन अन्तर्गत तोकिएको अधिकृतले दिएको सवारी कर सम्बन्धी आदेशमा चित्त नबुझ्ने व्यक्तिले आदेश पाएको मितिले पैंतीस दिनभित्र मन्त्रालयमा पुनरावेदन गर्न सक्नेछ ।

१८४. **समिति गठन गर्न सक्नेः** यो ऐन वा प्रचलित प्रदेश कानून बमोजिम लाग्ने कर निश्चित गर्नको लागि सवारी साधनको किसिम, स्तर वा क्षमता छुट्याउन समय समयमा आवश्यकता अनुसार प्रदेश सरकारले समिति गठन गर्न सक्नेछ । उक्त समितिको काम, कर्तव्य र कार्यविधि गठन गर्दाको अवस्थामा तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद- १०

## संस्थागत व्यवस्था

मधेश प्रदेश सरकार
आन्तरिक तथा कानून मन्त्रालय
जनकपुरधाम, नेपाल

८५. **यातायात व्यवस्थापन समितिः** (१) सार्वजनिक सवारीलाई व्यवस्थित रूपमा सञ्चालन गर्न देहायका सदस्य रहने गरी यातायात व्यवस्थापन समिति गठन गरिनेछः-

(क) प्रमुख जिल्ला अधिकारी-अध्यक्ष

(ख) अधिकृत प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय -सदस्य

(ग) प्रतिनिधि, जिल्ला प्रहरी कार्यालय -सदस्य

(घ) प्रतिनिधि, जिल्ला ट्राफिक प्रहरी कार्यालय -सदस्य

(ङ) प्रतिनिधि, उपभोक्ता संस्था -सदस्य

(च) प्रतिनिधि, यातायात व्यवसायी संघ -सदस्य

(छ) प्रतिनिधि, यातायात मजदुर संघ -सदस्य

(ज) प्रमुख, यातायात व्यवस्था कार्यालय -सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) यातायात सेवा निर्बाध रूपमा सञ्चालन गर्न सार्वजनिक सवारीलाई यातायात सेवा सञ्चालन गर्ने कार्यमा समन्वय गर्ने,

(ख) मार्ग कायम नभएको ठाँउमा अस्थायी मार्ग कायम गरी सार्वजनिक सवारीको भाडा निर्धारण गर्न मन्त्रालयमा सिफारिस गर्ने,

(ग) सार्वजनिक सवारीले मार्ग इजाजतपत्र लिई यातायात सेवा सञ्चालन गरे नगरेको सम्बन्धमा निरीक्षण गर्ने गराउने,

(घ) सार्वजनिक सवारीले जाँचपास र नियमित यातायात सेवा प्रदान गरे नगरेको निरीक्षण गर्ने गराउने,

(ङ) यात्रीको चाप र सवारीको संख्या अध्ययन गरी कुनै ठाउँमा सेवा सञ्चालन गर्नु पर्ने आवश्यक देखेमा मार्ग निर्धारण गर्न मन्त्रालय समक्ष सिफारिस गर्ने,

(च) यातायात सेवा सुव्यवस्थित रूपमा सञ्चालन गर्न अन्य आवश्यक काम गर्ने ।

१८६. **परीक्षा समितिः** (१) दफा ५२ बमोजिम सवारी चालक अनुमतिपत्र सम्बन्धी परीक्षा सञ्चालन र व्यवस्थापन गर्न देहायको परीक्षा समिति रहनेछः-

(क) प्रमुख, यातायात व्यवस्था कार्यालय -अध्यक्ष

(ख) अधिकृत प्रतिनिधि, ट्राफिक प्रहरी कार्यालय -सदस्य

(ग) कार्यालयले तोकेको प्राविधिक विशेषज्ञ -सदस्य

(२) उपदफा (१) बमोजिमको समितिले सवारी चालक अनुमतिपत्र सम्बन्धी परीक्षा सञ्चालन र व्यवस्थापन गर्नेछ ।

(३) उपदफा (१) बमोजिमको समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(४) उपदफा (१) बमोजिमको समितिले सवारी चालकका लागि लिने परीक्षाको विषय र परीक्षा प्रणाली मन्त्रालयले तोके बमोजिम हुनेछ ।

मधेश प्रदेश सरकार
भौतिक पूर्वाधार तथा सञ्चार मन्त्रालय
जनकपुरधाम



१८७. **प्रशिक्षण केन्द्र, कारखाना, वर्कशप र चार्जिङ स्टेसन सञ्चालन गर्न अनुमति लिनु पर्ने:** (१) मन्त्रालय वा स्थानीय तहले आफ्नै सवारी चालक प्रशिक्षण केन्द्र स्थापना र सञ्चालन गर्न सक्नेछ ।

(२) सवारी चालक प्रशिक्षण केन्द्र, सवारी साधनको बडी निर्माण गर्ने कारखाना, अटोमोबाइल वर्कशप, चार्जिङ स्टेशन सञ्चालन गर्न चाहने व्यक्ति, फर्म, कम्पनी, सहकारी वा संस्थाले मन्त्रालयबाट अनुमति लिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको अनुमति लिन चाहनेले तोकिएको ढाँचामा तोकिएको दस्तुर बुझाई मन्त्रालयमा निवेदन दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम निवेदन दिने व्यक्ति, फर्म, कम्पनी, सहकारी वा संस्थाले प्रशिक्षण केन्द्र, कारखाना, वर्कशप वा चार्जिङ स्टेशन सञ्चालनको लागि तोकेको मापदण्ड पूरा गरेमा मन्त्रालयले पाँच वर्षको लागि अनुमति दिन सक्नेछ ।

(५) उपदफा (४) बमोजिमको अवधि समाप्त भएको मितिले पैंतीस दिनभित्र तोकिए

बमोजिमको दस्तुर बुझाई सम्बन्धित कार्यालयमा नवीकरण गर्न निवेदन दिनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम निवेदन परेमा कार्यालयले तोकेको कर्मचारीबाट प्राविधिक प्रतिवेदन लिनु पर्नेछ ।

(७) उपदफा (६) बमोजिमको प्रतिवेदन मनासिब देखिएमा कार्यालयले निवेदकको अनुमतिपत्र नवीकरण गरी दिनु पर्नेछ ।

(८) प्रशिक्षण केन्द्र, कारखाना, वर्कशप वा चार्जिङ स्टेशन सञ्चालन सम्बन्धी मापदण्ड मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ ।

१८८. <u>प्रशिक्षण केन्द्र, कारखाना, वर्कशप वा चार्जिङ स्टेसनको अनुमतिपत्र निलम्बन वा खारेज हुने:</u> (१) प्रशिक्षण केन्द्र, कारखाना, वर्कशप वा चार्जिङ स्टेशन सञ्चालन गर्ने अनुमतिपत्र प्राप्त व्यक्ति, फर्म, कम्पनी, सहकारी वा संस्थाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत कुनै कार्य गरेमा कार्यालयले जुनसुकै बखत सुधारका लागि निर्देशन दिई अनुमतिपत्र निलम्बन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको निर्देशन कार्यान्वयन नगरेमा कार्यालयले अनुमतिपत्र खारेज गर्न सक्नेछ ।

१८९. **एसेम्बल्ड सवारीको उत्पादन गर्न अनुमति लिनु पर्नेः** (१) सवारी साधनको पार्टपूर्जा आयात गरी एसेम्बल्ड सवारीको उत्पादन गर्न चाहने व्यक्ति, फर्म वा कम्पनीले मन्त्रालयबाट अनुमति लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुमति लिई उत्पादित सवारीको क्षमता प्रमाणपत्र (रोड वर्दिनेस सर्टिफिकेट) तोकिए बमोजिम प्रमाणित गर्नु पर्नेछ । त्यस्तो सवारी साधनलाई दर्ता गरी उत्पादित सवारी साधन निर्देशिका बनाई स्वदेशी उत्पादनलाई प्रोत्साहन दिने गरी निर्देशिका मार्फत दर्ता चेसिस नम्बर मोडल नम्बर नाम उत्पादित कम्पनीको नाम समेत मापदण्ड पूरा गरी गुणस्तर प्रमाणपत्र प्राप्त गरेको मोटरसाईकल चार पाङ्ग्रे तीन पाङ्ग्रे लगायतको सार्वजनिक तथा निजी वाहनको रुपमा प्रयोग गर्न तोकिएको दस्तुर लिई दर्ता गरिनेछ ।

१९०. **हानि नोक्सानी पुऱ्याउन नहुने:** कसैले सवारी रोक्ने, तोडफोड गर्ने वा सवारीमा रहेका मालसामानलाई कुनै हानि नोक्सानी पुऱ्याउने कार्य गर्न, गराउन हुँदैन ।

## परिच्छेद -११

## सजाय सम्बन्धी व्यवस्था

१९१. **दण्ड सजाय:** (१) दर्ताको प्रमाणपत्रमा उल्लिखित वास्तविक नम्बर प्लेट नराखी अर्कै नम्बर प्लेट राखी सवारी चलाउने वा चलाउन लगाउने वा गलत विवरण पेश गरी दर्ता गराउनेलाई अधिकार प्राप्त अधिकारीले पन्ध्र हजारदेखि पचास हजार रुपैयाँसम्म जरिवाना वा सवारी जफत गर्न सक्नेछ ।

(२) अधिकार प्राप्त अधिकारीले देहायको कार्य गर्ने गराउनेलाई देहायको सजाय गर्न सक्नेछ:-

(क) दफा १३४, १४० विपरीत कार्य गर्ने गराउनेलाई पाँच हजार रुपैयाँसम्म जरिवाना,

(ख) दफा १७, ४९, १११, १३५, १३६, १४५ र १४६ विपरीत कार्य गर्ने गराउनेलाई पाँच हजारदेखि दश हजार रुपैयाँसम्म,

(ग) दफा १९, ३३, ४१, ४२, ८६, १४८ र १५५ विपरीत कार्य गर्ने गराउनेलाई सात हजारदेखि पन्ध्र हजार रुपैयाँसम्म,

(घ) दफा १८७ विपरीत कार्य गर्ने गराउनेलाई दश हजारदेखि पच्चीस हजार रुपैयाँसम्म,

(३) उपदफा (१) वा (२) मा उल्लेख भएदेखि बाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा जारी भएको आदेशको विपरीत कार्य गर्ने गराउनेलाई अधिकार प्राप्त अधिकारीले दुई हजारदेखि दश हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(४) दफा १४७ विपरीत कार्य गर्ने गराउनेलाई अधिकार प्राप्त अधिकारीले पन्ध्र हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

मधेश प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (सम्भवतः) कानून मन्त्रालय
जनकपुरधाम, नेपाल



(५) दफा १४९ विपरीत हुने गरी कार्य गर्ने गराउनेलाई अधिकार प्राप्त अधिकारीले दश हजारदेखि पचास हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(६) दफा १९० विपरीत कार्य गर्नेलाई अधिकार प्राप्त अधिकारीले दश हजारदेखि पचास हजार रुपैयाँसम्म जरिवाना र हानीनोक्सानी पुऱ्याएको सवारी तथा मालसामानको क्षतिपूर्ति भराई दिनु पर्नेछ ।

१९२. <u>ज्यान मारेमा हुने सजायः</u> (१) कसैले सवारी चलाई कुनै व्यक्तिलाई किची, ठक्कर दिई वा कुनै किसिमले सवारी दुर्घटना गराई सवारीभित्र वा बाहिर रहेको व्यक्ति सो दुर्घटनाको कारणबाट मृत्युभएमा सवारी चलाउने व्यक्तिलाई प्रचलित संघीय कानून बमोजिमको सजाय हुनेछ ।

(२) कसैले ज्यान मार्ने मनसाय लिई त्यस्तो कार्य गरेमा ज्यान मर्न पाएको रहेनछ भने त्यसरी सवारी चलाउने व्यक्तिलाई कसूरको मात्रा अनुसार प्रचलित संघीय कानून बमोजिम सजाय हुनेछ ।

प्रदेश सरकार
आन्तरिक तथा कानून मन्त्रालय
जनकपुरधाम, नेपाल



(३) कसैको ज्यान मर्न सक्छ भन्ने अवस्था देखिँदा देखिँदै पनि अपनाउनु पर्ने सतर्कता नअपनाई कसैले लापरबाही गरी कुनै सवारी चलाउँदा कुनै व्यक्तिलाई किची, ठक्कर लागी वा कुनै किसिमले सवारी दुर्घटना भई सवारीमा रहेको वा सवारी बाहिर जुनसुकै ठाउँमा रहे बसेको व्यक्ति त्यस्तो दुर्घटनाको कारणबाट तत्काले वा सोही चोटको परिमाण स्वरुप एक्काईस दिनभित्र मृत्यु भएमा त्यसरी सवारी चलाउने व्यक्तिलाई कसूरको मात्रा अनुसार प्रचलित संघीय कानून बमोजिम सजाय हुनेछ ।

(४) सवारी चालक अनुमतिपत्र नभएका व्यक्तिले सवारी चलाई उपदफा (१) वा (२) बमोजिमको कसूर गरेमा निजलाई सोही उपदफा बमोजिम हुने सजायमा थप पचास हजार रुपैयाँ जरिवाना हुनेछ ।

तर सर्वश्वसहित जन्मकैद हुनेमा त्यस्तो थप जरिवाना हुने छैन ।

(५) कुनै सवारी धनी वा सवारीको जिम्मा लिएको व्यक्तिले चालक अनुमतिपत्र नभएको

प्रदेश सरकार
...प्रदेश ... कानून मन्त्रालय
... तथा कानून ... नेपाल
जनकपुरधाम,

व्यक्तिलाई सवारी चलाउन दिई कुनै व्यक्तिलाई किची, ठक्कर दिई वा दुर्घटना भई सो व्यक्तिको मृत्यु भएमा त्यस्तो सवारी चलाउन दिने व्यक्तिलाई प्रचलित संघीय कानून बमोजिम सजाय हुनेछ ।

(६) दफा १६५ विपरीत घरपालुवा पशुपंक्षी सडकमा छाडी सोका कारण सवारी दुर्घटना भई सवारीभित्र वा बाहिर रहेका व्यक्तिको मृत्यु भएमा अधिकार प्राप्त अधिकारीले त्यस्तो पशुपंक्षीको मालिकलाई एकलाख रुपैयाँसम्म जरिवाना गर्नेछ र प्रचलित संघीय कानून बमोजिम त्यस्तो मालिकलाई अदालतले कैद सजाय गर्न सक्नेछ ।

१९३. <u>अङ्गभङ्ग भएमा हुने सजायः</u> (१) कसैले कुनै सवारी चलाएबाट कुनै व्यक्तिलाई किची, ठक्कर दिई वा दुर्घटना भई सवारीभित्र वा बाहिर रहेको व्यक्ति सो दुर्घटनाको कारणबाट दृष्टिविहीन वा नपुंसक हुनेगरी अङ्गभङ्ग भएमा त्यसरी सवारी चलाउने व्यक्तिलाई प्रचलित संघीय कानून बमोजिम सजाय हुनेछ ।

(२) उपदफा (१) मा उल्लिखित बाहेक अन्य कुनै अङ्ग बेकम्मा भएमा प्रचलित संघीय कानून बमोजिम सजाय हुनेछ।

(३) चालक अनुमतिपत्र नभएको व्यक्तिले सवारी चलाई उपदफा (१) बमोजिमको कसूर गरेमा निजलाई पचास हजार रुपैयाँ थप जरिवाना हुनेछ ।

(४) कुनै सवारी धनी वा सवारीको जिम्मा लिएको व्यक्तिले चालक अनुमतिपत्र नभएको व्यक्तिलाई सवारी चलाउन दिई कुनै व्यक्तिलाई किची, ठक्कर दिई दुर्घटना भई सवारीभित्र वा बाहिर रहेको व्यक्तिको अङ्गभङ्ग भएमा त्यस्तो सवारी चलाउन दिने व्यक्तिलाई पचास हजार रुपैयाँ जरिवाना हुनेछ ।

१९४. <u>घा खर्च, किरिया खर्च र क्षतिपूर्ति भराई दिने:</u> (१) सवारी दुर्घटनाबाट कसैलाई हानिनोक्सानी पुगेमा पीडित व्यक्तिलाई देहायको घा खर्च, किरिया खर्च र क्षतिपूर्तिको रकम चालक, सवारी धनी वा व्यवस्थापकबाट भराई दिनु पर्नेछः-

मधेश प्रदेश सरकार
गृह सञ्चार तथा कानून मन्त्रालय
जनकपुरधाम, नेपाल



(क) ज्यान मरेकोमा सो मर्ने व्यक्तिको हकवालालाई किरिया खर्च बापत पचास हजाररुपैयाँ र क्षतिपूर्ति बापत तेस्रो पक्षको बीमा नगराएको भए यस ऐन बमोजिम तेस्रोपक्षले पाउने दुर्घटना बीमा रकमको अतिरिक्त थप एकलाख रुपैयाँ,

(ख) अङ्गभङ्ग भएकोमा निको भइकन पनि काम नलाग्ने भए सोको क्षतिपूर्ति बापत तेस्रोपक्षको बीमा नगराएको भए यस ऐन बमोजिम तेस्रो पक्षले पाउने अङ्गभङ्ग बापतको दुर्घटना बीमाको रकम र त्यस्तो अङ्ग काम लाग्ने भए घा खर्च बापत पच्चीसहजार रुपैयाँ ।

(२) सवारी दुर्घटनाबाट कुनै व्यक्तिको मृत्यु भएमा निजको हकवालालाई किरिया खर्च, क्षतिपूर्ति रकम र अङ्गभङ्ग भएकोमा घा खर्चको रकम उपदफा (१) बमोजिम अधिकार प्राप्त

अधिकारीले तत्कालै सवारी चालक, सवारी धनी वा व्यवस्थापकबाट भराई दिनु पर्नेछ ।

(३) उपदफा (१) मा लेखिएदेखि बाहेक चालकले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा जारी गरेको आदेशको बर्खिलाप हुने गरी सवारी चलाई दुर्घटना हुन गई कुनै व्यक्तिलाई चोटपटक लागेमा त्यस्तो व्यक्तिलाई तत्कालै औषधी खर्च बापत अधिकार प्राप्त अधिकारीले चोटपटकको अवस्था हेरी चालक, सवारी धनी वा व्यवस्थापकबाट पच्चीस हजार रुपैयाँ भराई दिनुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम चोटपटक लागेको व्यक्तिलाई सरकारी अस्पताल वा सो अस्पतालमा उपचार हुन नसकी अन्य अस्पतालमा सिफारिस भएमा उपचार गर्दा लाग्ने सम्पूर्ण खर्च सवारी धनी वा व्यवस्थापकबाट भराई दिनु पर्नेछ र त्यस्तो चोटपटक लाग्ने व्यक्तिले पछि बढी रकम क्षतिपूर्ति पाउने भएमा त्यसरी औषधी खर्च बापत भराई दिएको रकम कट्टी गरी बाँकी पाउने रकम दिइनेछ ।

(५) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि यस दफा बमोजिम भराइने घा खर्च, किरिया खर्च र क्षतिपूर्तिको कूल रकमको पन्ध्र प्रतिशतभन्दा बढी चालकबाट भराइने छैन ।

(६) उपदफा (१) वा (२) बमोजिम बुझाउनु पर्ने किरिया खर्च, घा खर्च र क्षतिपूर्ति रकम चालकले बुझाउनु पर्नेमा निजले बुझाउन नसकी प्रचलित कानून बमोजिम निजको जायजातबाट पनि असुल हुन नसके जति रुपैयाँ निजबाट असुल भएको जरिवानाबाट भराई दिनु पर्नेछ ।

(७) यस दफा बमोजिम बीमा कम्पनीले व्यहोर्नु पर्ने क्षतिपूर्ति बापतको रकम यथाशीघ्र भराईदिनु पर्नेछ ।

१९५. <u>कसूरको अनुसन्धान र तहकिकात</u>: (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत कुनै कसूर भए गरेको वा हुन लागेको कुरा कसैको उजुरी परी वा अन्य कुनै तरिकाबाट प्रदेश सरकारलाई जानकारी हुन आएमा प्रदेश सरकारले कम्तीमा अधिकृत सातौं/आठौंस्तरको कर्मचारी अनुसन्धान

मधेश प्रदेश सरकार
गृह सञ्चार तथा कानून मन्त्रालय
जनकपुरधाम, नेपाल



अधिकृत तोकी सो सम्बन्धी कसूरको अनुसन्धान तथा तहकिकात गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कसूरको अनुसन्धान तथा तहकिकातका क्रममा सबुत प्रमाण संकलन गर्दा कसूरमा संलग्न व्यक्तिलाई गिरफ्तार गर्ने, जुनसुकै स्थानको खानतलासी लिने, सम्बन्धित कागजात वा अन्य वस्तु आफ्नो जिम्मामा लिने, बयान गराउने र मुचुल्का तयार गर्ने समेत प्रचलित कानून बमोजिम प्रहरीले पाए सरहको सबै अधिकार अनुसन्धान अधिकृतलाई हुनेछ ।

(३) उपदफा (२) बमोजिम अनुसन्धान अधिकृतले अभियुक्तलाई बयान गराई तत्काल प्राप्त प्रमाणबाट कैद हुने कसूरदार हो भन्ने पर्याप्त आधार देखिएमा तारेखमा राख, धरौटी वा जमानत लिई छाड्न जिल्ला सरकारी वकील कार्यालयको राय परामर्शमा संघीय कानून बमोजिम अनुसन्धान गर्ने निकायसमक्ष पठाउनु पर्नेछ ।

(४) यस दफा बमोजिमको कार्य गर्दा अनुसन्धान अधिकृतलाई आवश्यक सहयोग

उपलब्ध गराउनु प्रहरी लगायत सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

१९६. <u>अधिकार प्राप्त अधिकारी वा यातायात निरीक्षक वा ट्राफिक प्रहरीले तत्काल सजाय गर्न सक्नेः</u> (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कसूर गर्नेलाई देहाय बमोजिमको जरीवाना अङ्क तोकी अधिकार प्राप्त अधिकारी वा घटीमा प्रहरी सहायक निरीक्षक दर्जासम्मको अधिकृतले त्यस्तो कसूर गर्ने व्यक्तिले पाएको डिमेरिट अङ्क अभिलेख राखी जरिवाना अङ्क बापतको रकम तत्काल असुल गर्न सक्नेछ ।

| कसूर | जरिवाना अङ्क | डिमेरिट |
|---|---|---|
| (क) असुरक्षित सवारी चलाएमा, | ४० अङ्क | २ अङ्क |
| (ख) ट्राफिक चिन्ह उलंङ्घन गरी सवारी चलाएमा, | २० अङ्क | १ अङ्क |
| (ग) अरुलाई हानि पुग्ने गरी लापरवाही गरी सवारी चलाएमा, | ३० अङ्क | २ अङ्क |
| (घ) स्वीकृत एक्सेलभन्दा बढी तौलको गाडी चलाएमा, | - | २ अङ्क |
| (ङ) ओभरटेक गर्न नहुने | | |

| | | | |
|---|---|---|---|
| | ठाउँमा वा असुरक्षित ठाउँमा ओभरटेक गरेमा, | ३० अङ्क | ३ अङ्क |
| (च) | मूल सडक, जकसन आउँदा नरोकी सवारी चलाएमा, | १५ अङ्क | १ अङ्क |
| (छ) | जेब्रा क्रसिङ्गमा पैदल यात्री सडक पार गरेको अवस्थामा सवारी नरोकी चलाएमा, | १० अङ्क | १ अङ्क |
| (ज) | लेन अनुसार सवारी नचलाएमा वा सङ्केत नदिई लेन परिवर्तन गरेमा वा सवारी मोडेमा, | १० अङ्क | १ अङ्क |
| (झ) | सेन्टरको डबललाइन क्रस गरी सवारी चलाएमा, | १५ अङ्क | १ अङ्क |
| (ञ) | फुटपाथमा सवारी चलाएमा, | ३० अङ्क | २ अङ्क |
| (ट) | जक्सनमा ट्राफिक सिग्नल पालना नगरेमा, | १५ अङ्क | १ अङ्क |
| (ठ) | ट्राफिक कन्ट्रोल डिभाइस नोक्सान गरेमा वा डिभाइसमा व्यापारिक विज्ञापन टाँस गरेमा, | १५ अङ्क | - |
| (ड) | राति बत्ती नबाली सवारी चलाएमा, | २० अङ्क | २ अङ्क |
| (ढ) | सार्वजनिक सवारीमा | | |

| | | | |
|---|---|---|---|
| | यात्रीलाई खतरा हुने गरी सामान ढुवानी गरेमा | २५ अङ्क | २ अङ्क |
| (ण) | एकतर्फी सडकमा विपरीत दिशाबाट गाडी चलाएमा, | १५ अङ्क | १ अङ्क |
| (त) | स्वीकृतभन्दा बढी यात्री संख्या एवं बढी तौलको सामान ढुवानी गरेमा, | २० अङ्क | १ अङ्क |
| (थ) | प्रशिक्षण अवधिमा अर्को व्यक्ति साथमा राखी दुई पांग्रे सवारी चलाएमा, | १० अङ्क | १ अङ्क |
| (द) | दुई पांग्रे सवारीमा चालक सहित दुई जनाभन्दा बढी राखी चलाएमा, | १५ अङ्क | १ अङ्क |
| (ध) | सिट बेल्ट वा हेलमेट नलगाई सवारी चलाएमा, | १० अङ्क | १ अङ्क |
| (न) | ट्राफिक इसारा उलंङ्घन गरेमा, | १५ अङ्क | १ अङ्क |
| (प) | गैरकानूनी काममा सवारी प्रयोग गरेमा, | १० अङ्क | १ अङ्क |
| (फ) | प्रशिक्षण अवधिमा तोकिएको किसिमभन्दा अर्को सवारी चलाएमा, | २५ अङ्क | ३ अङ्क |
| (ब) | तोकिएको बिसौनीभन्दा फरक ठाउँमा रोकी यात्री ओराले वा चढाएमा, | २५ अङ्क | १ अङ्क |
| (भ) | रोड परमिट बिना सवारी | २० अङ्क | १ अङ्क |

साधन चलाएमा,

(म) यात्रीलाई टिकट नदिई यात्रा गराएमा, — १५ अङ्क — -

(य) चलिरहेको सवारीमा यात्री चढाउने वा ओराल्ने काम गरेमा, — १० अङ्क — -

(र) दुर्घटना पछि पालन गर्नु पर्ने कर्तव्य पालन नगरेमा, — २० अङ्क — १ अङ्क

(ल) पार्किङ निषेध भएको ठाउँमा पार्किङ गरेमा वा अरु गाडीलाई आवागमनमा बाधापुग्ने गरी पार्किङ गरेमा, — २५ अङ्क — २ अङ्क

(व) सवारी चालक अनुमतिपत्र साथमा नलिई सवारी चलाएमा, — २० अङ्क — १ अङ्क

(श) जेब्रा क्रसिङ्ग वा निर्धारित स्थानबाट मार्ग नकाटेर अन्य ठाउँबाट सवारी मार्ग काट्ने पैदल यात्रीलाई १० अङ्क र प्रहरीबाट प्रशिक्षण दिने

(ष) ट्राफिक सिग्नल एवं ट्राफिक इसारा नमानी सडकमा हिड्ने पैदल यात्रीलाई ८ अङ्क र प्रहरीबाट प्रशिक्षण दिने

(स) सडकमा फोहोर फाल्नेलाई — १० अङ्क — -

(ह) सडक सिमाभित्र अनुमति विना कुनै किसिमको सूचना वा स्ट्रकचर खडा गर्नेलाई — २० अङ्क — -

(क्ष) अनुमति विना एक्सेस रोड प्राइभेट ड्रेन राखेलाई — ५० अङ्क — -

(त्र) चलिरहेको गाडीमा झुन्डिने वा

मधेश प्रदेश सरकार
गृह सञ्चार तथा कानून मन्त्रालय
जनकपुरधाम, नेपाल



| | | | |
|---|---|---|---|
| | चढ्ने वा ओर्लने यात्री र गाडी समातेर साइकल चढ्ने व्यक्तिलाई | १० अङ्क र प्रहरीबाट प्रशिक्षण दिने | |
| (ञ) | चोरीको गाडी चलाएमा वा जबरजस्ती धम्काएर गाडी कन्ट्रोलमा लिई चलाएमा | ५०० अङ्क | ५ अङ्क |
| (क१) | सवारी धनीको अनुमति विना सवारी चलाएमा | १०० अङ्क | ३ अङ्क |
| (क२) | सवारी चालक अनुमतिपत्र साथमा नलिई सवारी चलाएमा | २० अङ्क | १ अङ्क |
| (क३) | तोकिएको उमेरभन्दा कम वा बढीकाले सवारी चलाएमा | २० अङ्क | १ अङ्क |
| (क४) | सवारी चालक अनुमतिपत्र निलम्बन भएको बेलामा सवारी चलाएमा | १०० अङ्क | २ अङ्क |
| (क५) | दर्ता नभएको सवारी चलाएमा | १५० अङ्क | ३ अङ्क |
| (क६) | अधिकार प्राप्त अधिकारीले मागेको आवश्यक लिखित पेश नगरेमा | ५० अङ्क | - |
| (क७) | ट्याक्सीले मिटरमा देखाएकोभन्दा बढी भाडा लिएमा वा मिटरमा जान नमानेमा | १५० अङ्क | २ अङ्क |
| (क८) | एम्बुलेन्स, वारुण यन्त्र जस्ता आपतकालीन प्रकृतिका सवारीलाई साइड नदिने सवारी चालकलाई | १० अङ्क | २ अङ्क |

| | | | |
|---|---|---|---|
| (क९) | सवारी चलाउँदा मोबाईल, ईयरफोन वा दुवै प्रयोग गर्नेलाई | २० अङ्क | १ अङ्क |
| (क१०) | सवारी साधनमा चालक, परिचालकले अस्लिल व्यवहार प्रदर्शन गरेमा | २० अङ्क | - |
| (क११) | राति सवारी साधनले एउटा मात्र बत्ती बाली सवारी चलाएमा | १० अङ्क | - |
| (क१२) | बीच मार्गमा गाडी बिग्रेर सवारी आवागमनमा बाधा पुऱ्याउने | २० अङ्क | १ अङ्क |
| (क१३) | सवारीले नियतवश अन्य सवारीको अगाडि वा पछाडिबाट बाधा पुऱ्याएमा | २० अङ्क | - |
| (क१४) | महिलाउपर अभद्र व्यवहार तथा गाली बेइज्जत गरी अपमान गरेमा | २० अङ्क | १ अङ्क |
| (क१५) | सवारी धनीको नाम र ठेगाना तथा चालकको ठेगाना परिवर्तन भएको सात दिनभित्र अभिलेखमा नसच्याएमा | २० अङ्क | - |
| (क१६) | हर्न निषेधित ठाउँमा हर्न बजाएमा | १० अङ्क | - |
| (क१७) | छोटो, मध्यम तथा लामो दूरीको सार्वजनिक सवारीमा | | |

मधेश प्रदेश सरकार
कानून तथा ... मन्त्रालय
जनकपुरधाम, नेपाल

| | |
|---|---|
| जिपिएस नराखेमा | ४० अङ्क |

(क१८) सवारी नियम उलंङ्घन गरेका सवारी साधनलाई सो स्थानबाट हटाउन परेमा सोका लागि लाग्ने खर्च लागत अनुसार,

(क१९) सवारी नियम उलंङ्घन वा सवारी साधन नियन्त्रणमा लिई (पार्किङ्ग शुल्क सवारी प्रहरीले पार्किङ्गमा राख्नु परेमा धनीले तिर्नु पर्ने लागत अनुसार) ।

(२) उपदफा (१) बमोजिमको प्रति जरीवाना अङ्क बापतको रकम प्रदेश सरकारले समय समयमा तोकिदिए बमोजिम हुनेछ ।

स्पष्टिकरण:

(क) "जरिवाना अङ्क" भन्नाले प्रदेश सरकारले तोकेको प्रति जरिवाना अङ्क बराबरको रकम भन्ने सम्झनु पर्छ (हाललाई एक जरिवाना अङ्क बापत पचास रुपैयाँ प्रस्ताव गरिएको छ)।

(ख) "डिमेरिट अङ्क" भन्नाले सवारी चालकलाई हुने थप सजायको अङ्क सम्झनु पर्छ, जुन अङ्क निश्चित

सिमामा पुगेपछि चालकको अनुमति पत्र निलम्बन वा खारेज गर्ने आधार बन्नेछ ।

(३) उपदफा (१) बमोजिम अधिकार प्राप्त अधिकारी वा निजले अधिकार प्रत्यायोजन गरेको अधिकारी वा प्रहरीले गरेको जरिवानाको रकम तत्काल बुझाउन नसक्नेलाई चौबीस घण्टाभित्र त्यस्तो रकम सम्बन्धित प्रहरी कार्यालय वा अधिकार प्राप्त अधिकारी समक्ष बुझाउन पूर्जी दिनेछ ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कसैले उपदफा (१) मा उल्लेखित कसूर गर्दाको बखत निजलाई सजाय गर्न अधिकार प्राप्त अधिकारी वा निजले अधिकार प्रत्यायोजन गरेको अधिकारी वा घट्नास्थलमा रहेको कुनै प्रहरीले त्यस्तो कसूर गर्नेलाई निजले गरेको कसूर खुलाई सो बापत निजलाई हुने जरीवानाको रकम चौबीस घण्टाभित्र सम्बन्धित प्रहरी कार्यालयमा बुझाउन पूर्जी दिनेछ ।

मधेश प्रदेश सरकार
गृह सञ्चार तथा कानून मन्त्रालय
जनकपुरधाम, नेपाल



(५) उपदफा (३) वा (४) बमोजिमको पूर्जी दिंदा त्यस्तो पूर्जीको नक्कल प्रतिमा सो पूर्जी बुझ्नेको सही समेत गराउनु पर्नेछ ।

(६) उपदफा (३) वा (४) मा लेखिएको समयसम्म पनि अधिकार प्राप्त अधिकारी वा सम्बन्धित प्रहरी कार्यालय समक्ष त्यस्तो जरीवानाको रकम नबुझाउनेलाई अधिकार प्राप्त अधिकारीले एक हजार रूपैयाँसम्म जरीबाना गरी त्यस्तो व्यक्ति चालक भए चालक अनुमतिपत्र, सवारी धनी वा व्यवस्थापक भए सवारीको मार्ग इजाजतपत्र वा निजहरूले यातायात सेवा सञ्चालन गर्न प्राप्त अनुमतिपत्र बढीमा एक महिनासम्मको लागि निलम्बन गर्न सक्नेछ ।

(७) उपदफा (६) बमोजिम निलम्बन गरिएको अवधिसम्म पनि जरिवाना नबुझाएमा अधिकार प्राप्त अधिकारीले त्यस्तो चालक अनुमतिपत्र, मार्ग इजाजतपत्र वा यातायात सेवा सञ्चालन अनुमतिपत्र खारेज गर्न सक्नेछ ।

## परिच्छेद -१२

## प्रदेश सार्वजनिक यातायात सञ्चालन

१७. **प्रदेश सार्वजनिक यातायातः** (१) प्रदेश सरकारले नागरिकलाई सरल, सुलभ र सुविधायुक्त सार्वजनिक यातायात सेवाको सञ्चालन र व्यवस्थापन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको सेवाको लागि आवश्यकता अनुसार सुरक्षित, गुणस्तरीय, आधुनिक र ठूला सार्वजनिक सवारी साधन सञ्चालन गर्ने व्यवस्था गर्नेछ ।

(३) मन्त्रालयले उपदफा (१) बमोजिमको सेवा निजी वा सहकारी संस्थासँग संयुक्त लगानीमा सञ्चालन गर्ने व्यवस्था मिलाउन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम सार्वजनिक यातायात सञ्चालन गर्दा वातावरण मैत्री तथा विद्युतीय सवारीलाई प्राथमिकता दिनु पर्नेछ ।

(५) उपदफा (१) बमोजिमको सेवालाई प्रदेश सरकारले तोके बमोजिम छुट एवं सहुलियत प्रदान गर्न सक्नेछ ।

(६) सार्वजनिक यातायात सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद -१३

## विविध

१९८. **प्रदेश परिवहनः** (१) प्रदेशले आफ्नो परिवहन प्रदेश लोक मार्ग लगायत अन्य सडक सञ्जालसँग जोडिने गरी संचालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रदेश परिवहनको संचालन, व्यवस्थापन गर्न तोकिए बमोजिमको संरचना व्यवस्थित गर्न सक्नेछ ।

१९९. **सवारी धनी वा व्यवस्थापकले तिर्नु पर्नेः** कुनै सवारी चालकले लापरवाही गरी वा बदनियतपूर्वक यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा आदेशको उलंङ्घन गरेकोमा बाहेक अन्य अवस्थामा यस ऐन बमोजिम त्यस्तो चालकले तिर्नु पर्ने जरिवाना, उपचार खर्च, किरिया खर्च वा क्षतिपूर्तिको रकम सम्बन्धित सवारी धनी वा व्यवस्थापकले तिर्नु पर्नेछ ।

२००. **प्रतिस्पर्धात्मक ढङ्गबाट यातायात सेवा सञ्चालन गर्नेः** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि स्वच्छ प्रतिस्पर्धात्मक ढङ्गबाट यातायातलाई व्यवस्थित गर्न चक्रिय प्रणाली वा

कोशी प्रदेश सरकार
प्रदेश राजपत्र प्रकाशन



यस्तै अन्य नियन्त्रणात्मक प्रणाली अन्तर्गत यातायात सेवा सञ्चालन गर्ने गरी इजाजतपत्र प्रदान गरिने छैन ।

२०१. <u>कम्पनीमा दर्ता गर्नु पर्ने:</u> (१) सार्वजनिक यातायातका सवारी साधन सञ्चालन गर्दा यस ऐन र प्रचलित कानून बमोजिम कम्पनीको रुपमा दर्ता गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सार्वजनिक यातायात सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२०२. <u>सुख्खा बन्दरगाह सम्बन्धी व्यवस्था:</u> (१) प्रदेश सरकारले उपयुक्त स्थानमा सुख्खा बन्दरगाह निर्माण र सञ्चालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको सुख्खा बन्दरगाह सरकारी, सार्वजनिक, सहकारी वा संयुक्त लगानीमा निर्माण तथा सञ्चालन गर्न सकिनेछ ।

(३) उपदफा (२) बमोजिम सुख्खा बन्दरगाह सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

मधेश प्रदेश सरकार
गृह सञ्चार तथा कानून मन्त्रालय
जनकपुरधाम, नेपाल

२०३. **<u>सूचना प्रविधिको प्रयोगः</u>** (१) मन्त्रालयले सवारी साधन चालक अनुमतिपत्र, परीक्षा प्रणाली, दण्ड जरिवाना, मार्ग इजाजतपत्र (रूटपरमिट) र छुट लगायत व्यवस्थाको लागि सूचना प्रविधिको प्रयोग गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको कामकाज गर्न मन्त्रालयले सफट्वेयर, डाटावेस, एप्स बनाई लागू गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिमको सूचना प्रविधिको प्रयोगलाई नियमन गर्न मन्त्रालयले कार्यविधि तथा मापदण्ड बनाई लागू गर्न सक्नेछ ।

२०४. **<u>परिचयपत्रको व्यवस्था गर्नु पर्नेः</u>** सार्वजनिक यातायातलाई व्यवस्थित गर्न सम्बन्धित यातायात व्यवसायीले आफ्ना कर्मचारी तथा मजदुरको लागि परिचयपत्र तथा पोशाक उपलब्ध गराउनु पर्नेछ ।

२०५. **<u>दुर्घटनाको अभिलेख राख्नु पर्नेः</u>** प्रहरीले जुनसुकै दुर्घटनाको सम्बन्धमा तोकिएको ढाँचामा फरम भरी विद्युतीय प्रविधि प्रयोग गरी सम्बन्धित प्रहरी र यातायात व्यवस्था कार्यालयमा तत्काल पठाउनु

गृह मन्त्रालय, कोशी प्रदेश सरकार

पर्नेछ। सोको सहजीकरणका लागि मन्त्रालयले आवश्यक व्यवस्था मिलाउनु पर्नेछ ।

२०६. **अन्य सवारी साधनको चालकले यस ऐनको पालना गर्नु पर्नेः** यस ऐन बमोजिम दर्ता गर्नु नपर्ने वा चालक अनुमतिपत्र लिन नपर्ने सवारीको रूपमा प्रयोग हुने साइकल, रिक्सा, ठेला जस्ता सवारी साधन चलाउदा दफा १४० बमोजिम ट्राफिक सङ्केतको पालना गर्नु पर्नेछ ।

२०७. **सहयोग गर्नु पर्नेः** यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा जारी गरिएको कुनै आदेश कार्यान्वयन गर्ने सन्दर्भमा अधिकार प्राप्त अधिकारीले वा यातायात निरीक्षकले कुनै सहयोग मागेमा निजलाई त्यस्तो सहयोग गर्ने कर्तव्य सबैको हुनेछ ।

२०८. **असल नियतले गरेको कामको बचाउः** अधिकार प्राप्त अधिकारी वा निजले अधिकार प्रत्यायोजन गरेको समिति, यातायात निरीक्षक, प्रहरी वा सम्बन्धित कुनै कर्मचारीले यस ऐन बमोजिम आफ्नो कर्तव्यपालन गर्दा असल नियतले गरेको कार्यमा निज व्यक्तिगत

मधेश प्रदेश सरकार
गृह सञ्चार तथा कानून मन्त्रालय
जनकपुरधाम, नेपाल



रूपमा जवाफदेही हुने छैन ।

२०९. **निर्देशन दिन सक्ने:** प्रदेश सरकार वा मन्त्रालयले यातायात व्यवस्थापनलाई प्रभावकारी बनाउन यातायात व्यवस्थापन समिति, अधिकार प्राप्त अधिकारी र यातायात व्यवसायीलाई आवश्यक निर्देशन दिन सक्नेछ । यसरी दिइएको निर्देशन पालना गर्नु निजको कर्तव्य हुनेछ ।

२१०. **अधिकार प्रत्यायोजन:** यस ऐन बमोजिम मन्त्रालयले वा अधिकार प्राप्त अधिकारीले आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकतानुसार केही अधिकार समिति, अधिकार प्राप्त अधिकारी, यातायात निरीक्षक वा प्रहरीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२११. **विशेष अधिकार:** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सवारीको सम्बन्धमा यस ऐनको कुनै व्यवस्था तोकिएको अवधिसम्म लागू नहुने गरी प्रदेश सरकारले छुट दिन सक्नेछ ।

२१२. **क्षतिपूर्ति दिनु पर्ने:** सवारी साधन आपसमा ठोक्किदा हुन गएको क्षति बापत ट्राफिक नियम उलंङ्घन

गर्ने पक्षले अर्को पक्षलाई दफा १९४ बमोजिम क्षतिपूर्ति दिनु पर्नेछ ।

२१३. **सजाय नहुने:** दफा १९२ र १९३ मा लेखिएको अवस्थामा बाहेक अन्य अवस्थामा चालकको कारबाहिरको परिस्थितिबाट दुर्घटना भई कुनै हानिनोक्सानी पुग्न गएको रहेछ भने सवारी चालकलाई कुनै सजाय हुने छैन ।

२१४. **पुनरावेदन:** (१) यस ऐन बमोजिम अधिकार प्राप्त अधिकारी, प्रहरी वा यातायात निरीक्षकले गरेको निर्णय वा सजायको आदेशउपर मन्त्रालय समक्ष पुनरावेदन लाग्नेछ ।

(२) यस ऐन बमोजिम मन्त्रालयले गरेको निर्णय वा आदेशउपर सम्बन्धित उच्च अदालत समक्ष पुनरावेदन लाग्नेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा १९१ को उपदफा (१) बमोजिम अधिकार प्राप्त अधिकारीले गरेको निर्णय तथा आदेशउपर सम्बन्धित जिल्ला अदालत समक्ष पुनरावेदन लाग्नेछ ।

मधेश प्रदेश सरकार
गृह, सञ्चार तथा कानून मन्त्रालय
जनकपुरधाम, नेपाल



(४) उपदफा (१), (२) र (३) बमोजिम पुनरावेदन दिनु परे मर्का पर्ने पक्षले सुरु निर्णय वा आदेशको सूचना पाएको मितिले पैंतीस दिनभित्र दिनु पर्नेछ ।

२१५. <u>उजूर गर्ने हदम्याद र पुनरावेदन म्यादः</u> दफा १९१ र १९२ अन्तर्गतको कसूरमा प्रचलित संघीय कानून बमोजिम हुनेछ ।

२१६. <u>सरकारवादी हुनेः</u> (१) दफा १४८, १४९, १५५, १९३ र १९४ अन्तर्गतको मुद्दा सरकारवादी हुनेछ ।

(२) दफा १९१ को उपदफा (१) अन्तर्गत सजाय हुने मुद्दामा प्रदेश सरकार वादी हुनेछ र त्यस्तो मुद्दा तोकिएको अधिकारले अनुसन्धान र तहकिकात गरी दायर गर्नेछ ।

२१७. <u>बाधा अड्काउ फुकाउने अधिकारः</u> यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा अडकाउ परेमा मन्त्रालयले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी बाधा अडकाउ फुकाउन सक्नेछ ।

मधेश प्रदेश सरकार ... तथा कानून मन्त्रालय जनकपुरधाम, नेपाल

२१८. **अनुसूचीमा हेरफेर गर्न सक्ने:** प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी अनुसूचीमा आवश्यक हेरफेर गर्न सक्नेछ ।

२१९. **नियम बनाउने अधिकार:** यो ऐन कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।

२२०. **कार्यविधि वा निर्देशिका र मापदण्ड बनाउने अधिकार:** यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही मन्त्रालयले कार्यविधि, निर्देशिका र मापदण्ड बनाउन सक्नेछ ।

मधेश प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (सञ्चार तथा कानून मन्त्रालय)
जनकपुरधाम, नेपाल



## अनुसूची-१
### (दफा ३, ४, ५, ६र ८ सँग सम्बन्धित)
### सवारीको वर्गीकरण

**खण्ड (क) (दफा ३ सँग सम्बन्धित)**

ठूला सवारीः- बस, ट्रक, टयाङ्कर, दमकल, टिप्पर, डोजर, लोडर, डम्फर, क्रेन, रोलर आदि ।

**खण्ड (ख) (दफा ४ सँग सम्बन्धित)**

मझौला सवारीः- मिनिबस, मिनिट्रक, भ्यान, ट्रयाक्टर आदि ।

**खण्ड (ग) (दफा ५ सँग सम्बन्धित)**

साना सवारीः- कार, माइक्रो, जिप, भ्यान, पिकअप, पावर टिलर आदि ।

**खण्ड (घ) (दफा ६ सँग सम्बन्धित)**

दुई पाङ्ग्रे सवारीः- मोटरसाइकल, स्कुटर, मोपेड, विद्युतीय दुई पाङ्ग्रे सवारी आदि ।

**खण्ड (ङ) (दफा ७ सँग सम्बन्धित)**

तीन पाङ्ग्रे सवारीः- टेम्पो, ई-रिक्सा, अटो रिक्सा आदि ।

**अनुसूची (च) (दफा ८ सँग सम्बन्धित)**

निर्माण उपकरण सवारीः- स्काभेटर, डोजर, लोडर, रोलर, डम्फर, क्रेन आदी ।

मधेश प्रदेश सरकार
गृह सञ्चार तथा कानून मन्त्रालय
जनकपुरधाम, नेपाल



## अनुसूची-२

### (दफा ११, १२, १३, १४, १५ र १६ सँग सम्बन्धित)

### सवारीको नम्बर प्लेट

(क) **सार्वजनिक सवारी (दफा ११ को उपदफा (५) र दफा १४ को उपदफा (३) सँग सम्बन्धित):-** कालो प्लेटमा सेतो अक्षर र अङ्कमा हुनु पर्नेछ ।

(ख) **पर्यटक सवारी (दफा १२ को उपदफा (२) सँग सम्बन्धित):-** हरियो प्लेटमा सेतो अक्षर र अङ्कमा हुनु पर्नेछ ।

(ग) **गैर व्यवसायिक सवारी (दफा १३ को उपदफा (३) सँग सम्बन्धित):-** रातो प्लेटमा सेतो अक्षर र अङ्कमा हुनु पर्नेछ ।

(घ) **सरकारी सवारी (दफा १४ को उपदफा (२) सँग सम्बन्धित):-** सेतो प्लेटमा रातो अक्षर र अङ्कमा हुनु पर्नेछ ।

(ङ) **संस्थानको सवारी (दफा १५ को उपदफा (२) सँग सम्बन्धित):-** पहेँलो प्लेटमा नीलो अक्षर र अङ्गमा हुनु पर्नेछ ।

(ञ) **कूटनीतिक सवारी (दफा १६ को उपदफा (२) सँग सम्बन्धित):-** नीलो प्लेटमा सेतो अक्षर र अङ्कमा हुनु पर्नेछ ।

**द्रष्टव्यः**

१. ठूला, मझौला तथा साना (चार पाङ्ग्रे/तीन पाङ्ग्रे/दुई पाङ्ग्रे) सवारी साधनको अगाडी र पछाडी प्रयोग गर्ने नम्बर प्लेटको साइज देहाय बमोजिम हुनेछ:-

| सि.नं. | सवारीको वर्गीकरण | नम्बर प्लेटको साईज (अगाडी) | नम्बर प्लेटको साइज (पछाडी) |
|---|---|---|---|
| १. | ठूला सवारी | ५२०*११० मिलीमिटर | ३४०*२०० मिलीमिटर |
| २. | मझौला तथा साना (चार पाङ्ग्रे) सवारी | ४३०*११० मिलीमिटर | २८०*१८० मिलीमिटर |
| ३. | साना (तीन पाङ्ग्रे) सवारी | २४०*१३० मिलीमिटर | २४०*१३० मिलीमिटर |
| ४. | साना (दुई पाङ्ग्रे) सवारी | ३००*८० मिलीमिटर | २४०*१३० मिलीमिटर |

२. ठूला, मझौला तथा साना (चार पाङ्ग्रे/तीन पाङ्ग्रे/ दुई पाङ्ग्रे) सवारी साधनको अगाडी र पछाडी

…श प्रदेश सरकार
…र तथा कानून मन्त्रालय
…नकपुरधाम, नेपाल



प्रयोग गर्ने नम्बर प्लेटमा लेखिने अक्षर र अङ्कको उचाइ, चौडाई, र तिनीहरु बिचको दुरी मिलीमिटर (मि.मी.) मा देहाय बमोजिम हुनेछः-

| सि. नं. | सवारीको वर्गीकरण | अक्षरको उचाई, चौडाइ (अगाडी) | अङ्कको उचाइ चौडाइ (अगाडी) | अक्षरको उचाइ चौडाइ (पछाडी) | अङ्कको उचाइ चौडाइ (पछाडी) | अक्षर अक्षर बिचको दुरी (अगाडी) | अङ्क अङ्क बिचको दुरी (पछाडी) |
|---|---|---|---|---|---|---|---|
| १. | ठूला सवारी | उचाइ ५५ र चौडाइ ३५ | उचाइ ५५ र चौडाइ ३२ | उचाइ ६५ र चौडाइ ४१.५ | उचाइ ६५ र चौडाइ ३९ | अगाडी ८ पछाडी ८.५ | अगाडी ८ र पछाडी ८ |
| २. | मझौला तथा साना (चार पाङ्ग्रे) सवारी | उचाइ ५५ र चौडाइ ३५ | उचाइ ५५ र चौडाइ ३५ | उचाइ ६५ र चौडाइ ४१.५ | उचाइ ६५ र चौडाइ ३९ | अगाडी ८ पछाडी ८ | अगाडी ८ पछाडी ८ |
| ३. | साना (तीन पाङ्ग्रे) सवारी | उचाइ ३४ र चौडाइ २२ | उचाइ ३४ र चौडाइ २० | उचाइ ३४ र चौडाइ २२ | उचाइ ३४ र चौडाइ २० | अगाडी ८ पछाडी ८ | अगाडी ८ पछाडी ८ |
| ४. | साना (दुई पाङ्ग्रे) सवारी | उचाइ ३४ र चौडाइ २२ | उचाइ ३४ र चौडाइ २० | उचाइ ३४ र चौडाइ २२ | उचाइ ३४ र चौडाइ २० | अगाडी ८ पछाडी ८ | अगाडी ८ पछाडी ८ |

मधेश प्रदेश सरकार
न्याय तथा कानून मन्त्रालय
जनकपुरधाम, नेपाल

## अनुसूची-३

(दफा २१ सँग सम्बन्धित)

**सवारी दर्ता प्रमाणपत्रको ढाँचा**

**मधेश प्रदेश सरकार**

**................................ मन्त्रालय**

**यातायात व्यवस्था कार्यालय.................................**

सवारी दर्ता नं. –

सवारीको किसिमः-

दर्ता मितिः-

सवारी धनीको नाम, थरः-

ठेगानाः-

सवारी धनीको हस्ताक्षरः-........... अधिकृतको सहीः-

................

| सवारी धनीको फोटो |
|---|

दर्ता गर्ने अधिकारीको

हस्ताक्षरः-

मितिः-

नामसारी भएको मितिः-..............................

| सवारी धनीको फोटो |
|---|

सवारी धनीको नाम, थर, वतनः-..................................

नाम सारी गर्ने अधिकारीको

हस्ताक्षरः-

प्रमाणपत्रको नवीकरण

| नवीकरण गरेको मिति | नवीकरण म्याद पुग्ने मिति | नवीकरण गर्ने अधिकारीको सही |
|---|---|---|
| | | |

**सवारीको विस्तृत विवरणः-**

१. कम्पनीको नामः

२. सवारीको मोडेल (साल)

३. सिलिण्डर संख्याः-

४. हर्ष पावर सि.सिः

५. चेसिस नम्बरः

६. ईन्जिन नम्बरः

मधेश प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय
कानून तथा संसदीय मामिला मन्त्रालय
जनकपुरधाम, नेपाल



७. सवारीको रङ्गः

८. सिट क्षमता (चालक सहित)

९. वजनः

१०. पेट्रोल/ डिजेलः

११. रेडियो, क्यासेट प्लेयर, टेलिफोन आदी छ छैनः

१२. कुन कम्पनी वा व्यक्तिबाट खरिद गरेको हो सो कम्पनी वा व्यक्तिको नामः

१३. प्रयोगः

१४. चलाउने क्षेत्रः

१५. भन्सार निस्साः

**सवारी जाँचेको**

| सवारी जाँचेको मिति | नवीकरणको म्याद पुग्ने मिति | जाँच्ने अधिकारीको सही | कैफियत |
|---|---|---|---|
| | | | |

मधेश प्रदेश सरकार
कानून तथा कानून मन्त्रालय
जनकपुरधाम, नेपाल

## अनुसूची-४

(दफा २६ सँग सम्बन्धित)

**मधेश प्रदेश सरकार**

**.................................. मन्त्रालय**

**यातायात व्यवस्था कार्यालय..................................**

पत्र संख्याः मितिः

चलानी नं.

**बिषयः अस्थायी दर्ता नम्बर ।**

श्री ...............................................................

उपर्युक्त सम्बन्धमा व्यक्ति/ फर्म/ कम्पनी....................................... ले यस कार्यालयमा मिति ...............................................मा दिएको निवेदन र सो साथ संलग्न प्रमाणको आधारमा निम्न बमोजिमको विवरण भएको सवारी तोकिएको अवधिसम्मको लागि अस्थायी दर्ता नम्बर दिइएको छ ।

१. सवारी धनीको नाम, थर, वतनः

२. दिइएको अस्थायी नम्बरः

३. अस्थायी नम्बरको अवधीः

४. भन्सारको निस्साः

५. सवारीको निर्माताः

६. सवारीको किसिमः

७. सिलिण्डर संख्याः

८. हर्स पावर सि.सि.

९. चेसिस नम्बरः

१०. ईन्जिन नम्बरः

११. सवारीको रङ्गः

१२. सिट क्षमता (चालक सहित)

१३. वजनः

१४. पेट्रोल/ डिजेलः

१५. सवारीको पुरानो प्लेट नम्बरः

मधेश प्रदेश सरकार
विधि तथा कानून मन्त्रालय
जनकपुरधाम, नेपाल

## अनुसूची-५

**(दफा ७२ सँग सम्बन्धित)**

मधेश प्रदेश सरकार

.................................. मन्त्रालय

यातायात व्यवस्था

कार्यालय.................................

**सवारी परिचालक अनुमतिपत्र**

अ. पत्र .नं.

| जारी मिति | म्याद समाप्त मिति |
|---|---|
| | |

नामः

| फोटो |
|---|

ना.प्र.नं./ पासपोर्ट नं.

बाबु/ आमाको नामः

ठेगानाः

रक्त समूहः

| | |
|---|---|
| तपाईलाई निम्न बमोजिमको सवारीहरुको परिचालक अनुमतिपत्र दिइएको | सवारी चालकको दस्तखत.......................... |

| | |
|---|---|
| छ । <br> (क) बस <br> (ख) मिनिबस <br> (ग) ट्रक | |

अधिकारीको दस्तखतः-

मधेश प्रदेश सरकार
प्रदेश प्रमुख कार्यालय तथा कानून मन्त्रालय
जनकपुरधाम, नेपाल



# अनुसूची-६

**(दफा ८९ सँग सम्बन्धित)**

**मार्ग इजाजतपत्रको ढाँचा**

**मधेश प्रदेश सरकार**

............................ **मन्त्रालय**

यातायात व्यवस्था

कार्यालय...............................

इजाजत दिने अधिकारीको:

नाम:

पद:

दस्तखत:

मिति:

चेसिसको लम्बाई:

ईन्जिनको नम्बर:

मोडेल:

सवारी निर्माण गर्ने कम्पनी वा संस्थाको नाम र ठेगाना:

बडी तयार गर्ने कारखानाको नाम र ठेगाना:

इजाजतपत्र नं.

सवारीको किसिम:

सवारी धनी वा व्यवस्थापकको नाम र ठेगाना:

सवारी धनी वा व्यवस्थापकको दस्तखतः

सवारीको किसिमः

क्षमता..........................सवारी नम्बरः

चेसिस नम्बरः

## नामसारी

२० । । को निवेदन र मिति २० । । को दर्ता प्रमाणपत्र अनुसार श्री .................. को नामबाट ......... बस्ने श्री .........को नाममा नामसारी गरिएको छ ।

अधिकारीको दस्तखतः

मितिः

| इजाजतपत्र पाएको क्षेत्र | बहाल अवधि | इजाजतपत्र दिने वा नवीकरण गर्ने अधिकारीको दस्तखत र मिति |
|---|---|---|
| | | |

## अनुसूची-७

**(दफा १११ को उपदफा (३) सँग सम्बन्धित)**

**यातायात सेवा सञ्चालन गर्ने अनुमतिपत्रको ढाँचा**

**मधेश प्रदेश सरकार**

**................................ मन्त्रालय**

**यातायात व्यवस्था कार्यालय,...............................**

मुख्य व्यक्तिको फोटो

दर्ता नं.        दर्ता मितिः-

मधेश प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०८० को दफा १११ अनुसार देहायको सेवा सञ्चालन गर्न यो अनुमतिपत्र दिइएको छ ।

१. व्यक्ति/ फर्म/ कम्पनीको नामः

२. ठेगानाः

३. सेवा सञ्चालन हुने मुख्य स्थानः

४. सञ्चालन गर्ने सेवाको किसिमः

५. सवारी धनी/ साझेदार/ सञ्चालक (मुख्य व्यक्ति) को नाम, थर र दर्जाः

६. ठेगाना:

........................ ..........................

मुख्य व्यक्तिको दस्तखत कार्यालय प्रमुखको दस्तखत

प्रमाणीकरण मितिः२०८१।०८।१९

आज्ञाले,
उद्धव प्रसाद रिजाल
प्रदेश सचिव
गृह, सञ्चार तथा
कानुन मन्त्रालय